फागुन – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क २२ | २०७९ फागुन १६-३१ | पूर्णाङ्क ७३६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ८ | इजलास नं. ७ | ८ |
| इजलास नं. २ | ६ | इजलास नं. ८ | ११ |
| इजलास नं. ३ | ५ | इजलास नं. ९ | १० |
| इजलास नं. ४ | ४ | इजलास नं. १० | २ |
| इजलास नं. ५ | ३ | इजलास नं. १२ | १ |
| इजलास नं. ६ | ९ | इजलास नं. १३ | २ |
| **जम्मा** | **३५** | **जम्मा** | **३४** |

**कूल जम्मा ३५ + ३४ = ६९**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, फागुन – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - ६** |
| १. | उत्प्रेषण, परमादेश र प्रतिषेधसमेत | गोपालभक्त धौबन्जारसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | १ |
| २. | उत्प्रेषण, परमादेशसमेत | श्यामराज मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | १ |
| ३. | सम्बन्ध विच्छेद | सुबोध मलेकु वि. रमिला श्रेष्ठ | १ |
| ४. | लेनदेन | ओमबहादुर बस्नेतको हकमा जानकी थापा बस्नेत क्षेत्री वि. सुरेन्द्रबहादुर थापा | २ |
| ५. | उत्प्रेषणयुक्त परमादेश | नारायण रूपाखेती वि. वन तथा वातावरण मन्त्रालय सिंहदरबारसमेत | ३ |
| ६. | गोली हानी कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपेन भन्ने भुपेन्द्रप्रसाद चौधरीसमेत | ३ |
| ७. | जबरजस्ती करणी | नेपाल सरकार वि. संजय गुरूङ, संजय गुरूङ वि. नेपाल सरकार | ४ |
| ८. | सवारी ज्यान | नेपाल सरकार वि. निर्मल बुढा मगर | ५ |
| **इजलास नं. २** | | | **६ – ९** |
| ९. | बन्दी प्रत्यक्षीकरण | धर्मेन्द्र बास्तोलाको हकमा अनिमा बास्तोला भण्डारी वि. इलाका प्रहरी कार्यालय, धरान, सुनसरीसमेत | ६ |
| १०. | बन्दी प्रत्यक्षीकरण | सरोज गुरूङको हकमा कृष्ण मुरारी रौनियार वि. काठमाडौं जिल्ला अदालत | ७ |
| ११. | उत्प्रेषणसमेत | रामप्रसाद वासीसमेत वि. पशुपति क्षेत्र विकास कोष, गौशाला | ७ |
| १२. | परमादेश | हरे माझीसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबारसमेत | ८ |
| १३. | उत्प्रेषण | राधापति भट्ट वि. दशरथचन्द नगरपालिका गोठालापानी वन डिभिजन सडक उपभोक्ता समिति बैतडी | ८ |
| १४. | लागु औषध | सन्तोष श्रेष्ठ वि. नेपाल सरकार | ८ |
| **इजलास नं. ३** | | | **९ – १३** |
| १५. | डाँका चोरी | नेपाल सरकार वि. रौवाब मियाँसमेत | ९ |

| | | | |
|---|---|---|---|
| १६. | बन्दी प्रत्यक्षीकरण | विशाल खड्काको हकमा हरिचन्द्र तिमल्सेना वि. रत्नप्रकाश थापा, प्रमुख प्राड विवाक, भद्रकालीसमेत | १० |
| १७. | बन्दी प्रत्यक्षीकरण | बराहताल ZA को हकमा नवलकिशोर साह वि. सुर्खेत जिल्ला अदालतसमेत | ११ |
| १८. | कर्तव्य ज्यान | रेशम भन्ने रमेश चेपाङ वि. नेपाल सरकार | १२ |
| १९. | बन्दी प्रत्यक्षीकरण | हर्कबहादुर वि.क. को हकमा छत्र वि.क. वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत | १३ |
| **इजलास नं. ४** | | | **१३ – १५** |
| २०. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. उदिराम खत्रीसमेत | १३ |
| २१. | बन्दी प्रत्यक्षीकरण | रामेश्वर पौडेल वि. उच्च अदालत पाटनसमेत | १४ |
| २२. | वैदेशिक रोजगार | नेपाल सरकार वि. सोनम घलान, श्रीकृष्ण घिसिङ तामाङ वि. नेपाल सरकार | १४ |
| २३. | करारबमोजिम गरिपाऊँ | उत्तम खड्का वि. मु.स. गर्ने विजया पाण्डे (सिलवाल) समेत | १५ |
| **इजलास नं.५** | | | **१६ – १८** |
| २४. | जग्गा खिचोला मेटाई जग / घर भत्काई चलन | बेचनी बनियासमेत वि. विजयकुमार जयसवाल | १६ |
| २५. | उत्प्रेषणयुक्त परमादेश | लक्ष्मी थापामगर वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | १६ |
| २६. | उत्प्रेषणसमेत | आईडीपि एजुकेसन स्टुडेन्ट सर्भिसेस नेपाल प्राइभेट लिमिटेडसमेत वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमेत | १७ |
| **इजलास नं.६** | | | **१८ – २४** |
| २७. | उत्प्रेषणसमेत | ऋतुकुमारी शर्मा वि. ज्योति विकास बैंक लिमिटेड, कमलादी | १८ |
| २८. | उत्प्रेषणयुक्त परमादेश | साबित्री देवी ईनाणी (इनानी) वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगरसमेत | १९ |
| २९. | जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाऊँ | लालजी लोहार वि. राजेन्द्रकुमार बर्मा | २० |
| ३०. | बन्दी प्रत्यक्षीकरण | जयबहादुर जिरेल वि. उच्च अदालत पाटनसमेत | २१ |
| ३१. | उत्प्रेषण | यमबहादुर बस्नेतसमेत वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत | २१ |
| ३२. | निषेधाज्ञा | धरीछन राउत कुर्मीसमेत वि. रामअयोध्या भन्ने रामअयोध्या राउत कुर्मी | २२ |
| ३३. | परमादेशसमेत | नागेन्द्र यादव वि. पोखरा विश्वविद्यालयको कुलपतिसमेत | २३ |

| | | | |
|---|---|---|---|
| ३४. | निषेधाज्ञा | कुम्भराज गुरूङ वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत | २३ |
| ३५. | उत्प्रेषण परमादेशसमेत | देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत | २४ |
| **इजलास नं.७** | | | **२४ – ३३** |
| ३६. | गैंडा मारी खाग बिक्री व्यवसाय | नेपाल सरकार वि. सुस्मा खनालसमेत | २४ |
| ३७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. बिजय चापागाईँ | २८ |
| ३८. | जबरजस्ती करणी | नेपाल सरकार वि. जगदीश साहु हलुवाइ | २९ |
| ३९. | अंश | कर्णबहादुर भण्डारीसमेत वि. सुभाषचन्द्र भण्डारी | ३० |
| ४०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. साँढे भन्ने कैलाशकुमार सिंह | ३० |
| ४१. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. मिलन गुरूङ | ३१ |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पापुला तामाङ | ३१ |
| ४३. | टण्टा खिचोला हक कायम चलन | श्यामसुन्दरप्रसाद यादव वि. सखिना खातुन | ३२ |
| **इजलास नं.८** | | | **३३ – ३९** |
| ४४. | उत्प्रेषण | असरफ अली अन्सारी वि. विशेष अदालत बबरमहलसमेत | ३३ |
| ४५. | जबरजस्ती करणी | नेपाल सरकार वि. नागेन्द्र भन्ने राजेन्द्र चौहान | ३३ |
| ४६. | ठगी | नेपाल सरकार वि. गंगाबहादुर डुम्जन | ३५ |
| ४७. | बन्दी प्रत्यक्षीकरण | जङ्गबहादुर भण्डारीसमेत वि. माननीय गृह मन्त्रीसमेत | ३५ |
| ४८. | सवारी ज्यान | नेपाल सरकार वि. रबिन कुशवाहासमेत | ३६ |
| ४९. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. पर्शुराम सहनी | ३६ |
| ५०. | ठगी | नेपाल सरकार वि. रामकुमार भण्डारीसमेत | ३७ |
| ५१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. भवानी पन्त | ३७ |
| ५२. | बन्दी प्रत्यक्षीकरण | कमल सुनार कामी वि. काठमाडौं जिल्ला अदालतसमेत | ३८ |
| ५३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. बिराज बोहरा | ३९ |
| ५४. | जबरजस्ती करणी | नेपाल सरकार वि. सन्जिव वि.क. | ३९ |
| **इजलास नं.९** | | | **४० – ५३** |
| ५५. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामकुमार तामाङसमेत | ४० |

| | | | |
|---|---|---|---|
| **५६.** | बन्दी प्रत्यक्षीकरण | विजय श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत | **४१** |
| **५७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिलकुमारी भन्ने दिलकुमारी थारू | **४२** |
| **५८.** | लिखित गाली बेइज्जती | त्रिलोचन चौधरी वि. मञ्जुकुमारी चौधरी | **४४** |
| **५९.** | बन्दी प्रत्यक्षीकरण | नारायण घर्तीमगरको हकमा प्रेमा कुमारी गिरी वि. काठमाडौं जिल्ला अदालत | **४५** |
| **६०.** | लागु औषध (अफिम) | निमबहादुर सिंहसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. कर्णबहादुर शाही | **४६** |
| **६१.** | लागु औषध स्पास्मो | कमलेश प्रसाद वर्मा (कोहार) वि. नेपाल सरकार | **४९** |
| **६२.** | लागु औषध ब्राउन सुगरसमेत | किशोर भुषाल वि. नेपाल सरकार | **५०** |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. आशिष गुरूङसमेत | **५०** |

| | | | |
|---|---|---|---|
| **६४.** | बैंकिङ कसुर | नेपाल सरकार वि. जानकी पन्थी | **५२** |
| **इजलास नं.१०** | | | **५३ – ५६** |
| **६५.** | संरक्षित वन्यजन्तु ध्वाँसे चितुवाको आखेटोपहार ओसार पसार बिक्री वितरण | नेपाल सरकार वि. भिमबहादुर तामाङ | **५३** |
| **६६.** | हक कायम | मु.स. गर्ने क्यामुना शाही वि. राजकुमार बाँडे | **५४** |
| **इजलास नं.१२** | | | **५६** |
| **६७.** | बन्दी प्रत्यक्षीकरण | नन्दलाल गोपाली वि. केन्द्रीय कारागार व्यवस्थापन विभाग, कालिकास्थानसमेत | **५६** |
| **इजलास नं.१३** | | | **५६ – ६०** |
| **६८.** | कर्तव्य ज्यान | पेमनुरू शेर्पा वि. नेपाल सरकार | **५६** |
| **६९.** | वैदेशिक रोजगार कसुर | आरती गिरी वि. नेपाल सरकार | **५९** |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-WO-०९२८, उत्प्रेषण, परमादेश र प्रतिषेधसमेत, गोपालभक्त धौबन्जारसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार*

नगर विकास ऐन, २०४५ को दफा १२.२ मा निर्देशित जग्गा विकास कार्यक्रम लागु गर्ने क्रममा बाटो निर्माण गर्दा त्यस्तो जग्गाको मुखमा कुनै व्यक्तिको जग्गा पर्ने रहेछ र त्यस्तो व्यक्तिले सो जग्गा छोड्न नमानी सो बाटो खुलाउने अरू कुनै उपाय नभएमा त्यस्तो जग्गा दफा १६ बमोजिम प्राप्त गरिने छ । त्यसरी जग्गा प्राप्त गर्दा दिनुपर्ने क्षतिपूर्तिको रकममध्ये पचास प्रतिशत रकम समितिले र बाँकी पचास प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागु गरिँदा लाभान्वित हुने व्यक्तिहरूले बेहोर्नुपर्ने छ भन्ने बाध्यात्मक कानूनी व्यवस्थाको परिपालना नभएको भन्ने निवेदन जिकिरतर्फ हेर्दा, एकता मार्गको बाटो विस्तार गर्ने कार्य GLD सडकअन्तर्गत परेको सडक तथा सो सडक विस्तार गर्ने कार्य हुने भएकोले मर्कामा पर्ने जग्गाधनी र घरधनीले क्षतिपूर्तिका लागि निवेदन दिन आह्वानसमेत गरिसकेको स्थितिमा विपक्षीहरूले बाध्यात्मक कानूनी व्यवस्थाको परिपालना गरिएन भन्न मिल्ने अवस्थासमेत नदेखिने ।

सडक विस्तारको कार्य सार्वजनिक हित तथा सुविधाको लागि गरिने भएको हुँदा राज्यले सडक विस्तार गर्दा कानूनबमोजिमको प्रकिया अपनाई गर्नुपर्ने हुन्छ । श्रीएकता मार्गको बाटो विस्तार गर्दा कानूनबमोजिमको प्रक्रिया पुर्‍याई गर्नुपर्ने भन्ने निवेदन जिकिर रहेकोमा विपक्षी काठमाडौं विकास प्राधिकरणबाट निवेदकहरूलाई क्षतिपूर्ति दाबी गर्न आउन सूचनासमेत सम्प्रेषण भइसकेको र सोबमोजिम निवेदकले क्षतिपूर्ति दाबी गर्न जान सक्ने भएकोले कानूनविपरीत बाटो विस्तारको कार्य भएको नदेखिएको हुँदा उत्प्रेषणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।**

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-०१६२, उत्प्रेषण, परमादेशसमेत, श्यामराज मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सडक विस्तारको कार्य अगाडि बढी नै सकेको तथा कानूनबमोजिमको मुआब्जा / क्षतिपूर्ति दिएमा सडक विस्तार गर्न सकिने जग्गा प्राप्ति ऐन, २०३१ को कानूनी प्रावधान तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट सडक विस्तारको कार्यलाई रोक्न मनासिब नहुने हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनुपरेन । निवेदकहरूका हकमा जग्गा प्राप्ति ऐन, २०३४ को कार्य प्रणाली अवलम्बन गरी मुआब्जा / क्षतिपूर्ति दिने कार्य यथाशीघ्र गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७५-CI-०५३६, सम्बन्ध विच्छेद, सुबोध मलेकु वि. रमिला श्रेष्ठ*

पुनरावेदक / वादी र प्रत्यर्थी / प्रतिवादीका बिचमा लामो समयदेखि अंश, मानाचामल मुद्दा चली अंशसमेत लिइसकेको र प्रस्तुत सम्बन्ध विच्छेद मुद्दा पनि लामो समयदेखि चलिआई तहतह हुँदै यस

अदालतमा समेत दायर हुन आएको सन्दर्भमा निजहरू सँगै बसी लोग्नेस्वास्नीको रूपमा आपसी माया प्रेम सद्भावका साथ सहज जीवनयापन गरिरहेको भन्न मिल्ने देखिएन । यस्तो अवस्थामा उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी दुई पक्षको बिचको लोग्नेस्वास्नीको सम्बन्ध कायम राखिराख्नु उपयुक्त नहुने हुँदा सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर्‍याई भएको सुरू फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेको देखिएन । पुनरावेदन मागअनुसार सम्बन्ध विच्छेद गरिदिनु नै उपयुक्त हुने ।

अतः माथि विवेचित आधार र कारणबाट लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७२/९/१२ मा भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत पाटनबाट मिति २०७४/९/११ मा भएको फैसला मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक/वादी सुवोध मलेकु र प्रत्यर्थी/प्रतिवादी रमिला श्रेष्ठबिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल साउन १७ गते रोज ३ शुभम् ।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा. न्या.श्री कुमार रेग्मी**, *०७३-CI-०५१५, लेनदेन, ओमबहादुर बस्नेतको हकमा जानकी थापा बस्नेत क्षेत्री वि. सुरेन्द्रबहादुर थापा*

पुनरावेदक / वादीले प्रत्यर्थी / प्रतिवादीलाई गाडी पास गरी लिने भनी बुझाएको देखिएको उल्लिखित रू. ७,७५,६१६।- को ब्याज पैसा दिए बुझाएको मितिबाट नै हिसाब गरी भराइ लिन पाउनुपर्ने भन्ने पुनरावेदन जिकिरसम्बन्धमा विचार गर्दा यी दुवै पक्षबिचको गाडी खरिद बिक्री गर्ने भनी मिति २०६९/६/१० मा भएको लिखतको बेहोरामा उक्त गाडीले आजदेखि नाफा नोक्सान खती उपती जे गरे पनि खरिदकर्ता ओमबहादुर बस्नेत स्वयम् जवाफदेही हुनुपर्ने छ भनी उल्लेख गरी उक्त लिखतलाई गाडी हस्तान्तरण गरेको बेहोराको लिखत भनी उल्लेख गरेको पाइन्छ । यसबाट प्रत्यर्थी/प्रतिवादीले उक्त टिपर गाडी पैसा पूरा चुक्ता भएपछि मात्र पुनरावेदक/वादीको नाममा पास गरिदिने गरी लिखत भएकै मितिबाट चलन गर्ने र नाफा नोक्सानको जवाफदेही हुने गरी गाडी पुनरावेदक/वादी ओमबहादुर बस्नेतलाई हस्तान्तरण गरिदिएको स्पष्ट हुन्छ । यी पुनरावेदक स्वयंले फिराद पत्रमा प्रतिवादीका भाइ आई मिति २०७०/५/१८ मा आफूलाई थाहा जानकारी नै नदिई ग्यारेजबाट गाडी लगी गएको भनी उल्लेख गरेको पाइन्छ । यसबाट लिखत भएको मिति २०६९/०६/१० देखि उक्त मिति २०७०/५/१७ सम्म उक्त गाडी यी पुनरावेदक/वादीकै जिम्मा र चलनमा रही सोबाट आर्जित लाभसमेत निजले नै भोग गरेको देखिन आयो । यसरी गाडी जिम्मा लिई सोको लाभ उपभोग गर्न पाइरहेको अवस्थाको आफूले गाडी खरिद गर्न बुझाएको किस्ताको ब्याजसमेत यी पुनरावेदकलाई भराइदिनु न्यायोचित हुँदैन । गाडी आफूले चलन भोग नगरेको अवस्थामा यी पुनरावेदक/वादीले प्रत्यर्थी/प्रतिवादीलाई मिति २०६९/६/१० र मिति २०६९/११/९ मा दिएको क्रमशः रू. ५,००,०००/- र रू. २,७५,६१६/- समेत जम्मा रू. ७,७५,६१६/- र सोको कानूनबमोजिमको ब्याज लिखतबमोजिम गाडी आफ्नो नाममा लिन नपाएको अवस्थामा भराई लिन पाउने भए तापनि गाडी आफैँले चलन गरी सोको लाभ उपभोग गरेको अवस्थामा भने सो अवधिको ब्याजमा निजको दाबी पुग्न सक्दैन । गाडी पुनरावेदक/वादीबाट फिर्ता लिई निजले

चलन गर्न नपाएको मितिदेखि उक्त रूपैयाँ भरिभराउ हुँदासम्मको ब्याज मात्र यी पुनरावेदक/वादीले भराइ लिन पाउने हुन्छ । त्यसैले साँवा रू. ७,७५,६१६/- र सोको पुनरावेदक/वादीबाट गाडी फिर्ता लगेको मिति २०७०/५/१८ देखि बिगो भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याज मात्र पुनरावेदकले प्रत्यर्थीबाट भराइपाउने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको नै देखिन आउने ।

पुनरावेदकले प्रत्यर्थीलाई दिएको जम्मा रू. ७,७५,६१६/- र सोको सो रकम लिए दिएको मितिबाट बिगो भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याजसमेत पुनरावेदकले प्रत्यर्थीबाट भराइ लिन पाउने ठहऱ्याई नवलपरासी जिल्ला अदालतबाट मिति २०७१/१२/२९ मा भएको फैसला केही उल्टी गरी साँवा रकम रू. ७,७५,६१६/- र सोको मिति २०७०/५/१८ देखि बिगो भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याजसम्म पुनरावेदक/वादी ओमबहादुर बस्नेतले प्रत्यर्थी/प्रतिवादी सुरेन्द्रबहादुर थापाबाट भराइपाउने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२/१२/३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत(उपसचिव): यदुराज शर्मा

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम् ।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७७-WO-०९५१, उत्प्रेषणयुक्त परमादेश, नारायण रूपाखेती वि. वन तथा वातावरण मन्त्रालय सिंहदरबारसमेत

राज्यले आफ्नो उद्देश्यबमोजिमको सेवा प्रवाहका साथै प्रशासन सञ्चालन गर्नका लागि निजामती कर्मचारीलाई चाहेकोबखत सम्बन्धित विशेषज्ञताको आधारमा जुनसुकै क्षेत्रमा कामकाजमा खटाउन सक्ने नै हुँदा निज निवेदक नारायण रूपाखेतीलाई चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा उत्पन्न विशेष परिस्थितिका कारण सो परिस्थितिलाई समाधान गर्नका लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा प्रमुख संरक्षण अधिकृतको रूपमा खटाइएकोमा हाल निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा काजमा खटाएको कार्य कानूनसङ्गत नै देखिन आयो । साथै, प्रचलित निजामती सेवा ऐन, २०४९ तथा निजामती नियमावली, २०५० बमोजिम निजलाई सरूवा गर्न सक्ने अधिकार अख्तियारवालामा निहित नै रहेको अवस्था हुँदा उपयुक्त समयमा निजलाई कानूनबमोजिम सरूवा गर्न सकिने नै भएकोले हाल काज भएको विषयका सम्बन्धमा अन्यथा भएको भनी निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अपरिहार्यता नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल भाद्र २१ गते रोज २ शुभम् ।**

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-१३६९,१४५५, १४५६,१४५७, १६०७, ०७४-RC-००३२, *गोली हानी कर्तव्य ज्यान, नेपाल सरकार वि. भुपेन भन्ने भुपेन्द्रप्रसाद चौधरीसमेत, विशेश्वर राय भन्ने विशे राय वि. नेपाल सरकार, सियाराम यादव वि. नेपाल सरकार, अजय चौधरी वि. नेपाल सरकार, विवेककुमार यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. भुपेन भन्ने भुपेन्द्रप्रसाद चौधरी*

सुरू सिराहा जिल्ला अदालतबाट प्रतिवादीहरू भुपेन्द्रप्रसाद चौधरी, पर्शुराम चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ अनुसार सर्वस्वसहित जन्म कैद, अजयकुमार चौधरी, विवेककुमार यादव, सियाराम यादवलाई आरोपित कसुरबाट सफाइ, पर्शुराम चौधरी र सितलप्रसाद चौधरीलाई ऐ. महलको १७ नं. को देहाय ३ अनुसार २

वर्ष कैद हुने ठहऱ्याई मिति २०६९/११/१५ मा भएको फैसला र प्रतिवादीहरू दिनेश सिंह र विशेश्वर भन्ने विसे रायलाई सफाइ हुने ठहऱ्याई २०७१/१/७ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू भुपेन्द्रप्रसाद चौधरी र पर्शुराम चौधरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार जन्मकैद, सितलप्रसाद चौधरीलाई ऐ. महलको १६ नं. बमोजिम १० वर्ष कैद र प्रतिवादीहरू अजयकुमार चौधरी, विवेक यादव, सियाराम यादव, विशेश्वर राय भन्ने विशे राय र दिनेश सिंहलाई ऐ. महलको १७ नं. को देहाय २ अनुसार ५ वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७३/५/१३ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

प्रतिवादीहरू भुपेन्द्रप्रसाद चौधरी, पर्शुराम चौधरी र सचिनकुमार चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार जन्मकैद हुने ठहऱ्याई भएको फैसला साधक जाँचका लागिसमेत पेस हुन आएकोले साधकसमेत सदर हुने । प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सफाइ पाउँ भन्ने प्रतिवादीहरू अजयकुमार चौधरी, विवेक यादव, सियाराम चौधरी, विशे रायको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल साउन २१ गते रोज ५ शुभम् ।**

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०७८६, ०७६-CR-०४७०, जबरजस्ती करणी, नेपाल सरकार वि. संजय गुरूङ, संजय गुरूङ वि. नेपाल सरकार*

जाहेरवालाको मौकाको कागज र अदालतको बकपत्र, पीडितको मौका तथा अदालतमा भएको बकपत्रलगायतमा जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको देखिन्छ । तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भनी सोही (ग) मा "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिने छ" (घ) मा "गुद्द्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाबमोजिम जबरजस्ती करणीको सबैभन्दा बलियो र भरपर्दो प्रमाण भनेको स्वास्थ्य परीक्षण प्रतिवेदनलाई लिनुपर्ने हुन्छ । स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणी भएको भन्ने कुनै चिह्न तथा लक्षण केही नभएको भन्ने पीडित र पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदन, Swab परीक्षण प्रतिवेदनका साथै स्वास्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्रसमेतबाट खुल्न आएको देखिन्छ । साथै प्रतिवादीले आफ्नो लिङ्ग पीडितको गुद्द्वार वा मुखमा पसाएको भनी पीडितले भनेकोसमेत नदेखिएकोले जबरजस्ती करणीको वारदात स्थापित हुन सकेन । वारदात भएको मिति र समय ३:३० बजे नै यी प्रतिवादी संजय गुरूङ उक्त वारदातस्थलमा रहेको भन्ने निज प्रतिवादीको स्वीकारोक्ति बयान र वारदातस्थलबाट प्रतिवादीको डायरी, नगद, परिचयपत्रलगायतका सामाग्रीहरू बरामद हुनु, प्रत्यक्षदर्शी पीडितको भाइ रन्जन थपलियाले आफूलाई देखेपछि वारदातस्थलबाट हतार हतार पाइन्ट लगाउँदै भागी गएको देखेको हुँ, दिदीको एउटा खुट्टामा सुरूवाल थिएन अर्को खुट्टामा झुण्डिएको थियो, दिदी नाङ्गै भएको भन्ने रञ्जन थपलियाको बकपत्र, जबरजस्ती करणी भएको भन्ने कुनै चिह्न तथा लक्षण केही नभएको भन्ने पीडित र पीडकको स्वास्थ्य

परीक्षण प्रतिवेदन, Swab परीक्षण प्रतिवेदनका साथै स्वास्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्रलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादीले करणी गर्ने उद्देश्यबाट पीडितलाई घरभित्र लगी निजको संवेदनशील अंगहरू चलाएको, यौनजन्य अंगहरूमा चुम्बन गरेको, पीडितको सुरूवाल खोलेको, आफ्नो पाइन्ट खोली जबरजस्ती करणी गर्ने प्रयास गरेको तर त्यहीबिचमा पीडितको भाइ रञ्जन थपलियाको उपस्थितिका कारण जबरजस्ती करणी गर्न भने नभ्याएको भन्ने तथ्य पुष्टि भएको देखिन आउने।

मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीले पीडित नवलपरासी R कुमारीलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. मा विवेचित जबरजस्ती करणीको उद्योगसम्म गरेको पुष्टि हुन आएकोले सोही जबरजस्ती करणीको ५ नं. को कानूनी व्यवस्थाबमोजिम निजलाई ४ वर्ष कैद हुने भनी सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासबाट भएको फैसला अन्यथा मान्न नसकिने।

वारदातमा यी प्रतिवादी संजय गुरूङले परिवर्तित नाम पीडित नवलपरासी R कुमारीलाई जबरजस्ती करणीको प्रयास गरेको भन्ने कुरा प्रमाणित भएकोले निजलाई जबरजस्ती करणीको ५ नं. बमोजिम ४ वर्ष कैद हुने भई निज प्रतिवादीलाई ऐ. महलको ३ को देहाय ३ नं. बमोजिम सजाय गरी ३क नं. बमोजिम थप सजाय गरी ऐ. महलको १० नं. र १० ग नं. बमोजिम पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने हदसम्मको अभियोग मागदाबी पुग्न सक्दैन भनी सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।५।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तथा अभियोग दाबीबाट पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादी संजय गुरूङको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल भाद्र २५ गते रोज ६ शुभम्।**

*८*

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-CR-०२८१, सवारी ज्यान, नेपाल सरकार वि. निर्मल बुढा मगर*

प्रस्तुत वारदातमा टिपरको गति २५/३० किलोमिटर प्रतिघण्टा रहेको, अगाडिपट्टि जेब्रा क्रसको नजिक माइक्रो बस रोकी यात्रुहरू झारिरहेको अवस्थामा माइक्रोबसलाई ओभरटेक गरी अगाडि बढ्नेक्रममा माइक्रो बसको अगाडिबाट ८४ वर्षकी वृद्धा महिला विष्णा भट्टराईले बाटो काटिरहेको अवस्थामा चालकले एक्कासी ब्रेक लगाउन प्रयास गर्दागर्दैको क्रममा नै उक्त दुर्घटना भएको भन्ने देखिन आयो। यसबाट उक्त वारदातमा यी चालक प्रतिवादी निर्मल बुढामगरले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा विवेचित कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरबाहीपूर्वक सवारी चलाएको भन्ने कुरा पुष्टि हुन नसकेकोले वादी नेपाल सरकारको सो हदसम्मको पुनरावेदन जिकिर पुग्न नसक्ने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) मा "कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जनुसकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। उपर्युक्त कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीले पैदल यात्रीले बाटो काट्ने सङ्केत चिह्न भएको स्थानमा आफूले चलाएको

सवारी साधन आफ्नो नियन्त्रणमा राखी सावधानीपूर्वक चलाउनुपर्नेमा आफूले चलाएको सवारी साधन आफ्नो नियन्त्रणमा राख्न नसकी उक्त वारदात घटेको भन्ने देखिन्छ। यसप्रकार उक्त वारदात सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) मा विवेचित कसुर पुष्टि हुन आएकोले प्रतिवादीले गरेको कसुरको प्रकृतिसमेतलाई मनन गरी सोही दफाबमोजिम (१) एक वर्ष कैद र रू.२,०००।– (दुई हजार) जरिवाना गर्नुपर्ने देखिन आयो । अभियोग मागदाबीबमोजिम प्रतिवादी निर्मल बुढा मगरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर अपराधमा सोही ऐनको दफा १६१(२) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

मिति २०७४।१०।११ गते दिनको ९:२० बजेको समयमा बुटवलबाट भैरहवातर्फ जाँदै गर्दा जानकीनगर स्थित जेब्रा क्रसिङमा प्रतिवादीले तीव्र गतिमा चलाएको टिप्परले ८४ वर्षीया वृद्धा विष्णा भट्टराईलाई ठक्कर दिई उक्त जेब्रा क्रसिङबाट ३७ फिट टाढा घिसारी निजको मृत्यु भएको मिसिल संलग्न सडक दुर्घटना प्रतिवेदन एवम् घटनास्थल मुचुल्काबाट देखिएको, उक्त टिपर तीव्र गतिमा थियो भन्ने कुरा प्रतिवादीले स्वीकार गरी बयान गरेको, वारदातको अवस्थासमेतलाई मध्यनजर गर्दा निज प्रतिवादी निर्मल बुढामगरलाई न्यूनतम सजाय ४ (चार) महिना कैद र रू.२,०००।- जरिवाना गर्ने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७५।२।२४ मा भएको फैसला मिलेको नदेखिँदा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम १०(दश) महिना कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।४।२२ मा भएको फैसला कैद तथा जरिवानाको हकसम्म नमिलेकोले केही उल्टी भई प्रतिवादी निर्मल बुढामगरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम (१) एक वर्ष कैद र रू.२,०००।– (दुई हजार) जरिवाना हुने ठहर्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल भाद्र २५ गते रोज ६ शुभम्।**

**इजलास नं.२**

**९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-०२३३, बन्दीप्रत्यक्षीकरण, धर्मेन्द्र बास्तोलाको हकमा अनिमा बास्तोला भण्डारी वि. इलाका प्रहरी कार्यालय, धरान, सुनसरीसमेत*

पटकपटक यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई बन्दीलाई थुनामुक्त गर्नासाथ तत्कालै पक्राउ गरी निरन्तर थुनामा राख्ने कार्यलाई विपक्षीहरूले जारी राखेको देखिँदा केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा गरेको देखाई निवेदकलाई हिरासतमा राख्ने कार्यलाई अदालतको आदेशको पालना गर्नमा वाञ्छित संवेदनशीलता नअपनाएको र निवेदकउपर प्रवृत्त धारणा राखी संविधान एवम् कानूनविपरीत बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखिएको ।

अतः निवेदक धर्मेन्द्र बास्तोलालाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने काम कानूनसम्मत नभई गैरकानूनी देखिन आएकोले निवेदकको मागअनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीहरूका नाममा

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर: हर्कमाया राई

**इति संवत् २०७७ साल फागुन १० गते रोज २ शुभम् ।**

**१०**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-००६२, बन्दीप्रत्यक्षीकरण, सरोज गुरूङको हकमा कृष्ण मुरारी रौनियार वि. काठमाडौं जिल्ला अदालत*

रिट निवेदक सरोज गुरूङलाई भएको कैदको सजाय भुक्तान भई मिति २०७८।०५।२५ देखि जरिवानाबापत कैद बसेको देखिँदा बढी कैद बसेको दिनको दैनिक रू.३००।- को दरले जरिवानामा कट्टा गरी बाँकी रहन आएको जरिवाना रकम निज प्रतिवादी सरोज गुरूङले बुझाउन ल्याए निजबाट बुझी यी रिट निवेदकलाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा थुना मुक्त गरिदिनु र नबुझाए निजलाई लागेको जरिवानाबापत हुने बाँकी अवधिको लागि दैनिक रू.३००।- को दरले कैद ठेकी संशोधित कैदी पुर्जी दिनु भनी प्रत्यर्थी काठमाडौं जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने । परमादेशको आदेशबाट निवेदकले माग गरेको कानूनी उपचार प्राप्त हुने नै हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको सो मागसम्म खारेज हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७८ साल कार्तिक १७ गते रोज ४ शुभम् ।**

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WO-०६७४, उत्प्रेषणसमेत, रामप्रसाद वासीसमेत वि. पशुपति क्षेत्र विकास कोष, गौशाला ।*

निवेदनमा उल्लिखित विषयमा वैकल्पिक साधारण उपचारको माग पर्याप्त छ, छैन भन्ने सन्दर्भमा विचार गर्दा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ मा बोलपत्रको कुनै सर्त वा प्रक्रियाका सम्बन्धमा चित्त नबुझेमा सार्वजनिक निकायका प्रमुखसमक्ष निवेदन दिन सकिने व्यवस्था गरिएको पाइन्छ । सो व्यवस्था अनुसार सार्वजनिक निकायले खरिद काराबाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई बोलपत्रदाता वा प्रस्तावदाताले अवधि तोकेको भए सो अवधिभित्र र अवधि नतोकिएको भए त्यस्तो त्रुटि गरेको वा कर्तव्य पालना नगरेको कुरा थाहा पाएको ७ दिनभित्र त्यस्तो सार्वजनिक निकायले कुन काम गरेको वा नगरेको कारणले त्रुटि हुन गएको वा कर्तव्य पालना नभएको हो, कुन ऐन, नियम वा निर्देशिका विपरीत कार्य भएको छ भन्नेसमेत स्पष्ट रूपमा खुलाई सम्बन्धित सार्वजनिक निकायको प्रमुखसमक्ष उक्त त्रुटि वा निर्णयको पुनरावलोकनको लागि निवेदन दिन सकिन्छ । त्यस्तो निवेदनको सम्बन्धमा छानबिन गर्दा, सत्य देखिएमा सार्वजनिक निकायका प्रमुखले खरिद कारबाही निलम्बन गरी सो निवेदन प्राप्त भएको ५ दिनभित्र कारण खुलाई लिखित निर्णय गर्नुपर्ने व्यवस्था रहेको छ । साथै तोकिएको रकमभन्दा बढी रकमको खरिद काराबाहीका सम्बन्धमा भएमा दफा ४७ बमोजिम सार्वजनिक निकायको प्रमुखले ५ दिनभित्र निर्णय नगरेमा वा निजले गरेको निर्णयमा चित्त नबुझेमा पुनरावलोकनको लागि पुनरावलोकन समितिमा निवेदन दिन सकिने व्यवस्था पनि सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४९ मा रहेको पाइन्छ । यसरी २ तहको प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै निवेदकले सोसमेत अनुशरण गरेको नदेखिने ।

अत: निवेदक आफैँ प्रि-बिडिङ मिटिङमा उपस्थित भई उक्त मिटिङबाट भएका निर्णय स्वीकार गरी माइन्युटमा सही गरेको र सो निर्णयअनुसार टिप्पणी आदेश भई बोलपत्रका सर्तहरू परिमार्जन

समेत भइसकेको अवस्थामा पहिलेकै अङ्क उल्लेख गरी निवेदन लिई आएको तथा रिट निवेदक सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७, दफा ४९ को प्रक्रियामा नगई कानूनद्वारा निर्धारित वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्रबाट प्रवेश गरेकोसमेतबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७८ साल फागुन ४ गते रोज ४ शुभम्।**

**१२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-WO-०७५४, परमादेश, हरे माझीसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबारसमेत।*

निवेदकहरूले आफ्नो र आफ्नो परिवारको स्वामित्वमा रहेको जग्गा लोकमार्गमा परेको भनी सोको मुआब्जा, क्षतिपूर्ति दाबी गरी प्रत्यर्थी मन्त्रालय तथा विभागमा निवेदन दिइसकेपछि उक्त निवेदनहरूमा यति लामो अवधिसम्म यी निवेदकहरूले क्षतिपूर्ति पाउने हुन् वा होइनन् भन्ने सम्बन्धमा कुनै निकासा नदिई राख्ने प्रत्यर्थीहरूको कार्यलाई स्वाभाविक मान्न मिल्ने नदेखिने। कुनै पनि निकायले आफूसमक्ष परेका निवेदनहरूमा प्रचलित कानूनबमोजिम उचित समयभित्र उचित निकासा दिनु सो निकायको कानूनी दायित्व नै हुन जाने।

अतः पुष्पलाल (मध्यपहाडी) लोकमार्ग निर्माण गर्दा यी निवेदकहरूको के कति घर जग्गा परेको छ र निवेदन मागबमोजिम निवेदकहरूले क्षतिपूर्ति पाउने हो वा होइन यकिन निर्णय गर्नु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम्।**

**१३**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-WO-०५८८, उत्प्रेषण, राधापति भट्ट वि. दशरथचन्द नगरपालिका गोठालापानी वन डिभिजन सडक उपभोक्ता समिति बैतडी*

सडक निर्माणको कार्य सम्पन्न भई सार्वजनिक सडक सञ्चालनमा समेत आइसकेकोमा सो तथ्य लुकाई सडक निर्माण गर्ने आशंका रहेको भनी रिट निवेदकको प्रस्तुत रिट निवेदन करिब ९(नौ) वर्षपछि मिति २०७३।०९।११ मा परेको देखिन आएको।

अतः रिट निवेदक सफा हात नलिई र विलम्ब गरी अदालतमा प्रवेश गरेको तथा सडक निर्माण काम नै सम्पन्न भइसकेको देखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: हर्क माया राई

**इति संवत् २०७८ साल वैशाख ५ गते रोज १ शुभम्।**

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१४९१, लागु औषध, सन्तोष श्रेष्ठ वि. नेपाल सरकार।*

प्रतिवेदक रमेशबाबु थापामगरले अदालतमा बकपत्र गरेबाहेक वादीले अरू कुनै प्रमाण अदालतमा पेस गर्न सकेको देखिँदैन। प्रतिवेदक रमेशबाबु थापामगरले गरेको बकपत्रमा समेत लागु औषध सेवन गरी लट्ठ परेको अवस्थामा चेक गर्दा निजको पाइन्टको खल्तीबाट लागु औषध बरामद भएको हो भन्ने बेहोरा उल्लेख भएबाट पुनरावेदक प्रतिवादीले लागु औषधको कारोबार गर्ने उद्देश्यबाट बरामद भएको लागु औषध खरिद गरी राखेको भन्ने देखिँदैन। अनुसन्धानबाट यी प्रतिवादीले सेवनबाहेक बिक्री वितरणसमेत गर्ने गरेको र बरामदी लागु औषध को कसलाई, के कसरी बिक्री

वितरण गर्ने गरेको सो यकिन गरी खुलाएको देखिन नआउने।

प्रतिवादी पक्राउ पर्दा बिक्री वितरण गर्दैछन् भन्ने सूचना आएको भनी प्रतिवेदकले भनेको अवस्थासमेत छैन। प्रतिवादीले आफूले सेवन गर्ने कुरा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा नै उल्लेख गरिसकेका र अदालतमा समेत सेवन प्रयोजनार्थ ल्याएको भनेका छन्। मिसिल संलग्न लुम्बिनी अञ्चल अस्पताल बुटवलको उपचार पुस्तिकाबाट प्रतिवादी सन्तोष श्रेष्ठलाई लुम्बिनी अञ्चल अस्पताल बुटवलले फेनेरागन र डाइजेपाम जस्ता लागु औषधमिश्रित औषधी प्रेसक्राइभ (prescribe) गरेको पत्रबाट देखिन्छ। बरामद भएको लागु औषध सेवन प्रयोजनकै लागि राखेको भन्ने कुरा पुनरावेदक लागु औषध सेवन गरी लट्ठ परेकै अवस्थामा पक्राउ परेका र सोही अवस्थामा लागु औषध बरामद भएबाट समेत पुष्टि हुन्छ। प्रतिवादी सन्तोष श्रेष्ठले साथीको सङ्गतबाट लागु औषध सेवन गर्न सिकेका र सेवन गर्ने प्रयोजनका लागि नै लागु औषध आफ्नो साथमा राखेका हुनसक्छन् भनी प्रतिवादीका साक्षी घरधनी सरिता चन्दले गरेको बकपत्रसमेतबाट प्रतिवादी कारोबारी नभई सेवनकर्ता रहेको पुष्टि हुन्छ। निजको साथबाट लागु औषध बरामद भएको र निजले स्वयम् उक्त तथ्य स्वीकार गरिसकेको र लागु औषधको प्रकृति र परिमाणसमेतलाई विचार गर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को सेवनतर्फको कसुरमा निजको संलग्नता रहेको देखिन आयो। प्रतिवादीको अदालतको बयान, प्रतिवेदकको बकपत्र, बरामद भएको लागु औषधको मात्रा र परिमाण, प्रतिवादीको साक्षीको बयानसमेतका आधारमा प्रतिवादी लागु औषधको सेवनकर्ता रहेको भन्ने देखिएको र मिसिल संलग्न प्रमाण कागजहरूबाट यी प्रतिवादीले लागु औषध कारोबार गरेको भन्ने तथ्य नै स्थापित हुन नसकेको अवस्थामा यी प्रतिवादी सन्तोष श्रेष्ठलाई कारोबारतर्फ सजाय गर्ने गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको देखिन नआउने।

अतः रुपन्देही जिल्ला अदालतबाट मिति २०७४।०३।०६ गते यी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) (ङ) र (च) को कसुर कायम गरी सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.१०,०००।– (दश हजार) जरिवाना गर्ने ठहरी भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।८ मा भएको फैसला केही उल्टी भई निज प्रतिवादी सन्तोष श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. ऐनको दफा १४(१) (ङ) बमोजिम १ (एक) वर्ष कैद र रू. १०,०००।– (दश हजार रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: लक्ष्मी राना

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७८ साल फागुन २ गते रोज २ शुभम्।**

## इजलास नं.३

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७७-CR-००८६ (०१-०७७-००३७४), डाँका चोरी, नेपाल सरकार वि. रौवाब मियाँसमेत*

जाहेरवालाको हुलिया तथा किटानी जाहेरी दरखास्त बेहोरा, निजको अदालतको बकपत्र, प्रत्यक्षदर्शी विनोद तेलीसमेतका घटना विवरण कागज गर्ने व्यक्तिहरूले गरेका कागज र निजहरूको अदालतको बकपत्रसमेतबाट यी प्रतिवादीहरूले जाहेरवालालाई डरधाक देखाई, काट्छु, मार्छु भनी धम्की दिई, कुटपिट गरी निज जाहेरवाला र विनोद तेलीलाई ढोकामा थुनी बाहिर निस्कन नदिई जाहेरवालाको पसलमा रहेको रू.२,०००।- बराबरको एनसेलको रिचार्ज कार्डसम्म

जबरजस्तीको रीतबाट चोरीको वारदात घटाएको भन्ने भनाइ पुष्टि हुन आएको देखिने।

बरामद हुन नसकेका जाहेरवालाको नगद तथा मोबाइल जबरजस्ती चोरी गरेको ठहऱ्याएको र जाहेरवालाको बिगो भराउनेतर्फ नबोलेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला केही उल्टी गरी यी प्रतिवादीहरू ईबरान भन्ने मोहम्मद लाइक मुसलमान र रौवाब मियाँले जाहेरवालाको घर पसलबाट रू.५०।- र रू.१००।- दरका जम्मा रू.२,०००।- मोल बराबरको एनसेलका रिचार्ज कार्डहरूसम्म मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीत ४ नं.बमोजिम जबरजस्तीको रीतबाट चोरीको कसुर अपराध गरेको भन्नेसम्म पुष्टि भएकोले निज प्रतिवादीहरूले जाहेरवालाको सटरमा लगाएको ताल्चा तोडी जाहेरवाला राजु तेलीलाई कुटपिटसमेत गरी तत्कालीन मुलुकी ऐन, चोरीको महलको १ नं.र ४ नं.बमोजिम जाहेरवालाको बिगो रू.२,०००।- (दुई हजार रूपैयाँ) बराबरको एनसेलको रिचार्ज कार्डसम्म जबरजस्तीको रीतसँग चोरी गरेको ठहऱ्याई निज प्रतिवादीहरूलाई ऐजन ऐनको १४(२) नं.बमोजिम डेढी बढाई जनही एक महिना पन्ध्र दिन कैद र बिगोको डेढी रू.३,०००।- जरिवाना हुने र बिगो रू.२,०००।- प्रतिवादीहरूबाट जाहेरवालालाई भराइदिने ठहऱ्याई उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७६।०५।१० मा भएको फैसला मिलेको देखिएको स्थितिमा सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउन वादी नेपाल सरकारको तर्फबाट लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीहरू रौवाब मियाँ र इबरान भन्ने मोहम्मद लाइक मुसलमानले मुलुकी ऐन, चोरीको १, ४ नं.बमोजिमको कसुर गरेको ठहर गरी ऐजनको १४(२) नं.बमोजिम जनही १ महिना १५ दिन कैद र ४,५९,०००।- बिगो कायम गरी सोको डेढीले हुने जरिवाना गरी भएको फैसला केही उल्टी गरी यी प्रतिवादीहरू ईबरान भन्ने मोहम्मद लाइक मुसलमान र रौवाब मियाँले जाहेरवालाको पसलबाट बिगो रू.२,०००।- को एनसेलको रिचार्ज कार्डसम्म जबरजस्तीको रीतले चोरी गरेको ठहरी मुलुकी ऐन, चोरीको महलको १, ४ नं.को कसुरमा सोही ऐनको १४(२) नं.बमोजिम जनही १(एक) महिना १५(पन्ध्र) दिन कैद र बिगोको डेढी रू.३,०००।- (तीन हजार रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादीहरूले जबरजस्तीका रीतसँग चोरी गरेको उक्त बिगो रू.२,०००।- (दुई हजार रूपैयाँ) प्रतिवादीहरूबाट जाहेरवालालाई भराइदिनेसमेत ठहऱ्याई भएको उच्च अदालत तुलसीपुर बुटवल इजलासको मिति २०७६।५।१० को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: रवि दुवाल

**इति संवत् २०७७ साल पुष १५ रोज ४ शुभम्।**

१६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००८७, बन्दीप्रत्यक्षीकरणसमेत, विशाल खड्काको हकमा हरिचन्द्र तिमल्सेना वि. रत्नप्रकाश थापा, प्रमुख प्राड विवाक, भद्रकालीसमेत*

यस अदालतको मिति २०७८।१।१३ गतेको आदेश (फैसला) अनुसार निवेदक र निवेदकसँग सम्बन्धित जाहेरी दरखास्तलगायतका सङ्कलित कागजातहरू जिल्ला प्रहरी कार्यालय, लमजुङमा प्राप्त नभएको कारण निवेदकउपरको कारबाही प्रक्रिया अगाडि बढ्न नसकेको कुरामा विवाद देखिएन। यस अदालतको मिति २०७८।१।१३ गतेको परमादेशको आदेशले निवेदकसँग सम्बन्धित जाहेरी दरखास्तसमेतका कागजात विपक्षी समरी जनरल सैनिक अदालतसमेतले जिल्ला प्रहरी कार्यालय, लमजुङमा पठाउने भनेकोमा उल्लिखित कागजात प्रस्तुत रिट निवेदन दायर भएपछि समरी जनरल

सैनिक अदालतसमेतका सैनिक निकायले मिति २०७८।८।१० गते मात्र जिल्ला प्रहरी कार्यालय, लमजुङमा फिर्ता पठाएको भन्ने कुरा सैनिक निकायको लिखित जवाफबाट देखिन्छ । यस अदालतको ०७८-WH-०१०० को बन्दीप्रत्यक्षीकरणको निवेदनमा जारी गरेको आदेश कार्यान्वयन गर्न लेखिएका पत्रहरू एवम् विपक्षीहरू समेतबाट यससम्बन्धमा देखाइएका तदारूकताबाट निवेदकको हकमा भएका काम कारबाहीहरू जवाफदेहिताका साथ कार्यान्वयन गरेको नदेखिने ।

तसर्थ, निवेदकको माग तथा लिखित जवाफको बेहोरासमेतका तथ्य एवम् आधार कारणहरूबाट यस अदालतको मिति २०७८।१।१३ गतेको परमादेशको आदेश कार्यान्वयन गर्न अब निवेदकलाई जिल्ला प्रहरी कार्यालय, लमजुङमा पठाउनुपर्ने देखियो । निजलाई आज यस अदालतमा उपस्थित गराएको देखिँदा निवेदकलाई निवेदन मागबमोजिम अविलम्ब जिल्ला प्रहरी कार्यालय, लमजुङमा बुझाई निवेदकउपरको कारबाही अगाडि बढाउन यस अदालतका रजिस्ट्रारमार्फत जिल्ला प्रहरी कार्यालय, लमजुङमा पठाउने व्यवस्थापनार्थ आवश्यक प्रबन्ध मिलाई यस अदालतबाट मिति २०७८।१।१३ गते ०७५-WH-०१०० को रिट निवेदनमा भएको आदेशबमोजिमको कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी यो परमादेशको आदेश जारी गरिदिएको छ । यस अदालतको पूर्वआदेशअनुसारको परमादेशको आदेशबमोजिम निवेदकउपर अनुसन्धान गर्ने कार्य बाँकी नै रहेको हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ मङ्सिर १९ गते रोज १ शुभम् ।**

**१७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-०१०९, बन्दीप्रत्यक्षीकरण, बराहताल ZA को हकमा नवलकिशोर साह वि. सुर्खेत जिल्ला अदालतसमेत*

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७), मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) ले समेत १६ वर्ष उमेर पूरा नगरेको बालबालिकालाई जघन्य र गम्भीर कसुरमा बाहेक कैदको सजाय गरिने छैन भन्ने व्यवस्था रहेको तथा यी निवेदकलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. को अभियोग लगाएकोमा तत्काल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिमको सजायको मागदाबीका आधारमा अधिकतम ३ वर्षसम्म मात्र कैदको सजाय हुने व्यवस्था रहेको परिप्रेक्ष्यमा कैदको सजाय असुल गर्ने सिलसिलामामा नै निजलाई बालसुधार गृह, सानोठिमी, भक्तपुरमा राखेको मिसिल संलग्न सुर्खेत जिल्ला अदालतको च.नं.०५ मिति २०७८।४।३ को कैदी पुर्जी एवम् श्री बालसुधार गृह, सानोठिमी, भक्तपुरको लिखित जवाफबाट देखिँदा निज निवेदकको थुना गैरकानूनी देखिन आएको ।

अधिकारक्षेत्रको अभावमा १६ वर्षभन्दा कम उमेरका नाबालिगलाई कैदको सजाय गर्न नपाउने कानूनी व्यवस्थाको प्रतिकूल कैदको सजायबापत यी रिट निवेदक परिवर्तित नाम बराहताल ZA लाई थुनामा राख्ने प्रयोजनका लागि बालसुधार गृह, सानोठिमी, भक्तपुरमा राखेको थुना गैरकानूनी देखिएको हुँदा सो गैरकानूनी थुनाबाट निवेदक परिवर्तित नाम बराहताल ZA लाई थुनामुक्त गर्न सुर्खेत जिल्ला अदालतका नाममा बालसुधार गृह, सानोठिमी, भक्तपुरबाट तत्काल झिकाई अभिभावक वा संरक्षकको जिम्मा लगाइदिने

सम्बन्धमा आवश्यक काम कारबाही तत्काल अघि बढाउनु भनी बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने ।

इजलास अधिकृत (उपसचिव): कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ पौष १६ गते रोज ६ शुभम् ।**

**१८**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२२३४, ०७५-CR-२२३५, ०७५-CR-२२३६, कर्तव्य ज्यान, रेशम भन्ने रमेश चेपाङ वि. नेपाल सरकार, सन्देश चेपाङ वि. नेपाल सरकार, धनबहादुर चेपाङ वि. नेपाल सरकार ।*

प्रतिवादीहरूउपर किटानी जाहेरी परेको र प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष एवम् अदालतमा समेत अभियोग दाबीबमोजिमको कसुर स्वीकार गरी बयान गरेको, प्रत्यक्षदर्शी साजन चेपाङको बकपत्रले सो कुरा समर्थित भइरहेकोसमेतका विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूबिच मृतक हस्तबहादुरलाई मार्ने सल्लाह भई योजना बनाई प्रतिवादी धनबहादुर चेपाङले मार्नको लागि वचन दिई, प्रतिवादीद्वय रेशम भन्ने रमेश चेपाङ र सन्देश चेपाङलाई रक्सी र प्लास्टिकको डोरी दिई पठाएपछि निजहरूले मृतकलाई रक्सी खुवाएर प्रतिवादी रेशम भन्ने रमेश चेपाङले मृतकको घाँटीमा डोरी कसी लडाई अर्का प्रतिवादी सन्देश चेपाङसमेत भई दुवैले डोरीले घाँटी कसेर मृतकलाई मारेपछि पूर्वसल्लाहअनुसार धनबहादुरलाई बोलाई रेशम भन्ने रमेश चेपाङ र निज धनबहादुरले लास बोकी जङ्गलमा फालेको निर्विवाद पुष्टि भएको देखिने ।

प्रतिवादीहरूद्वारा मृतकलाई मार्ने नियतले योजना बनाई, एक जनाले वचन दिई मार्ने साधनको जोहो गरिदिएका र यी प्रतिवादीहरू दुईजनाले मृतकलाई नृशंस ढङ्गले हत्या गरेको देखिएको छ । मृतकको ज्यानै लिने मनसाय राखी सोही मनसायअनुरूप आपराधिक कार्य गरी मारेकोले यस वारदातमा प्रतिवादीद्वय रेशम भन्ने रमेश चेपाङ र सन्देश चेपाङको हत्या गर्ने मनसाय (MENS REA) र आपराधिक कार्य (ACTUS REUS) दुवै रहेकोले दुवै प्रतिवादीहरूलाई सजाय कम गरिदिनुपर्ने कुनै आधार कारणहरू देखिन नआउने ।

अत: प्रतिवादीमध्येका धनबहादुर चेपाङले १३(४) नं. र प्रतिवादीद्वय रेशम भन्ने रमेश चेपाङ र सन्देश चेपाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको१३(३) नं. को कानूनी व्यवस्थाअनुरूप कसुर गरेकोले प्रतिवादीहरू रेशम भन्ने रमेश चेपाङ र सन्देश चेपाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद र अर्का प्रतिवादी धनबहादुर चेपाङलाई ऐ. ऐन को १३(४) नं. बमोजिम जन्मकैदको सजाय गरेको सुरू चितवन जिल्ला अदालतबाट मिति २०७४।१०।२५ मा भएको फैसला सदर ठहर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।०८।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

साथै उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. अनुसार १५ वर्ष कैद हुने भनी राय जाहेर भएकोमा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट लगाएको राय मनासिब देखिएन । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा भएको व्यवस्थाबमोजिम यी पुनरावेदक प्रतिवादीहरू रेशम भन्ने रमेश चेपाङ र सन्देश चेपाङलाई सर्वस्वको सजाय नहुने भई जन्मकैदको सजाय मात्र हुने ।

इजलास अधिकृत: सुसन दहाल

**इति संवत् २०७७ चैत १ गते रोज १ शुभम् ।**

**१९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०१६२, बन्दीप्रत्यक्षीकरण, हर्कबहादुर वि.क.को हकमा छत्र वि.क. वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत*

निवेदकलाई पक्राउ गरेपश्चात् म्याद थपका लागि जिल्ला प्रशासन कार्यालयमा लगी म्याद थपको अनुमति प्राप्त गरेको पाइन्छ। मुद्दा हेर्ने अधिकारीसमक्ष म्याद थप गर्ने अनुमति माग गर्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४(१) मा प्रस्ट गरिएको छ । म्याद थप गर्दा मुद्दा हेर्ने अधिकारीले अनुसन्धान सन्तोषजनक रहे नरहेको हेरी थुनामा राखेर नै अनुसन्धान गर्नुपर्नेमा सन्तुष्ट भएमा मात्र म्याद थप गर्नुपर्नेमा आधार र कारण उल्लेख नगरी म्याद थप गरेको पाइन्छ। कानूनको पालना गरी म्याद थप गरेकोसमेत पाइएन । यसरी प्रवृत्त भावना राखी पक्राउ गरी मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गरी म्याद थपसमेत नगराई जिल्ला प्रशासन कार्यालयबाट म्याद थपको अनुमति लिई अनुसन्धान गरी लाग्नै नसक्ने ऐनको आधारमा मुद्दा दायर गरेको अवस्थामा जिल्ला अदालतबाट पुर्पक्षको निम्ति थुनामा राखेको भन्ने मात्र आधारमा गैरकानूनी थुनामा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रता संरक्षण गर्ने दायित्वबाट अदालत पन्छिन सक्तैन । तसर्थ, यी सम्पूर्ण तथ्यहरूतर्फ ध्यान नदिई भएको काठमाडौं जिल्ला अदालतको मिति २०७७।९।२६ को थुनछेक आदेशसमेत कानूनसम्मत मान्न नमिल्ने।

रिट निवेदकलाई थुनामा राख्ने गरी भएको कार्य कानूनसम्मत रूपले थुनामा राखेको भन्न मिलेन । अतः बन्दीको थुना कानूनसम्मत नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम निवेदक हर्कबहादुर वि.क.लाई सर्वोच्च अदालतका रजिस्ट्रारको रोहबरमा गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ माघ ११ गते रोज १ शुभम्।**

**इजलास नं.४**

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-CR-०७९१, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. उदिराम खत्रीसमेत*

प्रतिवादीहरूको मृतकलाई मार्नुपर्ने योजना र मनसाय थियो भनी वादी पक्षबाट तथ्यत: पुष्टि गर्न सकेको नदेखिएको, प्रतिवादीहरूको स्पष्टत: इन्कारी बयान खण्डन हुने विवादरहित अकाट्य प्रमाण पेस गर्न सकेको नदेखिएको, कुटपिटकै कारण मृतकको मृत्यु भएको हो भनी वादी पक्षले तथ्यत: पुष्टि गर्न नसकेको र वारदातको अवस्था, स्थितिले पनि त्यस्तो नदेखिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई कसुरदार मान्न मिल्ने नदेखिएकाले प्रतिवादीहरूलाई कसुरदार कायम गरी अभियोग दाबीअनुसार सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई कसुरदार कायम गरी दाबीअनुसार सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार एवम् कारणहरूबाट प्रतिवादीहरू उदिराम खत्री र सरूनी खत्रीलाई मुलुकी अपराध संहिता, २०७४ को

दफा १७७(१) को कसुरमा सोही संहिताको दफा १७७(२) बमोजिम जनही जन्मकैदको सजाय हुने र प्रतिवादीहरूबाट पीडित पक्षले दामासाहीले रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्तिसमेत भराइपाउने ठहऱ्याई सुरू रोल्पा जिल्ला अदालतबाट मिति २०७६।११।१८ मा भएको फैसलालाई उल्टी हुने ठहऱ्याई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७७।६।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७७ साल चैत्र ४ गते रोज ४ शुभम् ।**

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०२८३, बन्दीप्रत्यक्षीकरण, रामेश्वर पौडेल वि. उच्च अदालत पाटनसमेत*

मुलुकी अपराध संहिता, २०७४ को दफा १५५ ले कारण खुलाई अदालतले कसुरदारलाई कैदमा राख्नुको सट्टा त्यसबापत रकम लिई कैदबाट छाडिदिन सक्ने छ भन्ने व्यवस्था गरेको छ । ऐनको मनसाय जुनसुकै मुद्दामा पनि एक वर्षभन्दा कम सजाय भएको अवस्थामा कैदबापत रकम लिई छाड्ने भन्ने होइन । अदालतलाई उपयुक्त लागेमा सुविधा दिन सक्ने र नलागेमा नदिने भन्ने उक्त कानूनको आशय हो। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ (४) को कानूनी व्यवस्थासमेतका आधारमा कैदबापत रकम बुझी कैदबाट छाडिपाउँ भनी दिएको प्रस्तुत निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ आकर्षित हुने अवस्था देखिँदैन। साथै निवेदकलाई फैसला कार्यान्वयन गर्ने सिलसिलामा अदालतबाट खटिएको डोरले पक्राउ गरी कारागारमा थुनामा राख्न पठाएको देखिन्छ । कारागारमा थुनामा परेपछि निवेदकले सुविधा माग गरी निवेदन दिएको देखिन्छ। निवेदकले अदालतको फैसलाबमोजिम आफैँ उपस्थित भई फैसला कार्यान्वयनमा सहयोग गरेको पनि नदेखिने।

तसर्थ, माथि उल्लिखित कानूनी व्यवस्था एवम् मिसिल संलग्न प्रमाणहरूसमेतको आधारमा निवेदकको बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी कैदबाट मुक्त हुने गरी आदेश गरिपाउँ भन्ने निवेदन मागदाबी पुग्न सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सीताराम खड्का

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७८ साल वैशाख १९ गते रोज १ शुभम्।**

**२२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुस्मालता माथेमा,** *०७५-CR-१६२४, ०७७-CR-००९९, वैदेशिक रोजगार, नेपाल सरकार वि. सोनम घलान, श्रीकृष्ण घिसिङ तामाङ वि. नेपाल सरकार*

प्रतिवादी श्रीकृष्ण घिसिङ तामाङका नाउँमा परेको किटानी जाहेरी, सो जाहेरीलाई समर्थन हुने गरी जाहेरवालाले गरिदिएको बकपत्र, मिति २०७३।६।३० को प्रतिवादीले गरिदिएको वैदेशिक रोजगारसम्बन्धी कागजसमेतका आधारमा यी प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगार सञ्चालन गर्ने इजाजतबिना वैदेशिक रोजगारको लागि मकाउ पठाइदिने भनी रकम लिई मलेसिया हुँदै इन्डोनेसियासम्म पुऱ्याई अलपत्र पारी भने अनुसारको काम नदिलाई दिएको रकमसमेत फिर्ता नगरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम कसुर गरेको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको।

प्रतिवादी श्रीकृष्ण घिसिङ तामाङले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको प्रमाणित हुन आएको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम ३।०।० (तीन वर्ष) कैद

र रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने तथा जाहेरवालाले अभियोग दाबीबमोजिम बिगो, हर्जाना र अन्य खर्चसमेत निज प्रतिवादीबाट भरिपाउने तथा प्रतिवादी सोनाम घलानले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१९ मा भएको फैसला अन्यथा नभई मनासिब देखिन आयो । उक्त फैसलालाई उल्टी गरी आफूलाई सफाइ हुनुपर्ने भन्ने पुनरावेदक श्रीकृष्ण घिसिङको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम् ।**

२३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-१९३३, करारबमोजिम गरिपाऊँ, उत्तम खड्का वि. मु.स. गर्ने विजया पाण्डे (सिलवाल) समेत*

जग्गा खरिद बिक्री गर्ने सहमति भई बैनाबट्टाको कागज भएकोमा लेनदेन व्यवहारको २ नं. को कानूनी व्यवस्था बैनाबट्टाको लिखतका हकमा नभई कपाली तमसुकको हकमा आकर्षित हुने देखिँदा बैनाबमोजिमको रकम दिलाई भराइपाउँ भन्ने विवादका सम्बन्धमा लेनदेन व्यवहारको २ नं . आकर्षित नहुने ।

वादीले मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. को हदम्याद दाबी गरी फिरादपत्र दायर गरेकोमा लेनदेन व्यवहारको २ नं. को व्यवस्था कपाली तमसुकको हकमा लागु हुने अवस्थाको रहेकोमा प्रस्तुत विवाद बैनाबट्टाको लिखतका सम्बन्धमा देखिएकाले लेनदेन व्यवहारको २ नं. को व्यवस्था आकर्षित हुने अवस्था नदेखिएको र करार ऐन, २०५६ को दफा ८९(२) को खण्ड (घ) बमोजिम मुद्दा गर्नुपर्ने कारण सिर्जना भएका मितिले दुई वर्षभित्र नालिस गर्नुपर्नेमा कम्पनीले बैनाबट्टाको रकम भुक्तानी गरी जग्गा लिन सक्ने स्थिति नभएकोले बैनाबापतको रकम फिर्ता लिने भनी कम्पनीले मिति २०६८/११/२ मा निर्णय गरेको देखिँदा उक्त निर्णय मितिलाई नै मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मिति मान्नुपर्ने हुँदा सो मितिबाट दुई वर्षभित्र नालिस परेको देखिएन । साथै मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. मा समेत काम भएगरेका मितिले दुई वर्षभित्र नालिस नगरे लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था भएकोमा पक्षहरूका बिचमा मिति २०६७/१/२ मा बैनाबट्टाको कागज भएको र थप बैनाबापत अन्तिम पटक मिति २०६७/४/१७ बमोजिम अन्तिम पटक काम भए गरेका मितिले दुई वर्षभित्र दायर हुन आएको नदेखिँदा हदम्यादको अभावमा फिराद खारेज गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण रहेको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत विवादमा तत्कालीन मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. को व्यवस्था आकर्षित नहुने, करार ऐन, २०५६ को दफा ८९(२) को खण्ड (ख) तथा मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. को हदम्यादभित्र प्रस्तुत फिराद दायर भएको नदेखिँदा हदम्यादको अभावमा फिराद खारेज गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२/३/२७ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/९/१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दिपक पोखरेल

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७७ साल मंसिर १९ गते रोज ६ शुभम् ।**

## इजलास नं.५

२४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-१२४७, जग्गा खिचोला मेटाई जग / घर भत्काई चलन, बेचनी बनियासमेत वि. विजयकुमार जयसवाल*

वादीकी आमा गेनादेवीको नाउँमा कि.नं. १९० को जग्गा रहेको अवस्थामा सो जग्गामध्ये उत्तरतर्फ काशी बनियाले जग्गा खिचोला गरेको भनी गेनादेवी वादी भई २०६५ सालमा दे.नं. ७२४ को खिचोला मुद्दा चली काराबाही हुँदै जाँदा गेनादेवीको कि.नं. १९० को पूर्व पिछाड र पश्चिम मोहोडा गरी दुवैतर्फ २० फिट ६ इन्च लिने गरी मिति २०६८।८।२१ मा मिलापत्र भएको कुरा प्रमाणमा आएको छिनुवा मिसिलबाट देखिन्छ। घरायसी अंशबन्डामार्फत कि.नं. १९० को जग्गा वादीको अंशभागमा परेकोमा सो मिलापत्रमार्फत प्राप्त जग्गा वादीले आफ्ना नाउँमा दा.खा. नामसारी गराएको भन्ने देखिँदैन । तथापि, मुलुकी ऐन, जग्गा पजनीको २क. नं. अनुसार वादीले नामसारी गराई लिनसक्ने अवस्था कायम रहेकै देखिने।

सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।२।७ मा भई आएको डोर नापनक्सा मुचुल्काको न.नं. ७ मा वादी विजयकुमार जयसवालको कि.नं. १९० को घर भएको पूर्व पश्चिम मोहोडा १५ फुट रहेको, न.नं.६ मा ४ फुट मोहोडा र न.नं. ८ र ८/१ मा १ फुट ६ इन्च मोहोडा रहेको भन्ने देखिएको छ। न.नं. ७ र न.नं. ६ को जग्गाको चौडाइ जोड्दा १९ फिट भई मिति २०६८/८/२१ को मिलापत्रमा उल्लेख भएभन्दा केही घटी रहेको देखिन्छ। पूर्व पश्चिम १ फुट ६ इन्च जग्गा प्रतिवादीको जग्गामा घुसेको भन्ने अमिनबाट भएको ट्रायल चेक प्रतिवेदनबाट खुलेको पाइन्छ । प्रतिवादी काशी बानियाका कब्जा भोगमा रहेको न.नं. ८ को चौडाइ १ फुट ६ इन्च जग्गा जोड्दा मात्र वादीले मिलापत्रअनुसार प्राप्त जग्गाको चौडाईसँग मिल्ने भिड्ने देखिन आउँछ। यसरी नक्सा मुचुल्काको अध्ययनबाट न.नं. ८ र ८/१ को जग्गा विवादित रहेको देखिएको र सो जग्गा हाल प्रतिवादी काशी बनियाको भोगमा रही घर बनाएको भन्ने देखिएको अवस्थामा निजले वादीको जग्गा खिचोला गरेको छैन भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रत्यर्थी विजयकुमार जयसवालकी आमा गेनादेवीले २०६५ सालको जग्गा खिचोला मुद्दामा भएको मिति २०६८।८।२१ को मिलापत्रबाट प्राप्त गरेको मोहोडा पिछाड २०१/२ फिट हुने गरी प्रत्यर्थीले निर्विवादित रूपमा भोग गर्न पाएको नदेखिँदा नक्सा मुचुल्काको न.नं. ८ र ८/१ मा देखिएको ज.वि. ०-०-०३/४ क्षेत्रफलको जग्गा वादीको कि.नं.१९० अन्तर्गतकै जग्गा रहेको र उक्त जग्गामा पुनरावेदक प्रतिवादी काशी बनियाले अनधिकृत रूपमा खिचोला गरी घरको जग निर्माण गरेको भन्ने देखिँदा उक्त नापनक्साको न.नं. ८ र ८/१ को जग्गाबाट प्रतिवादीहरूले गरेको खिचोला मेटाई सो जग्गामा निर्माण भएको घरको जगसहितको संरचना भत्काउने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२/३/९ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७८ साल भाद्र २० गते रोज १ शुभम्।**

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०६९-WO-००७५, उत्प्रेषणयुक्त परमादेश, लक्ष्मी थापामगर वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

प्रत्यर्थी मालपोत कार्यालय भक्तपुरको मिति २०६६/३/३१ को निर्णयमा "सिद्धिगणेश वडा

नं. ७ कि.नं. ३९ को क्षेत्रफल ०-१४-१-० जग्गा श्री ५ महाराजधिराज सरकारको राजदरबारमा माटाका भाँडाकुँडा बुझाउने सेवा बिर्ता राजदरबार अधीनस् भई गोश्वारा रोक्का रहेको देखिँदा सो जग्गा लक्ष्मी थापामगरका नाममा ना.सा. दर्ता गर्ने गरी मिति २०६६/३/२२ मा छुट जग्गा दर्ता समितिले सिफारिस गरेको भए पनि सो गोश्वारा रोक्का फुकुवा भई आएपछि कार्यबाही गर्ने गरी हाललाई मिसिल डायरी लगत कट्टा गरी तामेलीमा राखिदिने र सोको जानकारी मोठ स्रेस्तामा जनाइदिने" भन्ने उल्लेख भएको पाइयो । राजदरबारबाट के कति कारणले, के प्रयोजनका लागि जग्गा रोक्का रहेको भन्ने कुराको कुनै उचित कारण खुल्न आएको देखिँदैन । "राजदरबारमा माटाका भाँडाकुँडा बुझाउने सेवा बिर्ता राजदरबार अधीनस्त" भनी बेहोरा जनाइएको सम्म देखिन्छ । सो रोक्कासम्बन्धी कुनै आधिकारिक निर्णय वा अभिलेख रहेको देखिँदैन । हाल राजदरबार कुनै अस्तित्वमा रहेको नदेखिँदा मालपोत कार्यालयको तामेली आदेशमा उल्लेख गरिएअनुसारको रोक्का कहिले र कसले फुकुवा गरिदिने हो भन्ने कुरा पनि प्रस्ट देखिँदैन । अब पनि राजदरबारबाट रोक्काको प्रयोजन समाप्त भई फुकुवाको पत्र आएपछि तामेली जगाउने भनियो भने नागरिकको सम्पत्तिसम्बन्धी हक अनिर्णय र अनिश्चयको अवस्थामा रहन पुग्दछ । यसै प्रकारको जग्गाका सम्बन्धमा परेको निवेदक नारायणबहादुर खरबुजासमेत प्रत्यर्थी मालपोत कार्यालय भक्तपुरसमेत भएको २०५८ सालको रिट नं. २८८६ को निवेदनका सन्दर्भमा यस अदालतबाट "निवेदकको जग्गा रोक्का राख्दा निवेदकलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी रोक्का राखेको देखिँदा निवेदकको जग्गाधनी दर्ता स्रेस्ताभित्रको भई निरन्तर हकभोग र चलनमा रहेको जग्गा अनन्तकालसम्म रोक्का राख्नुपर्ने आधार र औचित्य देखिएन" मिति २०६४/१/२० मा रिट आदेश जारी भएकोसमेत देखिन्छ । यस दृष्टिले हेर्दा पनि विवादित तामेली निर्णयलाई उचित र कानूनअनुकूल ठान्न नसकिने ।

अत: भक्तपुर जिल्ला सिद्धिगणेश गा.वि.स. वडा नं. ७ कि.नं. ३९ को क्षेत्रफल ०-१४-१ जग्गा गोश्वारा रोक्का रहेकोसम्म देखिएको, सो रोक्का रहनुको उचित कारण वा कानूनी आधार खुल्न आएको नदेखिएको, अनिश्चितकालसम्म नामसारी दर्ताको प्रक्रिया पूरा नगरी कारबाही प्रक्रिया नै तामेलीमा राखिएको अवस्थामा नागरिकको सम्पत्तिसम्बन्धी हकमा अनुचित असर पर्न जाने भएको हुँदा मालपोत कार्यालय भक्तपुरको मिति २०६६/३/३१ को तामेली निर्णय उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब निवेदिका लक्ष्मी थापामगरले पेस गरेका सम्बद्ध प्रमाणको मूल्याङ्कन गरी तथा कुनै थप कुरा बुझ्नुपर्ने भए सोसमेत बुझी, कानूनबमोजिम नामसारी दर्ता हुने वा नहुने कुराको आधार र कारण खुलाई निर्णय गर्नु भनी प्रत्यर्थी मालपोत कार्यालय भक्तपुरका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७८ साल भाद्र २७ गते रोज १ शुभम् ।**

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५–WO-०२६५, उत्प्रेषणसमेत, आईडीपि एजुकेसन स्टुडेन्ट सर्भिसेस् नेपाल प्राइभेट लिमिटेडसमेत वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसमेत*

निवेदकले मिति २०७५/१/३१ मा नै प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा शैक्षिक परामर्श सेवा सञ्चालन गर्न स्वीकृतिका लागि आवेदन गरेको भनी जिकिर गरेको देखिन्छ । सो तथ्यलाई प्रत्यर्थीले अन्यथा खण्डन गरेको पाइएन । तर निवेदकको माग अनुसार स्वीकृति प्रदान हुने वा नहुने सम्बन्धमा प्रत्यर्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट कुनै निर्णय

भएको भन्ने देखिन आएन। निवेदकले कानूनबमोजिम कम्पनी दर्ता गरी कम्पनीको उद्देश्यबमोजिम कार्य सञ्चालन अनुमतिका लागि निवेदन दिएकोमा यो यति कारणबाट कार्य सञ्चालन अनुमति हुने अथवा यो यो कानूनविपरीत हुँदा अनुमति नहुने भनी साधिकार निकायले निर्णय दिनु नै पर्ने हुन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १५ बमोजिम पनि "यस ऐन वा अन्य प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनबमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नुपर्ने" हुन्छ । अधिकारप्राप्त निकायले आफूसमक्ष परेको निवेदनका सम्बन्धमा कुनै निर्णय नै नगरी थन्क्याएर राख्न मिल्दैन। त्यसो गर्नु जवाफदेहिताको दृष्टिले पनि उचित होइन । कानूनबमोजिम निर्णय दिनुपर्ने विषयमा अनिर्णयको अवस्थामा रहनु सुशासनका दृष्टिले मनासिब नहुने।

अत: रिट निवेदकले मिति २०७५/१/३१ मा प्रत्यर्थीमध्येको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा शैक्षिक परामर्श सेवा सञ्चालन गर्न स्वीकृतिका लागि गरेको निवेदन मागअनुसार स्वीकृति प्रदान हुने वा नहुने सम्बन्धमा शिक्षा ऐन, २०२८ को दफा १६(ढ), विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा रहेका प्रावधानसमेत बमोजिम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४, १५, १६ र १७ का प्रावधानसमेतलाई दृष्टिगत गरी यो आदेशको जनाउप्राप्त भएको मितिले दुई महिनाभित्र कारण खुलाई निर्णय गर्नु, गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेश जारी हुने।

निवेदकले कानूनबमोजिमको उपचार प्राप्त गर्ने स्थिति रहेको र प्रत्यर्थीबाट जारी भएको मिति २०७५/४/१५ को विवादित सूचनाको तत्काल सान्दर्भिकता रहेको अवस्थासमेत नदेखिएको हुँदा अहिले उत्प्रेषणको आदेश जारी गरिरहन नपर्ने।

इजलास अधिकृत: रूद्रप्रसाद अर्याल

कम्प्युटर: विजय खड्का

**इति संवत् २०७८ साल भाद्र ३१ गते रोज ५ शुभम्।**

## इजलास नं.६

२७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. प्रकाशकुमार ढुंगाना,** *०७२-WO-००४६, उत्प्रेषणसमेत, ऋतुकुमारी शर्मा वि. ज्योति विकास बैंक लिमिटेड, कमलादी*

निवेदिकाले एकातर्फ विनियमावलीबमोजिम आचरण र अनुशासनको उल्लङ्घन गरेको देखिँदैन भने अर्कोतर्फ विनियम ८६(१) को तह तहैबमोजिमको सजायको कार्यविधि पूरा नगरी एकैपटक निलम्बन गरी स्पष्टीकरण सोधेको र सो स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै विनियम ८६(१) (ग) बमोजिम सेवाबाट हटाउने निर्णय भएको देखिँदा सो निर्णयलाई न्यायसम्मत र कानूनसम्मत भएको भनी मान्न सकिएन। तसर्थ, यी निवेदिकालाई सेवाबाट हटाउने गरी भएको ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको मिति २०७२/१/१० को निर्णय र सो निर्णयलाई नै सदर गर्ने गरी भएको ज्योति विकास बैंकको सञ्चालक समितिको मिति २०७२/३/१४ को निर्णय कानून र न्यायको मान्य सिद्धान्तविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको।

तसर्थ, यसैसाथ संलग्न निज विरूद्ध चलेको बैंकिङ कसुर मुद्दामा निजले आरोपित कसुरबाट सफाइ पाएको अवस्था एवम् ज्योति विकास बैंक कर्मचारी सेवा विनियमावलीमा उल्लिखित कानूनी व्यवस्थासमेतको आधार र कारणहरूबाट निजलाई सेवाबाट हटाउने

भनी गरिएको २०७२/१/१० र विपक्षी बैंक सञ्चालक समितिको मिति २०७२/०३/१४ को निर्णय उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदिका ऋतुकुमारी शर्मालाई सेवाबाट हटाउँदाका बखत निज कार्यरत रहेको पदमा पूर्ववत् रूपमा बहाल गर्नु, गराउनु र कानूनबमोजिमको सबै सुविधा दिनु, दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कर्ण राई

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल माघ १५ गते रोज ५ शुभम्।**

२८

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-WO-०५३५, उत्प्रेषणयुक्त परमादेश, साबित्री देवी ईनाणी (इनानी) वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगरसमेत*

निवेदिकाले निजका पति बृजगोपाल इनाणीलाई मिति २०५७/४/९ मा आफ्नो उद्योगको चल सम्पत्ति छत्तिस लाख रूपैयाँमा बिक्री गरेको र सोबापत बृजगोपाल इनाणीले आफ्नो नाम दर्ताको कि.नं. ३४४, ४४०, ५४६ र ५४७ जग्गाहरू धितो राखेकोमा सर्तबमोजिम रकम नबुझाएपछि यी निवेदिका सावित्रीदेवी इनाणीको लेनदेन मुद्दा परी बिगो भराउने गरी फैसला भएको र सोही फैसलाको आधारमा बिगो भराउने क्रममा त्यसरी धितोमा रहेको जग्गा डाँक लिलामको माध्यमबाट जम्मा मूल्य रू.६६,६०,०००।– मा सकार गरी लिएको भन्ने भनाइलाई मिसिल संलग्न काठमाडौं जिल्ला अदालतको मिति २०६६/९/१७ को फैसला, मिति २०६५/३/१३ गतेको डाँक लिलाम मुचुल्का एवम् मिति २०६५/१२/३० मा दाखिल खारेज दर्ताको लागि मालपोत कार्यालय, कलंकीलाई लेखेको काठमाडौं जिल्ला अदालतको पत्र एवम् दाखिल खारेज दर्ताको लागि यी निवेदिकाले मिति २०६६/२/३ मा मालपोत कार्यालयमा दिएको निवेदनको प्रतिलिपिबाट देखिन्छ। तर यी समस्त कार्यहरू ऋण लिने र जग्गा रोक्का राख्ने कार्यहरू भएपछि भएको देखिँदा बृजगोपाल (पति) र यी निवेदिका अर्थात् पत्नीबिच सिर्जना गरिएको कागज वा व्यवहारले बैंकको लेना रकम असुलउपर नहुने भन्न मिल्ने देखिएन। यसरी अगाडिदेखि नै बैंकको तर्फबाट रोक्का रहेका जग्गाहरू पछि परेको लेनदेन मुद्दामा भएको फैसलाअनुसारको बिगो असुलीको क्रममा सकार गरेको भन्नेसम्म आधारमा निजको नाममा दाखिल खारेज नै हुन नसकेको अवस्थामा निजको निवेदन जिकिर कानूनसङ्गत नदेखिने ।

यसरी हेर्दा ऋण कर्जा लिँदा र उपभोग गर्दाको अवस्थामा निवेदिका सावित्रीदेवी इनाणी र बृजगोपाल इनाणी एकासगोलमा पति पत्नीको हैसियतले रही बसी आएको पुष्टि भइरहेको छ । सोही अवस्थामा निवेदनमा उल्लिखित जग्गाहरू रोक्का भएको देखिएको स्थितिमा निजहरूबिच भएको कारोबारको आधारमा लेनदेन मुद्दा दर्ता गरी सोही लेनदेन मुद्दाको फैसला कार्यान्वयनको सन्दर्भमा बृजगोपाल नामको जग्गाहरू सकार गरी लिएको, मिति २०५९।१२।२६ मा मानो छुट्टिएको लिखत पारित गर्दा आफूहरू मिति २०४८/७/१ देखिनै अलग अलग घर व्यवहार गरी आएको भनी उल्लेख गरेको र पति पत्नीको सम्बन्ध बिच्छेद हुने गरी २०६४।८।२५ मा गरेको मिलापत्रले बैंकको ऋण तिर्नुपर्ने दायित्वबाट श्रीमान् वा श्रीमतीले उन्मुक्ति पाउँछ भन्न मिल्दैन । यी निवेदनमा दाबी लिएका जग्गाहरू रोक्का रहेको भन्ने कुरा निवेदिकाले बृजगोपाल इनाणीसँगको लेनदेन मुद्दामा डाँक लिलाम सकारी लिएको जग्गा दा.खा. दर्ताको लागि मिति २०६६/२/३ मा मालपोत कार्यालयमा दिएको निवेदनबाटै थाहा पाएको देखिए पनि त्यसउपर कुनै कारावाही नगरी चुप लागी बसेको देखियो । रिट निवेदिकाको समग्र व्यवहार हेर्दा निज अदालतमा सफा हात लिई प्रवेश गरेको देखिएन। बरू ऋण छल्न श्रीमान्

श्रीमतीबिच विभिन्न कागजहरू सिर्जना गरी त्यसको आधारमा न्यायाधिकरणबाट भएको फैसला छल्न सकिन्छ कि भनी साधारण क्षेत्राधिकारबाट नभएपछि रिट क्षेत्रबाट प्रयास गरेको देखिन आयो। यस्तो सफा हात नलिई आउने पक्षलाई मद्दत गर्न नमिल्ने।

अतः यी निवेदिकाले बृजगोपाल इनाणीसँग एकासगोलमा रहँदाकै अवस्थामा निजका पति बृजगोपाल इनाणीले ऋण कर्जामा लिएको देखिँदा सो ऋणको दायित्व यी निवेदिकालेसमेत बेहोर्नुपर्ने देखिएको अवस्थामा ऋणी बृजगोपाल इनाणीले ऋण लिँदाको बखत बैंकलाई गरिदिएको व्यक्तिगत सुरक्षणको सम्पत्तिले ऋण असुल हुन नसकेपछि रोक्का रहेका कि.नं. १४२३,२६६५,३४४, ४४०, २४८ र ५४७ जग्गाहरूबाट समेत बैंकले आफ्नो लेना रकम असुलउपर गर्न पाउने गरी ऋण असुली न्यायाधिकरणबाट मिति २०७०/५/१८ मा भएको फैसला र ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०७२/६/२४ मा भएको फैसलामा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल माघ ८ गते रोज ५ शुभम्।**

**२९**

**मा.न्या. डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-११७९, जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाऊँ, लालजी लोहार वि. राजेन्द्रकुमार वर्मा।*

सर्वोच्च अदालतको मिति २०६६।०६।२६ को फैसलाबाट निर्विवाद रूपमा प्रत्यर्थी राजेन्द्रकुमार बर्माको नाममा रहेको न.नं. १०, ११, १२ हालको न.नं. ८, ७, ६ जग्गाको क्षेत्रफल भिडाउनुपर्ने देखियो। मिति २०५८।०१।०५ को नक्सामा न.नं. १० को क्षेत्रफल ०-०-१३/४, न.नं. ११ को क्षेत्रफल ०-०-१३/४, र न.नं. १२ को क्षेत्रफल ०-०-११/४ उल्लेख गरिएकोमा सबै क्षेत्रफल मिलाउँदा कुल क्षेत्रफल ०-०-४३/४ हुने देखिन्छ। यसैगरी हालको नक्सा विवरण हेर्दा, न.नं. ६ को क्षेत्रफल ०-०-११/२, न.नं. ७ र विवादित ७/१ को कुल क्षेत्रफल ०-०-२ र न.नं. ८ को ०-०-११/४ क्षेत्रफल रहेकोमा सबै क्षेत्रफल मिलाउँदा कूल क्षेत्रफल ०-०-४३/४ नै देखिन्छ। सोमध्ये विवाद जनाइएको न.नं. ७/१ को क्षेत्रफल ०-०-१/२ घटाउँदा त्यति नै जग्गा प्रत्यर्थी प्रतिवादीको नपुग हुने देखियो। यसरी हेर्दा साबिकको नाप नक्सा र हालको नाप नक्सासमेत मिल्न भिड्न गई कुल क्षेत्रफलमा कुनै भिन्नता देखिएन। यसैगरी साबिकको फैसलाबाट सार्वजनिक ठहरिएको हालको न.नं. १२, १३, १४ को सहन जग्गामा कुनै निर्माण नभई सार्वजनिक बाटो नै यथावत् रहेको पाइन्छ। साथै साबिकको न.नं.१७ को जग्गामा रहेको सार्वजनिक बाटोको चौडाइ ९ फिट कायम रहेकोमा उक्त बाटो हालको नक्सामा न.नं. ११ मा ९ फिटकै चौडाइको सार्वजनिक बाटो हाल पनि यथावत् रहेको देखिन्छ। साबिकको नाप नक्सा र हालको नाप नक्सा भिडाई विवादित न.नं. ७/१ जग्गाको आकार, प्रकृति र क्षेत्रफललाई हेर्दा न.नं. ७ भित्रकै अर्थात् कित्ता नं. १३५ भित्रकै जग्गा रहेको भन्ने देखिन्छ। यसरी प्रत्यर्थी राजेन्द्रकुमार बर्माले सार्वजनिक जग्गा एवम् सार्वजनिक बाटो छाडी आफ्नो नाममा रहेको न.नं. ८, ७, ६ (कि.नं. १३५) भित्रकै जग्गामा घर निर्माण गर्न जगसमेत हालेको भन्ने देखिँदा जग भत्काई सार्वजनिक बाटो कायम गरी चलन चलाइपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको इन्साफ सदर भएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

यस अदालतबाट दोहोऱ्याई हेर्न अनुमति प्रदान गर्दा मिति २०५८ ।०१ ।०५ को नक्सा मुचुल्काको न.नं. ७, ८ र ९ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहर भएकोमा हालको नक्सा मुचुल्काको न.नं. ७/१

(साबिकको न.नं. ८) को जग्गा प्रतिवादीको कि.नं. १३५ भित्र पर्ने भनी त्रुटिपूर्ण फैसला भएको भन्ने आधार लिएको देखियो । माथि विवेचना गरिएअनुसार हालको विवाद जनिएको न.नं. ७/१ प्रत्यर्थी प्रतिवादीको कि.नं. १३५ को जग्गाको दक्षिणतर्फ रहेको छ भने साबिकको नक्साको न.नं. ८ उक्त कि.नं. १३५ को जग्गाको उत्तरतर्फ रहेको देखिन्छ । यसरी विपरीत दिशातर्फको नक्सा नं. उल्लेख गरी भएको उक्त आदेशसँग यस इजलास सहमत हुन नसकिने ।

तसर्थ, वादी दाबी नपुग्ने गरी भएको सुरू इन्साफ सदर गरेको पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।०४।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७८ साल वैशाख १२ गते रोज १ शुभम् ।**

**३०**

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०३५१, बन्दीप्रत्यक्षीकरण, जयबहादुर जिरेल वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदकले निवेदनमा आफूले उच्च अदालत पाटनबाट मिति २०७७।१२।२६ मा भएको आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम यस अदालतमा निवेदन गर्न खोजेकोमा यस अदालतबाट सेवा सङ्कुचन भएको हुँदा बन्दीप्रत्यक्षीकरणको निवेदनमार्फत यस अदालतमा प्रवेश गरेको भनी उल्लेख गरेको स्थिति छ । सो सन्दर्भमा पनि निषेधाज्ञा खुकुलो बनाउने सम्बन्धमा नेपाल सरकारले गरेको पछिल्लो निर्णयबमोजिम नै निवेदकले निवेदनमा उठाएबमोजिमका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम पेस हुने निवेदनहरू पनि यस अदालतले हेर्न सक्ने गरी सेवा विस्तारको निर्णय भइसकेको हुँदा सोसम्बन्धमा पनि थप आदेश गरिरहनुपर्ने नदेखिने ।

तसर्थ, निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७८ साल जेठ २५ गते रोज ३ शुभम् ।**

**३१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०४२३, उत्प्रेषण, यमबहादुर बस्नेतसमेत वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत*

निवेदकहरूको रिट निवेदनमा यस अदालतबाट मिति ०७४।९।२३।१ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६९ (पाँचौ संशोधनसहित) को विनियम १५(१०) मा यो विनियमावली प्रारम्भ हुँदाका बखत सेवा प्रवेशका लागि न्यूनतम शैक्षिक योग्यता भई परिषद् सेवामा प्रवेश भइसकेका कार्यरत कर्मचारीको सोभन्दा माथिल्लो शैक्षिक योग्यता नभए तापनि कार्यरत पदको सेवा समूहको माथिल्लो श्रेणी वा पदमा निजहरू खुला, आन्तरिक प्रतियोगिता र कार्यक्षमताको मूल्याङ्कनको बढुवाद्वारा हुने पदपूर्तिमा दरखास्त दिन तथा शैक्षिक योग्यताबापतको अङ्क प्राप्त गर्न सक्ने छन् भन्ने उल्लेख भएको र यी निवेदकहरू प्रस्तुत विनियमावली प्रारम्भ हुँदाका बखत सेवामा कार्यरत रहिरहेको देखिएको अवस्थामा माग भएबमोजिम सम्भाव्य उम्मेदवारको हैसियतमा दरखास्त अस्वीकृत गर्दा निवेदकहरूलाई अपूरणीय क्षति पुग्न जाने अवस्था देखिँदा पछि अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाललाई निवेदकहरूलाई उक्त विज्ञापन नम्बरका परीक्षामा सामेल गर्नु गराउनु भनी अन्तरिम आदेश भएको र

तत्पश्चात् विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति २०७५।०१।२५ को सिफारिस र परिषद कार्यालयको मिति २०७५।०१।२७ को निर्णयअनुसार निवेदक यमबहादुर बस्नेत प्राविधिक तथा प्रशिक्षण सेवा प्राविधिक समूह अधिकृतस्तर (तृतीय श्रेणी) ट्रेनरबाट सोही सेवा र समूहको वरिष्ठ ट्रेनर (अधिकृत स्तर द्वितीय श्रेणी) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को च.नं.२२६३/०७४/०७५, मिति २०७५।०१।२७ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिएको छ । त्यस्तै सोही समितिको सिफारिसअनुसार उक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मिति २०७५।०३।११ को निर्णयबमोजिम निवेदक मणिप्रसाद गैरे प्राविधिक तथा प्रशिक्षण सेवा इञ्जिनयरिङ समूह सिभिल उपसमूहको अधिकृतस्तर (तृतीय श्रेणी) निर्माण प्रशिक्षकबाट प्राविधिक तथा प्रशिक्षण सेवा, प्राविधिक समूह (अधिकृत स्तर द्वितीय श्रेणी) वरिष्ठ प्राविधिक अधिकृतको पदमा बढुवा भएको भन्ने सोही परिषद्को च.नं.२६६२/०७४/०७५, मिति २०७५/०३/११ को पत्रबाट देखिएको छ । यसैगरी विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति २०७५।०४।०४ को सिफारिस र परिषद् कार्यालयको मिति २०७५।०४।११ को निर्णयअनुसार निवेदक देबसिंह धामी प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी समूह, कृषि उपसमूहको अधिकृत स्तर (तृतीय श्रेणी) कृषि प्रशिक्षक (बाली) बाट सोही सेवा र समूहको वरिष्ठ कृषि प्रशिक्षक (अधिकृत स्तर द्वितीय श्रेणी (बाली) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को च.नं.२५२, मिति २०७५।४।११ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिने।

यसरी उल्लिखित मितिमा बढुवा नियुक्ति भएको पत्रहरूको प्रतिलिपिबाट रिट निवेदकहरू तिनैजना आफू कार्यरत रहेको पदभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको भन्ने देखियो। निवेदकहरूले माग गरेको विषय सम्बोधन भई निजहरू साबिकको पदबाट बढुवा भई माथिल्लो पदमा कामकाज गरिरहेको अवस्थामा प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था विधमानता रहेको नदेखिने ।

अतः निवेदकहरू तीनै जना आफू कार्यरत तहभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेकोमा निवेदनको औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७८ साल पौष २१ रोज ४ शुभम्।**

- यसै लगाउको ०७४-WO-०९८२, उत्प्रेषण, देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०२७३, निषेधाज्ञा, धरीछन राउत कुर्मीसमेत वि. रामअयोध्या भन्ने रामअयोध्या राउत कुर्मी*

*वि*पक्षीहरूले घर बनाउने आशङ्का रहेको भनी परेको निवेदनमा हेर्दा, प्रत्यर्थीको मोही हकको कुरासमेत उल्लेख गरी १ नं. मोही लगत, जग्गाधनी दर्ता प्रमाण पुर्जा र फिल्डबुकबाट निवेदनमा उल्लिखित कि.नं. १२० को ०-५-० जग्गाको मोही निवेदकका पिता जोखन राउतकुर्मी भएको देखिन्छ। मोही जोखन राउत परलोक भएपछि सोजग्गा निवेदकले जोती कमाई आएको भन्ने देखिएको र बाबुको मृत्युपछि मोहियानी

हक छोरामा सर्ने नै देखिँदा निवेदनमा उल्लिखित कि.नं. १२० को जग्गामा कुनै किसिमको घर निर्माण नगर्नु, नगराउनु भन्दै पुनरावेदन अदालत हेटौंडाबाट जारी भएको निषेधाज्ञाको आदेश कानूनअनुरूप नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।१।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत ११ गते रोज ४ शुभम्।**

**३३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७३-WO-०८४८, परमादेशसमेत, नागेन्द्र यादव वि. पोखरा विश्वविद्यालयको कुलपतिसमेत*

कुनै पनि संस्थालाई सम्बन्धन दिँदा सो संस्थाको शैक्षिक, भौतिक र प्रशासनिक क्षमता, अनुभव र पूर्वाधारहरूसमेत हेरी विश्वविद्यालयले तोकेका स्तर कायम गर्न सक्ने वा नसक्ने बारेमा छानबिन र अध्ययन सबै दृष्टिबाट योग्य र उपयुक्त देखिएमा संस्थालाई सम्बन्धन दिने हो। पोखरा विश्वविद्यालय, क्याम्पस (महाविद्यालय) शिक्षण संस्थाको सम्बन्धनसम्बन्धी नियमावली, २०५६ को नियम ३, ४, ५, ६, ८ मा उल्लिखित व्यवस्थाहरूले सम्बन्धनको विषयमा एउटा प्रक्रिया तोकेको देखिन्छ। तीमध्ये कुन व्यवस्थाअनुरूप काम भएन सो कुरा निवेदनमा खुलाएको देखिँदैन। कसैले निवेदन दियो भन्दैमा सम्बन्धन दिइहाल्नुपर्छ भन्ने हुँदैन। निवेदनमा उल्लिखित विषय सार्वजनिक सरोकारको विषय रहेको भए तापनि निवेदकबाट तथ्यगत र वस्तुगत आधार नखुलाई अमूर्त रूपमा परेको निवेदनको आधारमा रिट निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

प्रस्तुत रिट निवेदनमा उल्लिखित पोखरा विश्वविद्यालय ऐन र सोअन्तर्गत निर्मित नियमावली र कार्यविधिलगायतका कानूनमा निर्णय गर्नुपर्ने समयावधि किटान हुनुपर्ने आवश्यकता देखिन आएको हुँदा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को माथि उल्लिखित व्यवस्थाहरूसमेतलाई मध्यनजर गरी विश्वविद्यालयसमक्ष परेका आवेदनउपर निर्णय गर्नुपर्ने समय सीमा निर्धारण गरी सम्बन्धित ऐन नियम पुनरावलोकन र आवश्यक संशोधनसमेत गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल फागुन २ गते रोज १ शुभम्।**

**३४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CI-००११, निषेधाज्ञा, कुम्भराज गुरूङ वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत*

पुनरावेदकउपर रीतपूर्वको जाहेरी दरखास्त दर्ता भएको देखिएको अवस्थामा कानूनबमोजिम अनुसन्धान तहकिकात गर्न पाउने साधिकार प्राप्त निकायको काम कारबाही प्रभावित हुने गरी निवेदकको भनाइको आधारमा मात्र निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिएको अवस्थामा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने।

यसर्थ, अख्तियारप्राप्त निकायसमक्ष उजुरी परी सो निकायले कानूनबमोजिम अनुसन्धान तहकिकात गरेको कार्यलाई अवरूद्ध हुने गरी निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था रहे भएको देखिन नआएको भन्दै निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३/०१/०८ मा भएको फैसला मिलेकै

देखिँदा सदर हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत ११ गते रोज ४ शुभम् ।**

३५

**मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा. श्री मनोजकुमार शर्मा,** *०७४-WO-०८२५, उत्प्रेषण परमादेशसमेत, देवसिंह धामी वि. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, केन्द्रीय कार्यालय, सानोठिमीसमेत*

विपक्षी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, पदपूर्ति तथा बढुवा समितिको मिति २०७५।०४।०४ को सिफारिस र परिषद् कार्यालयको मिति २०७५।०४।११ को निर्णयअनुसार निवेदक देबसिंह धामी प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी समूह, कृषि उपसमूहको अधिकृतस्तर (तृतीय श्रेणी) कृषि प्रशिक्षक (बाली) बाट सोही सेवा र समूह को वरिष्ठ कृषि प्रशिक्षक (अधिकृतस्तर द्वितीय श्रेणी (बाली) को पदमा बढुवा भएको भन्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को च.नं.२५२, मिति २०७५।४।११ को मिसिल संलग्न पत्रको प्रतिलिपिबाट देखिन्छ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् राप्ती प्राविधिक शिक्षालय लालमटिया, दाङको मिति २०७५।०४।१४ को पत्रको बेहोरा हेर्दा "...परिषद्को २०७५।०४।११ को निर्णयानुसार बढुवा भई यस शिक्षालयमा पदस्थापन हुनु भएका वरिष्ठ कृषि प्रशिक्षक (अधिकृत स्तर द्वितीय श्रेणी) श्री देवसिंह धामी मिति २०७५।०४।१४ गते यस शिक्षालयमा हाजिर हुनुभएको बेहोरा" भन्ने उल्लेख गरेको देखियो। यिनै रिट निवेदकसमेतले दिएको ०७४-WO-०४२३ को रिट निवेदनमा यिनै निवेदकसमेत आफू कार्यरत रहेको पदभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको र निवेदकसमेतले माग गरेको विषय सम्बोधन भई निजहरू साबिकको पदबाट बढुवा भई माथिल्लो पदमा कामकाज गरिरहेको अवस्थामा निवेदनको औचित्य समाप्त भइसकेको आधारमा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था विद्यमानता नदेखिई रिट निवेदन खारेज भएको अवस्था छ। उल्लिखित आधारमा प्रस्तुत रिट निवेदनको समेत औचित्य समाप्त भएकोले मागबमोजिमको आदेश जारी हुनुपर्ने नदेखिने ।

अतः निवेदक आफू कार्यरत तहभन्दा माथिल्लो तहमा पदोन्नति भई कामकाज गरिरहेको र यीनै रिट निवेदकसमेतले दिएको ०७४-WO-०४२३ को रिट निवेदनमा समेत निवेदनको औचित्य समाप्त भई रिट खारेज हुने गरी आजै यसै इजलासबाट फैसला भएको हुँदा प्रस्तुत रिट निवेदनकोसमेत औचित्य समाप्त भएकोले मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

**इति संवत् २०७८ साल पौष २१ रोज ४ शुभम् ।**

## इजालस नं.७

३६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७१-CR-१२५१, १३९४, १२८४, १२८८, १५१०, १५०६, १५१४, १५३५, १३५६, गैंडा मारी खाग बिक्री व्यवसाय, नेपाल सरकार वि. सुस्मा खनालसमेत, महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी. वि. नेपाल सरकार, तिलकराम चौधरी वि. नेपाल सरकार, विरेन्द्र सहनी वि. नेपाल सरकार, आङजेन लामा वि. नेपाल सरकार, किशोर चौधरी वि. नेपाल सरकार, लिलाराम महतो वि. नेपाल सरकार, ऋषिकान्त बस्ताकोटी वि. नेपाल सरकार, मदारी महतो वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीद्वय महेश्वर भन्ने

खिमबहादुर के.सी. र ऋषिकान्त बस्ताकोटीले गरेको बयान बेहोरा हेर्दा आरोपित कसुर गरेकोमा अनुसन्धान अधिकारीसमक्ष निजहरू साबित र मुद्दा हेर्ने निकायसमक्ष इन्कार रहेका देखिन्छन् । आफू कसुरमा साबित भई प्रतिवादी मदारी महतो र तिलकराम चौधरीले पुनरावेदक प्रतिवादी ऋषिकान्त बस्ताकोटीलाई र प्रतिवादी आङ्जेन लामा र तान्जिन निमा भन्ने निमा लामाले पुनरावेदक प्रतिवादी महेश्वर भन्ने खिमबहादुर के.सी. लाई पोल गरी बयान गरेको अवस्था छ । सहअभियुक्तको पोल प्रमाणयोग्य हुँदैन भन्ने प्रमाण कानूनको मान्यता छ; तर त्यो निरपेक्ष नभई सापेक्ष मान्यता हो । "सहअभियुक्तको पोललाई प्रमाणमा लिने सम्बन्धमा किटानी कानूनी व्यवस्थाको अभाव रहे पनि हाम्रो न्याय प्रणालीले मिसिल कागजातबाट खुल्न आएका तथ्य र बेहोरालाई कुनै न कुनै रूपमा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी आएको परिप्रेक्ष्यमा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने मान्यतालाई स्वीकार गरेको पाइने" भनी रामशरण महत वि. नेपाल सरकार भएको मुद्दामा (ने.का.प.२०६३ नि.नं.७७४९ पृष्ठ १०३४) सर्वोच्च अदालतबाट नजिर प्रतिपादनसमेत भएको देखिन्छ । आफूसमेत कसुरमा साबित भई निजहरूले यी पुनरावेदक प्रतिवादीद्वयलाई पोल गरी बयान गरेका छन् । त्यसरी पोल गर्नुपर्ने तर्कसम्मत कुनै कारण पनि मिसिल अध्ययनबाट देखिँदैन । त्यसैले निजहरूले पोल गरी गरेको बयान यी दुवै पुनरावेदक प्रतिवादीका विरूद्धमा प्रमाणग्राह्य (Admissible) हुन्छ र तिनको प्रामाणिक मूल्य (Evidential value) लाई न्यून गराउन मिल्दैन । फेरि, यी पुनरावेदक प्रतिवादीले इन्कारी बयानबाहेक आफूहरूले कसुर गरेको होइन भन्ने कुनै प्रमाण पेस गरेको मिसिलबाट नदेखिँदा निजहरू सफेद रहेछन् भनी अर्थबोध गर्न सकिने अवस्था छैन । प्रमाण ऐन, २०३१ को दफा २७(१) मा प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुनेछ भन्ने उल्लेख भएको र पुनरावेदक प्रतिवादीद्वयले पुनरावेदन जिकिरबमोजिम सफाइ पाउनुपर्ने गरी कुनै प्रमाण पुर्‍याएको नदेखिँदा निजहरूलाई सजाय गर्ने ठहर गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण रहेछ भन्न सकिने अवस्था देखिन नआउने ।

खाग बिक्री गरेको भनी अभियोग लगाइएको गैंडाको खाग नै यस मुद्दामा बरामद नभएकोले आ-आफ्ना पक्षले आरोपित कसुरबाट सफाइ पाउनुपर्दछ भनी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा जिकिर लिनुभएको छ । सो बहस जिकिरउपर विचार गर्दा गैंडाको खाग बिक्री व्यवहारको अवैध कारोबारको कसुर कुनै एउटा देशको भू-भागमा मात्र सीमित नभएर अन्तर्देशीय (Transnational) रूपमा हुन्छ र यस्तो कसुर विभिन्न व्यक्ति सम्मिलित सञ्जाल (Network) बाट सङ्गठित कसुर (Organized Crime) को रूपमा हुने गर्दछ । गैंडा मारेर खाग निकाल्ने व्यक्तिबाट यस्तो कसुर प्रारम्भ भई तहतह बिक्री र ओसारपसार हुँदै सो खाग अन्तिम उपभोक्तासमक्ष पुर्‍याइएको हुन्छ र कसुरमा संलग्न सबै प्रतिवादीले सबै प्रतिवादीलाई पहिचान गर्न पनि सक्तैनन् । यस मुद्दामा गैंडा मारिएको भनिएको वारदात २०६५ साल जेठ/असारतिरको हो । गैंडा मार्ने काम प्रतिवादी बुद्धिराम महतोबाट भएको भन्ने छ, निजले चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसलाउपर पुनरावेदन गरेको देखिँदैन । प्रतिवादी वीरेन्द्र साहनी र किशोर चौधरी खाग काट्ने हतियार बोकेर बुद्धिराम महतोसँग वारदातस्थल गएको देखिन्छ । बुद्धिराम महतो र किशोर चौधरीले खाग बिक्री गर्न प्रतिवादी मदारी महतोलाई भनेका र निजले प्रतिवादी तिलकराम चौधरीलाई खबर गरेपछि निज तिलकराम र प्रतिवादी ऋषिकान्त बस्ताकोटी

खाग हेर्न गई रू.३५,००,०००।- मा खरिद गर्ने निधो गरी रू.२,००,०००।- बैनासमेत दिएको मिसिलबाट उजागर भएको छ । खाग बिक्री गर्न निज ऋषिकान्तले काठमाडौंमा रहेका महेश्वर भन्ने खिमबहादुर के.सी. लाई खबर गरेपछि निज के.सी. र आङ्जेन लामा नवलपरासी आई निजहरूले सो खाग काठमाडौं लिई आउन बाटो खर्चबापत रू.५,०००।- दिई काठमाडौं फर्किएको अवस्था छ । बाटो खर्च पाएपछि तिलकराम चौधरीले सो खाग प्रतिवादी कुसुमकुमारी थनैतको झोलामा राखी नारायणघाटबाट ट्याक्सी रिजर्भ गरी निजहरू दुईजना ट्याक्सीमा र मदारी महतो बस चढेर काठमाडौं पुगी आङ्जेन लामा र महेश्वर भन्ने खिमबहादुर के.सी. सँग भेट गरी निजहरूले खोजी गरेका ग्राहक अर्का प्रतिवादी तान्जिन निमा भन्ने निमा लामालाई रू.३५,००,०००।- मा खाग बिक्री गरेको देखिन्छ र सो खाग निज तान्जिन निमा भन्ने निमा लामाले रू.२,००,०००।- नाफा लिएर रू.३७,००,०००।- मा लोफ्याङ्ग नाम गरेको तिब्बतीयन नागरिकलाई बिक्री गरेको मिसिलबाट देखिँदा मुलुक बाहिर पुगिसकेको हुन सक्ने सो खाग यस सरहदभित्र बरामद हुन सक्ने अवस्था नै नदेखिँदा खाग बरामद नभएको कारणले मात्र पुनरावेदक प्रतिवादीहरू सफेद रहेछन् भनी अर्थवोध गर्न मिल्दैन भन्ने निचोडमा यो इजलास पुगेको छ । तसर्थ विद्वान् कानून व्यवसायीहरूले पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउनुपर्छ भनी गर्नु भएको उक्त बहस जिकिरसँग सहमत हुन नसकिने । निज पुनरावेदक प्रतिवादीहरूले कसुर गरेको देखिने ।

प्रतिवादीहरूले गरेको बयानको साङ्गोपाङ्गो अध्ययन गर्दा प्रतिवादीहरूले गैंडा मारेतर्फ इन्कार रहेका र केवल गैंडाको खाग बिक्री गर्ने गराउने कुरामा संलग्न रहेको पाइन्छ । त्यसरी खाग बिक्री वितरण गर्ने कुरामा संलग्न रहेको देखिएबाट सोही ऐनको दफा २७(१) मा प्रचलित नेपाल कानूनबमोजिम कसुरको मात्रामा घाटी आउने वा सजायमा कमी वा छुट वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ भन्ने उल्लेख भएको र पुनरावेदक प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरबमोजिम सफाइ पाउनुपर्ने गरी कुनै प्रमाण पुऱ्याएको देखिँदैन । एउटा प्रतिवादीले गरेको बयानबाट अर्को प्रतिवादीलाई परस्पर पोल गरेको देखिनुका साथै आरोपित कसुरमा सबै प्रतिवादी कुनै न कुनै रूपमा सहभागी र सहयात्री देखिएकोले पुनरावेदक प्रतिवादीहरू महेश्वर भन्ने खिमबहादुर के.सी., तिलकराम चौधरी, वीरेन्द्र साहनी, किशोर चौधरी, आङ्जेन लामा, मदारी महतो, लिलाराम महतो र ऋषिकान्त बस्ताकोटीसमेत ८ जनालाई कसुरदार ठहर गरी भएको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था देखिन नआउने ।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार मुद्दामा कसुरको प्रमाणित गर्ने भार वादीको हुने छ भनी उल्लेख गरेको पाइन्छ । तसर्थः फौजदारी कानूनत: अभियुक्तले आरोपित कसुर गरेको हो भनी प्रमाणित गर्ने अभिभारा वादी पक्षमा नै हुन्छ । यदि वादीले दाबी सिद्ध गर्न सकेन भने प्रतिवादीले सफाइ पाउँछ भन्ने न्यायिक सूत्र पनि प्रचलनमा छ । प्रत्यर्थी प्रतिवादी सुष्मा खनाल, कमानसिंह महतो र पिताम्बर महतोका विरूद्धमा वादी पक्षबाट त्यस्तो भरपर्दो प्रमाण प्रस्तुत गर्न सकेको नदेखिँदा निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा भन्नुपर्ने अवस्था देखिन नआउने ।

पुनरावेदक प्रतिवादी महेश्वर भन्ने खिमबहादुर के.सी. को साथबाट बरामद भएको उपर्युक्त रकम जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको अर्को पुनरावेदन जिकिर छ; त्यसतर्फ विचार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूको उल्लङ्घन

गर्ने कसुरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारी साधन र अन्य वस्तुहरू जफत गर्न सक्ने छ" भन्ने उल्लेख भएको देखिन्छ । कानूनतः अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरू जफत गर्न सक्ने अधिकार मुद्दा हेर्ने अधिकारीले पाएको देखिन्छ । रकम जफत गर्न सक्ने अधिकार एकातिर कानूनमा नै उल्लेख भएको छैन भने अर्कातिर निजबाट बरामद भएको सो रकम गैंडाको खाग खरिद गर्न ल्याएको वा खाग बिक्री गरी प्राप्त गरेको अपराधसित सम्बन्धित हो भन्ने पनि देखिँदैन । तसर्थ बरामद भएको उक्त रकम जफत नहुने ठहर गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा भन्न मिल्ने देखिन आएन । नेपाल सरकारको तर्फबाट पेस हुन आएको पुनरावेदन जिकिरहरूका सम्बन्धमा विचार गर्दा उक्त पुनरावेदन पत्रमा उल्लिखित प्रतिवादीहरूको कसुर स्थापित गर्न पर्याप्त कारण र आधार प्रमाण नदेखिएको हुँदा नेपाल सरकारको समेत पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिएकाले पुनरावेदन अदालत हेटौँडाको फैसला सदर हुने ।

पुनरावेदक प्रतिवादीहरू महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी.लाई १० वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना, मदारी महतोका हकमा १० वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना, ऋषिकान्त बस्ताकोटीको हकमा ८ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, आङजेन लामाका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना, किशोर चौधरीका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना, वीरेन्द्र सहनीका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना, लिलाराम महतोका हकमा ८ वर्ष कैद रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना, तिलकराम चौधरीको हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसला पुनरावेदन अदालत, हेटौंडाबाट सदर भएको अवस्था छ । उक्त फैसलाअनुसार निज पुनरावेदक प्रतिवादीबाट भएको कसुर निर्धारणमा देखिएको कसुरको मात्रा तथा आरोपित कसुरमा यी पुनरावेदक प्रतिवादीको संलग्नताको अवस्था एवम् परिस्थितिलाई विचार गर्दा प्रतिवादीहरूले नै गैंडा मारेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट प्रमाणित हुन आएको देखिँदैन । प्रतिवादीहरूउपर गैंडाको खाग व्यवहार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) १९(१) र २६(६) द्वारा निषेधित कसुर गरेकोले प्रतिवादीहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिनुपर्दछ भन्ने अभियोग मागदाबी रहेको पाइन्छ । सोहीबमोजिम प्रतिवादीले गरेको कसुर अनुसार सजाय गर्नुपर्नेमा कसुरको मात्राभन्दा उपल्लो हदको सजाय गर्ने गरी भएको सुरूको फैसला र सुरूको फैसलालाई सदर गर्नेगरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको सजाय निर्धारण मिलेको देखिन आएन । अतः गैंडाको शिकारमा गई गैंडा यी प्रतिवादीले नै मारेको भन्ने नदेखी रहेको र केवल गैंडाको खाग बिक्रीमा संलग्न रहेको अवस्था देखिन्छ । अपराध हुँदाको अवस्था तथा कानूनले अपराध सम्बन्ध र सो अपराध कसुरअनुसार सजायको व्यवस्था गर्दा गैंडा नै मार्नु प्रथमस्तरको अपराध भएको र अरू कसैले ल्याएको खाग बिक्री गर्नु दुवै अपराध एउटै वर्गभित्र पर्न सक्ने हुँदैन । सजायको व्यवस्थालाई समेत विचार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ ले पहिलो वर्गमा गैंडा, हात्ती, बाघ, कस्तुरी मृग, ध्वाँसे चितुवा वा गौरी गाई पर्ने, पहिलो वर्गका घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने, हस्तान्तरण गरी लिने दिने वा आखेटोपहार राख्नेलाई

५० हजार रूपैयाँदेखि एक लाख रूपैयाँ जरिवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेकोमा यी पुनरावेदक प्रतिवादीहरू आफैँले नै गैंडा मारेको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट नदेखिएको अवस्थामा ठुलो सजाय गर्नु पनि फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने र जरिवाना वा कैद गर्न सक्ने तजवबिजी अधिकारसमेत रहने देखिँदा कसुर हुँदाको अवस्था र कसुरको मात्राअनुसार नै सजाय गर्नु न्यायोचित हुन जाने ।

पुनरावेदक प्रतिवादीहरूबाट भएका कसुरहरूको मात्रा तथा आरोपित कसुरमा यी पुनरावेदक प्रतिवादीको संलग्नताको अवस्था एवम् परिस्थितिसमेतका आधारमा पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१०।२० को फैसलामा केही उल्टी हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूमध्ये महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी.लाई पुनरावेदन अदालत हेटौंडाबाट १० वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना भएकोमा निज महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी.लाई ५ वर्ष कैद, मदारी महतोका हकमा १० वर्ष कैद र रू.१,००,०००।- (एक लाख रुपैयाँ) जरिवाना भएकोमा ५ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, ऋषिकान्त बस्ताकोटीको हकमा ८ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना भएकोमा ५ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, आङजेन लामाका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, किशोर चौधरीका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, वीरेन्द्र सहनीका हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, लिलाराम महतोका हकमा ८ वर्ष कैद रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा ५ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना, तिलकराम चौधरीको हकमा १४ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएकोमा ७ वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ/अञ्चन भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CR-१००७, गैंडा मारी खाग बिक्री व्यवसाय, महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी. वि. नेपाल सरकार ।
- ०७१-CR-१००८, गैंडा मारी खाग बिक्री व्यवसाय, महेश्वर के.सी. भन्ने खिमबहादुर के.सी. वि. नेपाल सरकार ।

३७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७५-CR-०३९२, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. बिजय चापागाईँ*

आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens reus) को संयोजनात्मक रूपबाट पीडितलाई करणी गर्ने उद्देश्यबाट आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गर्ने प्रयास गरेको हुन्छ र कर्ताको अपेक्षाअनुसार कुनै अवरोधको कारण करणी गर्न पाएको हुँदैन र प्रतिवादीको मनसाय तत्त्वलाई निजको क्रियाबाट स्पष्ट हुन आउँछ तर आशय करणीमा भित्री मनसाय अभिष्ट, अभिलाषा करणीको भए तापनि कार्यमा परिणत तथा कार्य नै भएको नहुने ।

प्रतिवादीले पीडित जाहेरवाली परिवर्तित नाम ०१ लाई करणी गर्ने मनसायले तानी समाई जबरजस्ती करणी गर्ने मनसायबाट शरीरमा समेत

हात हालेको देखिएको तर पीडितको शरीरमा कुनै किसिमको यौनजन्य क्रियाकलापबाट भएको घाउचोटको चिह्नहरूसमेत भएको नदेखिँदा करणी गर्न नै खोजी प्रयास गरेको आफ्नो कार्यसिद्धिको लागि प्रयत्न गरेको तर कुनै अवरोधको कारण प्रयासले पूर्णता नपाएको अवस्था देखिनुपर्नेमा सो नदेखिएबाट केवल भित्री मनसाय यौनसन्तुष्टि भए तापनि सो यौन सन्तुष्टिको लागि चाहिने तत्त्व प्रयास गरी कार्यमा परिणत गर्न खोजेकोसमेत नदेखिँदा प्रस्तुत मुद्दामा निज पीडित जाहेरवाली परिवर्तित नाम ०१ लाई यी प्रतिवादी बिजय चापागाईँले आरोप दाबीबमोजिमको कसुर नगरी आशय करणीको कसुरसम्म गरेको पुष्टि हुनआएको देखिएको।

तसर्थ, उच्च अदालत विराटनगर, इलाम इजलासबाट सुरू जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट प्रतिवादीलाई सफाइ दिने गरी मिति २०७३।१२।९ मा भएको फैसला उल्टी भई मुलुकी ऐन, आशय करणीको महलको १ नं. बमोजिमको कसुर देखिँदा आशय करणीमा परिणत हुने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १५ गते रोज् ५ शुभम्।**

**३८**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६८-CR-०७६८, जबरजस्ती करणी, नेपाल सरकार वि. जगदीश साहु हलुवाइ*

छोरीलाई कुनै कारणवश कुटपिट गरेको भन्ने मौकामा कागज गर्ने व्यक्तिहरूबाट खुल्न आएबाट यी आर्थिक रूपमा विपन्न वर्गका सामान्य व्यवसाय गरी जीविकोपार्जन गर्ने प्रतिवादीले छोरीलाई गरेको कुटपिटको घटनालाई बढाई चढाई प्रस्तुत गरिएको हुन सक्ने सम्भावना नकार्न सकिँदैन। घटना भएको भनिएको समयको हाराहारीमा यसबारे थाहा पाउने छरछिमेकी कोही छैनन्। सबैले कागज गर्दा भने सुनेको आधारमा शंका र सम्भावना देखाई आरोप लगाएको देखिन्छ। यस्तो छरछिमेकबाट भने सुनेको कुराहरू अन्य तथ्ययुक्त प्रमाणबाट मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरूको बिच कडी बन्न सकेमा अपराध प्रमाणित हुन सक्छ। तर यस मुद्दामा भौतिक रूपमा भएका स्वास्थ्य परीक्षण तथा प्रयोगशाला प्रतिवेदनसमेतबाट घटना भएको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण फेला नपरेको र अदालतमा आई बकपत्र गर्दा जाहेरवालाले समेत घटना भएकै होइन भनी प्रतिकूल बकपत्र गरेकोबाट शंकारहित तवरबाट घटना घटेको पुष्टि नै नभएको स्थितिमा शंकाको आधारमा प्रतिवादीलाई कसुरदार ठहराउनु न्यायसङ्गत नदेखिने।

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको, पीडितले अदालतमा बकपत्र गर्दा आफूलाई बुबाले जबरजस्ती करणी गरेको होइन, कुटपिटसम्म गरेको भनी लेखाइदिएको, पीडितको शरीर जाँच प्रतिवेदनमा जबरजस्ती करणीसँग सम्बन्धित कुनै लक्षण नभएको भनी उल्लेख भएको, उक्त प्रतिवेदनलाई विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनसमेतले समर्थन गरेको अवस्था देखिँदा पुनरावेदन अदालत राजविराजबाट भएको फैसला कानून र न्यायको रोहमा मिलेकै देखिने।

तसर्थ,जबरजस्ती करणीको कसुर गरेको ठहऱ्याई सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६६।१२।२५ मा भएको फैसला उल्टी गरी प्रतिवादी जगदीश साहु हलुवाइलाई अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट भएको मिति २०६८।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल श्रावण १३ गते रोज ३ शुभम्।**

**३९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०६८-CI-१५७०, अंश, कर्णबहादुर भण्डारीसमेत वि. सुभाषचन्द्र भण्डारी*

प्रतिवादी कर्णबहादुर भण्डारीले विभिन्न ठाउँमा नोकरी गरी रकम आर्जन गरेको देखिने केही कागजात पेस भएको भए तापनि खरिद गरिएका जग्गाहरू सोही कमाइबाट खरिद गरिएको हो भनी प्रमाण पेस गरी पुष्टि गर्न सकेको अवस्था मिसिल संलग्न कागजातबाट देखिँदैन । सगोलमा रहँदा बस्दाको अवस्थामा सबै खती उपती सगोलका अंशियारको हुने हुँदा निजको नाममा खरिद गरिएको सम्पत्तिलाई सगोलको सम्पत्ति मान्नुपर्ने अवस्था देखिन आएको ।

जहाँसम्म जस्मादेवीलाई बुझिपाउँ भन्ने पुनरावेदन जिकिरको प्रश्न छ सुरू अदालतबाट तायदाती दिनका लागि निजका नाममा पक्राउ पुर्जीसमेत जारी भएकोमा निज उपस्थित भएको नदेखिएको र वादी सुभासचन्द्र भण्डारीको वारेस खेमबहादुर लामाले जस्मादेवी भण्डारी जिम्माको सम्पत्ति खोजतलास गर्दा नभेटिएको भनी तायदाती दिएको देखिएको हुँदा निज जस्मादेवी भण्डारीलाई बुझिरहनपर्ने देखिन आएन । निजको नाउँमा कुनै सम्पत्ति रहे भएको भए सोको तायदाती यी पुनरावेदकहरूले समेत पेस गर्न सक्ने र सो पेस गरेको नदेखिँदा पछि आएर पुनरावेदन जिकिर लिन नमिल्ने ।

पुनरावेदक हरेन्द्र भण्डारी यद्यपि अविवाहित रहेकोमा अंशबन्डाको १७ नं. बमोजिम विवाह खर्च पर सारी अंशबन्डा गर्नुपर्नेमा सोतर्फ विचार नगरेको भन्ने प्रश्नतर्फ विचार गर्दा, प्रस्तुत मुद्दा दोहोऱ्याइपाउँ भन्ने निवेदन मिति २०६८।९।१८ मा दर्ता भएकोमा हालसम्म विवाह भई नसकेको भन्ने प्रमाण पेस गर्न नसकेको, पुनरावेदकले मिति २०७६।८।३ गतेदेखि तारिख गुजारी थाम्ने थमाउने म्याद गुजारी बसेको अवस्था रहेको, मुलुकी ऐन, अंशबन्डाको १७ नं.मा अंशबन्डा गर्दा विवाह नभएको अंशियारको हकमा विवाह खर्च पर सार्ने सम्बन्धमा कानूनी व्यवस्था गरे तापनि सो मुलुकी ऐनलाई विस्थापित गरी आएको मुलुकी देवानी संहिता, २०७४ को अंशबन्डासम्बन्धी महलमा अंशबन्डा गर्दा विवाह खर्च पर सारी अंशियारबिच अंशबन्डा गर्नुपर्ने व्यवस्थासमेत नभएको सन्दर्भमा पुनरावेदन जिकिरबमोजिम विवाह खर्च पर सार्नु सान्दर्भिक नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था नदेखिने ।

तसर्थ, वादी दाबीबमोजिम पेस भएको तायदातीमा उल्लिखित सम्पत्तिमध्येबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहऱ्याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६६।२।१० मा भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल साउन १३ गते रोज ३ शुभम् ।**

४०

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७०-CR-०१४१, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. साँढे भन्ने कैलाशकुमार सिंह ।*

प्रतिवादीले आफू प्रहरीको पक्राउबाट जसरी पनि उम्कने र भाग्ने मनसायबाट प्रेरित भई घटनास्थलमा उपस्थित प्रहरीहरूलाई नै लक्षित गरी हतियार चलाएका अवस्थामा पूर्व सेनामा समेत रही जागिर छाडेका प्रतिवादीले मानिस मर्नसक्छ भन्ने जानी जानी फायरिङ गरेको मान्नुपर्ने अवस्था छ । पीडित प्रहरी कर्मचारीलाई शरीरका संवेदनशील अंगमा लाग्नबाट जोगिन पुगी संयोगवश हातमा लागी घाइते भएबाटसम्म निजको ज्यान मर्न नपाएको देखिन्छ । यस्तो अवस्थामा कुनै तेस्रो पक्ष वा तत्त्वको

प्रत्यक्ष अवरोध सिर्जना हुनु नहुनुले कुनै तात्त्विक फरक पर्दैन । गोली प्रहार गर्नु नै कसैलाई मार्ने मनसायले गरिने कार्य भएकोले निजको आपराधिक मनसाय पुष्टि हुने भई निजले ज्यान मार्ने उद्योगको कसुर अपराध गरेको प्रमाणित हुन आएको।

अतः प्रतिवादी साँढे भन्ने कैलाशकुमार सिंहले पीडित राजु भण्डारीलाई गोली प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेको अवस्थामा सुरू काठमाडौं जिल्ला अदालतबाट निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६८/०२/३१ मा भएको फैसला र सो फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९/१०/०२ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई निज प्रतिवादीले तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ज्यान मार्ने उद्योग गरेको ठहर्ने।

इजलास अधिकृत: रबिना फुयाल, लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत् २०७७ साल श्रावण १३ गते रोज ३ शुभम्।**

४१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CR-०१७२, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. मिलन गुरूङ*

प्रतिवादी मिलन गुरूङ लागु औषध सेवनकर्ता हुन् भन्ने कुरा वादी पक्षले शंकारहित तवरले प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित गराउन सकेको देखिँदैन । यी प्रतिवादीले थाहा जानकारीबिना मोबाइलको चार्जर हो भनी सह-अभियुक्तले राख्न दिएकोले बोकी ल्याएको अवस्थासम्म देखिन्छ । यी पुनरावेदक प्रतिवादीको साथबाट लागु औषध बरामद भएको भए तापनि उक्त लागु औषध सेवन गर्ने कार्य तथा ओसारपसार, निकासी पैठारी, सुक्री बिक्री गर्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता नरही केवल सहप्रतिवादीसँग हिँडेको र निज सहप्रतिवादी प्रजुन खतिवडाले लागु औषध खरिद गरी ल्याएको वस्तु आफूसँग राखी ल्याएकोसम्म देखिन्छ। तर निजले सङ्गठित रूपबाट उक्त कार्य गरेको नभई केवल सहअभियुक्तलाई सहयोग गरी अन्जानवश बोकी दिएको मान्नुपर्ने पर्याप्त कारण देखिएको।

फौजदारी दण्ड विधिशास्त्रमा कसुरदारलाई सजाय गर्दा कसुरको गाम्भीर्य (Gravity of crime) बमोजिम सजाय गर्नुपर्ने मान्यता रहेको छ । कुनै पनि व्यक्तिको कसुर कानूनविपरीत भए तापनि निजको आपराधिक मनसाय, संलग्नता, परिस्थिति, अवस्थासमेत समष्टिगतरूपमा विचार गरी सोहीअनुसार कसुरको मात्रा कायम गर्नुपर्ने र कसुर कायम भएपछि सजाय तोक्दासमेत विवेकसम्मतरूपले कसुरअनुसारकै सजाय तोक्नु न्यायोचित हुन जाने हुन्छ । अन्जानवश सहअभियुक्तले राख्न दिएको वस्तु आफ्नो साथमा राखिदिएको कारणले मात्र मूल कसुरदारसरह कसुर कायम गरी सजाय गर्दा न्यायोचित नहुने हुँदा पुनरावेदन अदालत, हेटौंडाले यी प्रतिवादीको हकमा मतियारसम्मको भूमिकामा सजाय ठहर गरेको फैसला मिलेकै देखिने।

तसर्थ, सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०७०।१।१६ मा भएको फैसला केही उल्टी गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को १७ नं. अनुसार प्रतिवादी मिलन गुरूङलाई २(दुई) वर्ष ६ (छ) महिना कैद सजाय हुने ठहर्‍याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१०।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १३ गते रोज ३ शुभम्।**

**४२**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-RC-०००२, कर्तव्य ज्यान, नेपाल सरकार वि. पापुला तामाङ*

जाहेरवालाले अदालतमा आई जाहेरी

बेहोराविपरीत बकपत्र गरेको देखिए तापनि घटनास्थल मुचुल्का, मृतकको लास जाँच प्रकृति मुचुल्का, लाश सद्गत गर्न जिम्मा दिएको पुर्जी, अनुसन्धानका क्रममा तयार भएको कागजातहरूमा जाहेरवालाले उपस्थित भई सहीछापसमेत गरेको अवस्थामा सुरू अदालतमा जाहेरवालाले गरेको बकपत्र बेहोरालाई स्वाभाविक मान्न नसकिने अवस्थामा अभियोग माग दाबीबमोजिम प्रतिवादी पापुला तामाङसमेतले मृतक चुस्तबहादुर भन्ने तिलकबहादुर तामाङको टाउको जस्तो संवेदनशील अंगमा बन्चरो जस्तो धारिलो हतियारले पटक-पटक प्रहार गरी सोही चोटका कारण मृतकको मृत्यु भएको पुष्टि भएको स्थितिमा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं विपरीत ऐ.१३(१) नं. बमोजिमको कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्म कैद सजाय हुने ठहऱ्याई भएको सुरू अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, प्रतिवादी पापुला तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं.को कसुरमा ऐ.१३(१) नं.बमोजिम सर्वश्वसहित जन्म कैद सजाय हुने ठहऱ्याई भएको सुरू जिल्ला अदालतको फैसलालाई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।१२।२६ मा सदर हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा सो फैसला साधकको रोहमा सदर हुने।

प्रतिवादी पापुला तामाङ तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १ र १३(१) नं.को कसुरमा ऐ.ऐ.१३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर भएकोमा मुलुकी अपराध संहिता, २०७४ दफा ४० को उपदफा (२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा रहेको व्यवस्था तथा उक्त ऐनहरू २०७५ साल भाद्र १ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी पापुला तामाङलाई सर्वश्वको सजाय नहुने भई जन्म कैदको सजाय मात्र हुने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

**इति संवत २०७७ साल साउन १३ गते रोज ३ शुभम्।**

## ४३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा. श्री कुमार चुडाल,** *०७२-CI-०७०९, टण्टा खिचोला हक कायम चलन, श्यामसुन्दरप्रसाद यादव वि. सखिना खातुन*

विवादित कि.नं. २ र ३ ऐलानी भएको हुँदा भोगचलनको आधारमा आफ्नो हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा प्रतिवादीको आफ्नो हो भनिएको कि.नं. ४ समेतको जग्गाको फिल्डबुकमा घरबासको ऐलानी जग्गा भनी लेखिएको देखिन्छ भने वादी दाबीको कि.नं. १ र २ को जग्गासमेत सोही प्रकृतिको घरबासको ऐलानी भनी लेखिएको अवस्था छ। विवादित कि.नं. १ र २ को घरजग्गामा पुनरावेदक प्रतिवादीको भोगचलन थियो भन्ने तथ्य स्थापित नभई सो घरजग्गामा वादीको भोग रहेको नै देखिँदा घरबासको ऐलानी एकै प्रकृतिको जग्गा भएको अवस्थामा विवादित जग्गालाई मात्र ऐलानी जग्गा हुँदा आफूले पाउनुपर्ने भन्ने यी पुनरावेदक प्रतिवादीको जिकिरलाई उचित र विश्वासयोग्य मान्न सकिएन। सो हुँदा पुनरावेदक प्रतिवादी श्यामसुन्दरप्रसाद यादवले वादी दाबीको कि.नं. २ र ३ तथा न.नं. २ र १ को घर जग्गा खिचोला गरेको तथ्य पुष्टि हुन आएको।

अतः प्रतिवादीले वादी सखिना खातुनको दाबीबमोजिम कि.नं. २ र ३ को घरजग्गा खिचोला गरेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई बारा जिल्ला अदालतबाट मिति २०६८।५।२९ मा भएको

फैसला उल्टी गरी प्रतिवादीले वादीको घर जग्गामा गरेको खिचोला मेटाई हक कायम भई चलनसमेत चलाई पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल भदौ १ गते रोज ३ शुभम्।**

## इजलास नं.८

**४४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री तेजबहादुर के.सी.,** *०७०-WO-०१५६, उत्प्रेषण, असरफ अली अन्सारी वि. विशेष अदालत बबरमहलसमेत।*

रिट निवेदक असरफ अली अन्सारीकी पत्नी राधा अन्सारीले लागु औषध (चरेस) मुद्दा अनुसन्धानको क्रममा मिति २०५७।१२।२३ मा गरेको घटना विवरण कागजमा आफ्नो घर ठेगाना बाँके जिल्ला, नेपालगन्ज नगरपालिका, वडा नं. ६ उल्लेख गरी हस्ताक्षरसमेत गरेको देखिन्छ। निजले कागज गर्दा खुलाइदिएको सोही ठेगाना तथा निवेदकको हस्ताक्षर परेको बरामदी मुचुल्कामा उल्लेख भएको ठेगाना नै कायम गरी यी निवेदक असरफ अली अन्सारी र निजकी पत्नी राधा अन्सारीसमेत विरूद्ध अभियोगपत्र दायर भएको पाइन्छ। सोहीअनुरूप मुद्दा काराबाहीको सिलसिलामा विशेष अदालत काठमाडौंबाट असरफ अली अन्सारीको नाउँमा उल्लिखित ठेगानामा समाह्वान म्याद जारी गरी पठाइएकोमा उक्त घर ठेगानामा निवेदक फेला नपरेको हुँदा निवेदकको उल्लिखित ठेगानामा रहेको घरको भित्तामा १ प्रति टाँसी जिल्ला बाँके, नेपालगन्ज नगरपालिका, वडा नं. ६ वडा सदस्यको दस्तखत गराई छाप लगाई ऐ.वडाका ३ जना व्यक्ति साक्षीसमेत राखी मिति २०५८।०२।०७ मा म्याद तामेल भएको देखिन्छ। यसरी रिट निवेदक असरफ अली अन्सारीकी पत्नी राधा अन्सारीले नै उक्त मुद्दाको अनुसन्धानको क्रममा घटना विवरण कागजमा खुलाइदिएको ठेगाना तथा लागु औषध चरेस मुद्दामा भएको बरामदी मुचुल्कामा उल्लिखित ठेगानामा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. ले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम नै निवेदकको नाउँको म्याद तामेल भएको देखियो। यसरी कानूनी विधि र प्रक्रिया पूरा गरी म्याद तामेल भएको अवस्थामा लागु औषध (चरेस) मुद्दाका प्रतिवादी यी निवेदक कानूनबमोजिमको म्यादभित्र अदालतमा उपस्थित भई आफ्नो प्रतिरक्षा गर्नुपर्नेमा सोतर्फ उदासीन रही म्याद गुजारी बसी फैसला भएको लामो समयपश्चात् हाल आएर सुनुवाइको मौका नै दिइएन भन्ने निवेदन जिकिर न्यायोचित नदेखिने।

अतः निवेदकको पत्नी राधा अन्सारीले लागु औषध चरेस मुद्दाको घटना विवरण कागजमा खुलाएकै ठेगाना तथा सोही मुद्दाको बरामदी मुचुल्कामा निवेदकको हस्ताक्षर भई जनिएको ठेगाना नै उल्लेख गरी अभियोगपत्र दायर भएको र विशेष अदालतबाट सोही ठेगानामा निवेदकको नाउँमा म्याद जारी गरी म्याद रीतपूर्वक तामेल भएको देखिँदा निवेदन मागबमोजिम रिट जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मिलनचन्द्र महत

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम्।**

- यसै लगाउको ०७१-WO-०७९६, उत्प्रेषण, राधा अन्सारी वि. विशेष अदालतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-१३५५, जबरजस्ती*

*करणी, नेपाल सरकार वि. नागेन्द्र भन्ने राजेन्द्र चौहान*

कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणी गरेको तथ्य स्थापित गर्न सहयोग पुग्ने भए पनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुरा पुष्टि नभएसम्म कन्याजाली फाटेकै आधारमा जबरजस्ती करणी भएको भनी निष्कर्षमा पुगी हाल्न न्यायोचित हुँदैन। पीडितको शरीरमा कुनै घाउचोट, निलडाम, चिथोरिएको कोपरिएको भन्ने कुनै सङ्केत नदेखिएको अवस्थामा प्रतिवादीले करणी गरेकै कारण निजको कन्याजाली फाटेको हो भन्ने अर्थ लगाउन नमिल्ने।

पीडितको कन्याजाली फाटेको भन्ने तथ्यले जबरजस्ती करणीको तथ्य स्थापित गर्न सहायक भूमिका खेल्ने भए पनि अन्य स्वतन्त्र प्रमाणहरूबाट सो कुराको पुष्टि हुनुपर्दछ । पीडितले आफूलाई जबरजस्ती करणी गरेको भन्दैमा जबरजस्ती करणीको कसुर कायम गर्न मिल्दैन। सो कुरा मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट तथ्यगत रूपमा पुष्टि हुनुपर्दछ। जबरजस्ती करणी मुद्दामा पीडितको भनाइ सबुत प्रमाणको रूपमा रहने भए पनि सबै अवस्था र परिस्थितिमा अकाट्य प्रमाणको रूपमा लिन मिल्ने अवस्था नहुने।

प्रतिवादी नागेन्द्र भन्ने राजेन्द्र चौहानले अधिकार प्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा अभियोग दाबीको कसुर गरेकोमा इन्कार रही बयान गरेको र निजको इन्कारी बयानलाई निजका साक्षी तथा मौकामा कागज गर्ने मानिसहरूले अदालतमा आई प्रतिवादीले जाहेरवालालाई जबरजस्ती करणी गरेको होइन भनी बकपत्र गरी थप पुष्टि गरिदिएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा राखेको र सर्वोच्च अदालतले विगतमा थुप्रै मुद्दामा फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने भनी सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिमको आरोपित कसुर यी प्रतिवादी नागेन्द्र भन्ने राजेन्द्र चौहानले गरेका हुन् भनी शंकारहित तबरबाट अभियोजन पक्षले पुष्टि गराउन सकेको अवस्था नहुँदा शङ्काको सुविधा अभियुक्तमा जान्छ। अपराधीले अपराध गरेको तथ्यलाई मिसिल संलग्न सबुद प्रमाणबाट शंकारहित तवरबाट पुष्टि नभई सजाय गर्दै जाने हो भने निर्दोष व्यक्ति अन्यायपूर्ण सजायको भागीदार भई सम्पूर्ण न्याय प्रणालीको स्वच्छता नै डगमगाउन सक्ने अवस्था सिर्जना हुन सक्छ। अतः प्रतिवादीउपर परिवर्तित नाम ३५ भरतपुर (१७) ०७५/७६ लाई जबरजस्ती करणी गरेको भनी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१), (२) र (३) (ग) को कसुरमा सोही संहिताको दफा २१९ (३) (ग) बमोजिम सजाय गरी सोही संहिताको दफा २२८ बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिब क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने अभियोग दाबी रहे तापनि आरोपित कसुर गरेकोमा प्रतिवादीले अदालतमा गरेको इन्कार बयान, पीडित स्वयंले अदालतमा बकपत्र गर्दा प्रतिवादीले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी स्पष्ट रूपमा भन्न नसकेको र पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट समेत निजउपर जबरजस्ती करणी भएको भन्ने ठोस लक्षण चिह्न नदेखिएको स्थितिमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको गरेको हो भनी निष्कर्षमा पुग्न मनासिब नहुने हुँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला अन्यथा देखिँदैन। उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी नागेन्द्र भन्ने राजेन्द्र चौहानलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१), (२) र (३)(ग) बमोजिमको

कसुरमा सोही संहिताको दफा २१९ (३) को खण्ड (ग) बमोजिम १३ वर्ष कैद र ऐ. दफा २२८ बमोजिम पीडितलाई प्रतिवादीबाट रू.२०,०००।- (बिस हजार) क्षतिपूर्ति भराइदिने ठहर गरी भएको सुरू चितवन जिल्ला अदालतको मिति २०७६।२।१ को फैसला उल्टी गरी प्रतिवादी नागेन्द्र भन्ने राजेन्द्र चौहानले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७६।७।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम्।**

४६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-०२१७, ठगी, नेपाल सरकार वि. गंगाबहादुर डुम्जन*

प्रतिवादी गंगाबहादुर डुम्जनले बरामदित बा ६५ प २८०९ नं. मोटरसाइकल आफूले कहिलेकाहीँ प्रयोग गर्दै आएको भनी बयानमा उल्लेख गरेकोमा उक्त मोटरसाइकल धनीले पनि सो मोटरसाइकल यिनै प्रतिवादीले नै प्रयोग गरेका हुन् भनी लेखाइदिएको भए तापनि जाहेरवालाले यही मोटरसाइकलका चालक गंगाबहादुर डुम्जनले नै निजलाई ठगी गरेका हुन् भनी स-प्रमाण पुष्टि हुने गरी प्रमाण दाखिला गर्न सकेको पाइँदैन । प्रतिवादीसँग ४५८ थान ५० दरको डलर कहाँबाट कसरी प्राप्त भयो ? नचिनेका मानिससँग झोलामा भएको यति ठुलो रकम जाहेरवालाले हेर्दै नहेरी खुल्ला बाटोमा प्रतिवादीहरूको विश्वासमा परी कसरी कारोबार गरेका हुन् भनी विश्वास गर्ने अवस्था मिसिलबाट देखाउन र सोको विश्वासयोग्य प्रमाणसमेत वादी पक्षले पेस गर्न सकेको देखिँदैन। त्यसैगरी मुख्य प्रतिवादी भनिएका दिपक तामाङलाई खोजतलास गरी पक्राउ गर्न सकेको नदेखिएको र निजको वास्तविक वतनसमेत वादी पक्षले देखाउन नसकी निजको हकमा मुद्दा तामेलीमा रहेको पाइयो । यसका साथै जाहेरवालाले आठ लाख रूपैयाँ सटही गरेको भनिएको डलरको पोकासमेत जाहेरी निवेदनसाथ पेस गर्न सकेको देखिँदैन भने अभियोगपत्रसाथ पनि उक्त दसी प्रमाण स्वरूप पेस गर्न सकेको देखिन नआएको।

अतः प्रतिवादी गंगाबहादुर डुम्जनले आरोपित कसुर अपराध गरेको भन्ने नदेखिएको अवस्थामा निज पुनरावेदक प्रतिवादी गंगाबहादुर डुम्जनलाई ठगीको ४ नं. बमोजिम २ वर्ष कैद र बिगोबमोजिम जरिवाना तथा बिगोसमेत निज प्रतिवादीबाट जाहेरवालालाई भराइपाउने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी गंगाबहादुर डुम्जनले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको उच्च अदालत पाटनको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उक्त फैसला उल्टी गर्ने प्रयोजनार्थ प्रतिवादी झिकाइपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, ललितपुर जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई उच्च अदालत पाटनबाट मिति २०७३।१२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७८ असार १६ गते रोज ४ शुभम्।**

**४७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-०१८१, बन्दीप्रत्यक्षीकरण, जङ्गबहादुर भण्डारीसमेत वि. माननीय गृह मन्त्रीसमेत।*

अभद्र व्यवहारसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय, चितवनबाट निवेदकहरूको हकमा अनुसन्धानको लागि म्याद थप गर्दाको औचित्यता पुष्टि गर्ने कारण र आधार उल्लेख गरेको देखिएन । निवेदकहरू विद्यार्थीसमेत भएको देखिएको र निवेदकहरूले फरक विचार र आस्था राखेकै आधारमा प्रवृत्त भावना लिई बिनाकारण र आधार निवेदकहरूलाई पटक पटक थुनामा राखेको देखिँदा निवेदकहरूको थुनालाई कानूनसम्मत मान्न मिलेन । तसर्थ, निवेदकहरूको थुना गैरकानूनी र प्रवृत्त भएको देखिएकाले नेपालको संविधानको धारा १६,१७,१८ द्वारा प्रदत्त मौलिक हकको सन्दर्भमा ऐ.को धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क)(ख) बमोजिम बन्दी निवेदकहरू जङ्गबहादुर भण्डारी, काजी गुरूङ र मिलन राईलाई यस अदालतको रजिस्ट्रारको रोहबरमा थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल पुस १० गते रोज ५ शुभम् ।**

४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१८५०, सवारी ज्यान, नेपाल सरकार वि. रबिन कुशवाहासमेत ।*

जाहेरवालाको पूरक जाहेरी, बकपत्र, घटना विवरण कागज गर्ने व्यक्तिहरूको अदालतसमक्षको बकपत्र, प्रतिवादीका साक्षी गोपिचन महतोको बकपत्रसमेतबाट लाइसेन्स नभएका प्रतिवादी रविन कुशवाहालाई यी प्रतिवादी ट्र्याक्टर धनी सुभाष दासले ट्र्याक्टर चलाउन दिएको भन्ने पुष्टि भएको नदेखिँदा चालक अनुमतिपत्र नभएको व्यक्ति प्रतिवादी रविन कुशवाहालाई ट्र्याक्टर चलाउन दिई निजले घटना घटाएको भन्ने नदेखिने ।

तसर्थ, प्रतिवादी रविन कुशवाहाले ट्र्याक्टर चलाई सवारी दुर्घटना भएको नदेखिँदा निजलाई अभियोग माग दाबीबमोजिम सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १६१(२) र १६१(४) को कसुर गरेको ठहऱ्याई ४ वर्ष कैद र रू.४०,०००।- जरिवाना र थप रू.२,०००।- जरिवानासमेत हुने र चालक अनुमतिपत्र नभएको व्यक्ति प्रतिवादी रविन कुशवाहालाई ट्र्याक्टर चलाउन दिएको भनी प्रतिवादी सुभाष दासलाई ऐ.ऐनको दफा १६१(५) बमोजिम १ वर्ष कैद सजाय हुने ठहर गरेको सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरू रविन कुशवाहा र सुभाष दासले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जको फैसला मिलेकै देखिँदा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू बारा जिल्ला अदालतबाट प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजायसमेत गर्ने गरेको मिति २०७६।०२।३१ को फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।०९।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: (उपसचिव) यज्ञमूर्ति ज्ञवाली

कम्प्युटरः सुप्रभा अर्याल

**इति संवत् २०७८ असार १८ गते रोज ६ शुभम् ।**

**४९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१८५६, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. पर्शुराम सहनी*

अभियोगपत्रमा प्रतिवादीले भारतबाट लागु औषध खरिद गरी बिक्री वितरण गर्ने उद्देश्यले नेपालतर्फ ल्याई ओसार पसार गरेको भनी दाबी लिएको देखिए तापनि यी प्रतिवादी लागु औषध ब्राउन सुगर बिक्री गर्दा

गर्दै पक्राउ परेको भन्ने पनि देखिँदैन। प्रतिवादीले कहाँ, कसलाई, के कति मूल्यमा लागु औषध बिक्री गर्नका लागि ओसार पसार गरेको हो भन्ने तथ्य वादी पक्षबाट पुष्टि गराउन सकेको पाइएन। प्रतिवेदक प्रहरी हवल्दार रेशमबहादुर कुँवरले प्रतिवादी लागु औषध कारोबार गर्ने व्यक्ति हुन भनी स्पष्ट रूपमा अदालतसमक्ष बकपत्र गर्न सकेको देखिएन । प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण हेर्दा पनि खासै त्यति ठूलो परिमाणको रहेको भन्ने पनि नदेखिने।

तसर्थ, प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाणसमेतलाई दृष्टिगत गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४ (१) (छ) (१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।- जरिवाना गर्ने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७४।१०।१४ को फैसला केही उल्टी गरी प्रतिवादी पर्शुराम सहनीलाई सोही ऐनको दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद हुने ठहऱ्याइ भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।०२।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: (उपसचिव) यज्ञमूर्ति ज्ञवाली
कम्प्युटरः सुप्रभा अर्याल

**इति संवत् २०७८ असार १८ गते रोज ६ शुभम् ।**

५०

मा.**न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१८६७, ठगी, नेपाल सरकार वि. रामकुमार भण्डारीसमेत।*

प्रतिवादीलाई जाहेरवालाले रूपैयाँ बुझाई तमसुकसमेत गरेको बेहोरा जाहेरीमा उल्लेख गर्नुका साथै जाहेरवालीले अदालतमा बकपत्र गर्दासमेत आफूले दिएमध्येको केही रकम फिर्तासमेत पाइसकेको भनी स्वीकार गरेको र प्रतिवादीहरूले भाखा तमसुक गराएको समेत देखिँदा जाहेरवाली र प्रतिवादीबिच भएको प्रस्तुत व्यवहारलाई ठगीको वारदात मान्न मिल्ने अवस्था नभई जाहेरवाली र प्रतिवादीहरूबिच भएको व्यवहार लेनदेन देवानी प्रकृतिको देखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट प्रतिवादीहरूले ठगी गरेको ठहऱ्याई भएको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने र प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने गरी दुनियाँवादी लेनदेन मुद्दामा परिणत हुने ठहऱ्याई भएको उच्च अदालत, पाटनको फैसला अन्यथा नदेखिँदा विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, ठगी गरेको भनी प्रतिवादीहरूलाई सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।१२।०६ को फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी रामकुमार भण्डारी र पुनरावेदन नगर्ने प्रतिवादी विश्वराम नेपालसमेतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४(२) बमोजिम सफाइ पाउने र प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने गरी दुनियाँवादी लेनदेन मुद्दामा परिणत हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७६।०८।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: (उपसचिव) यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७८ असार १८ गते रोज ६ शुभम्।**

**५१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-००२१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. भवानी पन्त।*

प्रतिवादीबाट जाहेरवालालाई अभियोग दाबीबमोजिम बिगो र हर्जानासमेत भराइदिनुपर्नेमा सो नभएको भन्ने सो हदसम्मको वादी नेपाल सरकारको

पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादी भवानी पन्तले जाहेरवालालाई वैदेशिक रोजगारमा अमेरिकामा पठाइदिने भनी रू.१८,१५,०००।– बुझी लिई लिखत गरिदिएकोमा सोमध्ये रू.६,००,०००।– जाहेरवालालाई फिर्ता गरिसकेकोले बाँकी रू.१२,१५,०००।– र सोको ५० प्रतिशतले हुने हर्जानासमेत जाहेरवालालाई दिलाई भराइपाउँ भनी अभियोगपत्रमा दाबी गरेको देखिन्छ । जाहेरवालाले पाउनुपर्ने बाँकी रकम रू.१२,१५,०००।– मध्ये प्रतिवादी भवानी पन्तले प्रस्तुत मुद्दा चल्नुपूर्व नै वैदेशिक रोजगार विभागको खाता नं. १३१५३९ मा मिति २०६९।३।२६ मा रू.९,१५,०००।- धरौटी राखेको मिसिल संलग्न धरौटी रसिदबाट देखिन्छ । उक्त रकम जाहेरवालाले वैदेशिक रोजगार विभागबाट फिर्ता पाउने नै हुँदा बाँकी हुने रू.३,००,०००।– र सोको ५० प्रतिशतले हुने हर्जाना रू.१,५०,०००।- जाहेरवालाले प्रतिवादीबाट भराइ लिन पाउने देखिन आयो । तसर्थ, जाहेरवालाले प्रतिवादीबाट बिगो रू.३,००,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रू.१,५०,०००।– समेत भराइ लिन पाउने ठहऱ्याइ भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिँदा वादीको पुनरावेदन जिकिर एवम् सुरू फैसला उल्टी गर्ने प्रयोजनार्थ छलफलका निमित्त प्रत्यर्थी झिकाइपाउँ भन्ने वादीतर्फका उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७२।११।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७८ असार १६ गते रोज ४ शुभम् ।**

## ५२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०३५९, बन्दीप्रत्यक्षीकरण, कमल सुनार कामी वि. काठमाडौं जिल्ला अदालतसमेत ।*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ को कानूनी व्यवस्था अदालतको साधारण अधिकारक्षेत्रभित्रको विषय हो । यस अदालतको मिति २०७८।१।१४ र २०७८।१।३१ को पूर्ण बैठकको निर्णयको कारण वैकल्पिक उपचारको रूपमा पर्न आएको प्रस्तुत निवेदन भए पनि उक्त कानूनी मार्गको अवलम्बन गरी प्रस्तुत निवेदनमा प्रमाणको मूल्याङ्कन गरी निर्णयमा पुग्न सिद्धान्तः मिल्दैन । प्रस्तुत निवेदनको माध्यमबाट तल्लो अदालतले गरेको आदेशमा गलत कानूनको प्रयोग भएको, प्राकृतिक न्यायको सिद्धान्त बर्खिलाफ भएको, सम्बद्ध विषयमा यस अदालतबाट प्रतिपादित सिद्धान्तको बर्खिलाफ भएको, प्रत्यक्ष कानूनी त्रुटि (Violation of law) भएको पाइएमा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हुन्छ । उल्लिखित कुनै कुरा भएको छ भनी निवेदकले निवेदनमा उल्लेख गरेको पाइएन । यस स्थितिमा प्रचलित कानूनबमोजिम सक्षम निकायबाट मिसिल संलग्न तत्कालै प्राप्त प्रमाणको मूल्याङ्कन गरी प्रचलित कानूनी व्यवस्थाबमोजिम भएको आदेशबमोजिम न्यायिक हिरासत(Judicial custody) मा रहेका यी निवेदकको मागबमोजिम निजलाई थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दा नियमित अदालती काराबाहीमा हस्तक्षेप हुन जाने हुँदा निवेदन मागअनुसार आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर एवम् निजका तर्फबाट प्रतिरक्षार्थ रहेका विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः निवेदन मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट

निवेदन खारेज हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

**इति संवत् २०७८ साल जेठ २१ गते रोज ६ शुभम्**

५३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-०८४५, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. बिराज बोहरा ।*

जाहेरवाला चैनपुर ग ले सुरू अदालतमा गरेको बकपत्रबाट जाहेरी र प्रमाणित बयानलाई खण्डित भएको, किटानी जाहेरी र प्रमाणित बयानलाई पुष्टि गर्ने अन्य भरपर्दो, विश्वसनीय र स्वतन्त्र आधार प्रमाण मिसिल कागजातबाट नदेखिएको, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष तथा सुरू अदालतमा कसुरमा इन्कारी रही बयान गरेको देखिएको, प्रतिवादीका साक्षीहरू लालबहादुर बोहरा र ज्ञानबहादुर बोहराले सुरू अदालतमा गरेको बकपत्रबाट प्रतिवादीले जाहेरवाला चैनपुर ग लाई अभियोग दाबीबमोजिम बिक्री गर्ने उद्देश्यले नै बझाङबाट नेपालगन्ज लगेको भन्ने अभियोग दाबी शंकारहित तवरले पुष्टि भएको नदेखिँदा कसुरदार ठहऱ्याएको सुरू बझाङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी बिराज बोहराले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको उच्च अदालत दिपायलको मिति २०७४।१०।९ को फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७७ साल जेठ २० गते रोज ३ शुभम् ।**

**५४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१११९, जबरजस्ती करणी, नेपाल सरकार वि. सन्जिव वि.क. ।*

पीडितकी आमा जाहेरवाली स्वयंले पीडितलाई केही सुस्त मनस्थितिकी भनी जाहेरीमा उल्लेख गरेको अवस्थासम्म देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले आफ्नो रायमा पीडितको मानसिक स्थिति पहिलादेखि केही कमजोर भएको, तर घटनाको विवरण र समय ठिक रूपमा दिन सकेको भनी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ । सुस्त मनस्थितिका कारण पीडित अशक्त वा अपाङ्ग रहेको भन्ने कुनै सरकारी कार्यालय वा अस्पतालबाट प्रमाणित भएको कागज वा परिचयपत्रसमेत निजले प्राप्त गरेको भन्ने मिसिल संलग्न कागजातमा देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम थप सजाय गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको मान्न मिलेन । प्रस्तुत अवस्थामा पीडितलाई सुस्तमनस्थितिको भनी प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको ३क. नं. अनुसार थप ५ वर्ष कैद गरेको सो हदसम्मको सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद मात्र हुने र पीडितले प्रतिवादीबाट रू.२०,०००।– क्षतिपूर्तिसमेत भराइ लिन पाउने ठहऱ्याई उच्च अदालत विराटनगरबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिँदा उक्त फैसला उल्टी गर्ने प्रयोजनका लागि प्रतिवादीलाई झिकाइ पाउँ भनी पुनरावेदक/वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस बुँदासँग सहमत हुन नसकिने ।

उच्च अदालत विराटनगरबाट मिति २०७५।२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः सुमनप्रसाद कुशवाहा

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम्।**

## इजलास नं.९

### ५५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०८८३, जबरजस्ती करणी, नेपाल सरकार वि. रामकुमार तामाङसमेत*

मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(२) मा "दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म" कैद सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको छ। यसरी पीडितको उमेर ११ वर्ष कायम गरी जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गर्ने गरी भएको फैसला अन्यथा मान्नुपर्ने नदेखिने ।

प्रतिवादीहरूको उमेरको सम्बन्धमा निजहरू १६ वर्षभन्दा माथिको भएको हुनाले सोहीअनुरूप सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरउपर विचार गर्दा किटानी जाहेरी र निज प्रतिवादीहरूले गरेको अधिकारप्राप्त अधिकारीसमक्षको बयानअनुसार प्रतिवादी रामकुमार तामाङको उमेर १७ वर्ष र अर्का प्रतिवादी पञ्चय भन्ने सुवास तामाङको उमेर १६ वर्ष कायम गरी अभियोग दाबी लिइएको पाइन्छ । प्रतिवादी रामकुमार तामाङले पेस गरेको जन्म दर्ता प्रमाण पत्रमा निजको जन्म मिति २०५४।८।१५ उल्लेख भएको पाइन्छ। उक्त जन्म दर्ता प्रमाण पत्रको आधारमा वारदात मिति २०७०।४।३० मा निजको उमेर १५ वर्ष ८ महिना १५ दिन भएको देखिन्छ। त्यसैगरी अर्का प्रतिवादी पञ्चय भन्ने सुवास तामाङले पेस गरेको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्ममिति २०५४।९।४ उल्लेख भएको पाइन्छ जसअनुसार वारदात मिति २०७०।४।३० मा निजको उमेर १५ वर्ष ७ महिना २६ दिन भएको देखिन्छ। उमेर यकिन गर्दा जन्मदर्ता प्रमाणपत्र उपलब्ध भएको अवस्थामा उक्त प्रमाणपत्रलाई नै अधार लिनुपर्ने हुन्छ। यसरी जन्म दर्ता प्रमाणपत्रको आधारमा जन्ममिति यकिन गर्दा दुवै प्रतिवादीको उमेर १६ वर्षभन्दा मुनि नै रहेको देखिन्छ। यस्तो अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (३) बमोजिमको उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरेको मिलेकै देखिने।

अब सामूहिक रूपमा जबरजस्ती करणी गरेको हुनाले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ (क) नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा पीडितले मौकामा कागज गर्दा दुवै जनाले मलाई समाती तानी मकैबारीमा रहेको खनियाको रूखमुनि बारीको पाटोमा सुताई पहिला पञ्चय भन्ने सुवास तामाङले मेरो लुगा फुकाली आफ्नोसमेत लुगा फुकाली ममाथि चढी मेरो सु गर्नेमा आफ्नो सु गर्ने भित्र बाहिर गरेपछि म सिथिल भई पल्टिरहेको अवस्थामा सोही ठाउँमा रहेका रामकुमार तामाङ पनि आई मेरो सु गर्नेमा आफ्नो सु गर्ने भित्र बाहिर गरेको भनी लेखाइदिएको पाइन्छ। १० वर्षको कलिलो उमेरकी पीडित बालिकाले मौकामा कागज गर्दा एउटै वारदातमा पहिला सुवास तामाङले करणी गरेको र पछि सोही रामकुमार तामाङले करणी गेरको भनी लेखाइदिएको बेहोरालाई समर्थन गर्दै प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयानसमेत गरेको पाइने।

योनिमा नै जबरजस्ती करणी गर्दा सामान्यतया एकैपटक दुवैले लिङ्ग प्रवेश गराउने सम्भावना पनि नहुने अवस्थामा यसरी २ जना प्रतिवादीहरूले पीडितलाई एउटै वारदातमा पहिला एक जनाले र पछि अर्काले पालैपालो करणी गरेको अवस्थामा एकै समयमा करणी नगरेको भए तापनि निजहरूले गरेको कार्य एउटै शृङ्खलाअन्तर्गतको वारदात भएको देखिन्छ। तसर्थ, पीडितको बयान, यस अदालतबाट

प्रतिपादित नजिर एवम् कानूनी व्यवस्थाबाट वादी नेपाल सरकारको पुनरावेदन र सहन्यायाधिवक्ताको बहस जिकिर अनुसार सामूहिक करणी स्थापित हुने।

अतः सोह्र वर्षभित्रका प्रतिवादीहरू रामबहादुर तामाङ र पञ्चय भन्ने सुवास तामाङलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. र ३(२) नं. बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) अनुरूप जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम जनही ४-४ वर्षका दरले बालसुधार गृहमा पठाउने र प्रतिवादीहरूका अभिभावकबाट जनही रू. ५०/५० हजार रूपैयाँका दरले पीडितले क्षतिपूर्ति स्वरूप भराइपाउने ठहरी उच्च अदालत पाटनबाट भएको फैसला मिलेको देखिँदा सो हदसम्म सदर हुने ठहर्छ। अब सामूहिक जबरजस्ती करणीमा समेत सजाय गर्नुपर्ने पुनरावेदन जिकिरको सम्बन्धमा उच्च अदालत पाटनबाट सामूहिक जबरजस्ती करणी नमानिएको हदसम्म केही उल्टी भई पुनरावेदकको जिकिरबमोजिम सामूहिक जबरजस्ती करणीको कसुरसमेत कायम भएको हुँदा निज प्रतिवादीहरूलाई जबरजस्ती करणी महलको ३(क) तथा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिमको थप ५ वर्षको आधा सजाय गरी जनही २ वर्ष ६ थप कैद सजाय हुने।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी, श्रेया संजेल

कम्प्युटर: चन्द्राबती तिमल्सिना

**इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम्।**

५६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२४३, बन्दीप्रत्यक्षीकरण, विजय श्रेष्ठ वि. उच्च अदालत पाटनसमेत*

निवेदकलाई अवैध रक्तचन्दन ओसारपसार मुद्दामा १ वर्ष कैद र रू.९,६४,८००।– जरिवाना हुने ठहरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई १ वर्ष कैद र रू.२,४१,२००।– जरिवाना हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर उक्त अवैध रक्तचन्दन ओसारपसार मुद्दामा सहप्रतिवादी सिद्धिबहादुर कार्कीको पुनरावेदन परेकोमा सर्वोच्च अदालतबाट मिति २०७६।०१।०३ मा पुनरावेदन अदालत पाटनको फैसला सदर भई प्रस्तुत मुद्दा अन्तिम भएको देखिन्छ । निवेदक अवैध रक्तचन्दन ओसारपसारसम्बन्धी फौजदारी मुद्दामा फैसला कार्यान्वयनको सिलसिलामा थुनामा रहेकोले निजको थुनालाई गैरकानूनी भन्न सकिने अवस्था नदेखिने।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा पाउने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, सो कानूनी व्यवस्थालाई उल्लेखन गर्नु सान्दर्भिक देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार "कुनै कसुरमा अभियुक्तले पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसुरदारको उमेर, कसुरको गम्भीरता, कसुर गरेको तरिका, आचरणसमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्नेसमेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा सोबापत रकम लिई कैदबाट छाड्न आदेश दिनसक्ने छ" भनी उल्लेख गरिएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाबाट पहिलो पटकको कसुरदार र १ वर्ष वा सोभन्दा कम कैद सजाय भएको व्यक्तिबाट कैदबापत रकम लिई छोड्न उपयुक्त देखिए छोड्न सकिने नै देखियो। मुद्दामा रहेको कसुरको गाम्भीर्य, कसुरको प्रकृति, कसुरदारको आचरण आदि कुराहरू निवेदकले उक्त सुविधा प्राप्त गर्न सक्छ वा सक्दैन भन्ने निष्कर्षमा पुग्न उपयुक्त आधार हुने।

निवेदक विजय श्रेष्ठलाई अवैध रक्तचन्दन ओसारपसार मुद्दामा एक वर्ष कैद र रू.२,४१,२००।– जरिवाना भएकोमा उक्त जरिवाना रकम काभ्रेपलाञ्चोक जिल्ला अदालतको रसिद नं.६८ मिति २०७७।०९।२० मा नै बुझाइसकेको भन्ने मिसिलबाट देखिन्छ। कैदबापत रकम तिर्ने व्यवस्थाको सन्दर्भमा यी निवेदकले जरिवाना लागेको रकमसमेत अगावै तिरिसकेको अवस्था देखिन्छ । साथै यी निवेदक स्वयं अदालतमा उपस्थित भई कैदबापत जरिवाना बुझाउनका निमित्त निवेदन पेस गरी अदालतलाई फैसला कार्यान्वयनमा सहयोग पुऱ्याउने निजको असल मनसायसमेत रहेको देखिँदा सोलाई न्यायकर्ताले नजरअन्दाज गर्न नहुने।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात् गर्दै वैकल्पिक कारागार प्रणाली (Alternative Prison System) को व्यवस्था गरेको छ। हाल कोभिड-१९ को दोस्रो महामारी नेपालमासमेत देखिएको अवस्थामा थुनुवा कैदीको हकमा यस महामारीबाट संरक्षण गर्नका निमित्त वैकल्पिक सुधारको दण्डप्रणाली प्रयोग गर्नु युक्तिसङ्गत हुने देखिन्छ । कोभिड सङ्क्रमण दिनहुँ बढिरहेको र कारागारमा समेत क्षमताभन्दा बढी कैदी बन्दी रहेको भनी बहसको क्रममा उल्लेख भएको अवस्थामा कारागारमा रहेको थुनुवा/कैदीको अन्य नागरिकसरह जीवनको सुरक्षा, स्वास्थ्यको सुरक्षा तथा सङ्क्रमणको जोखिमबाट सुरक्षित राख्नुपर्ने दायित्व राज्यको हुने।

अतः निवेदकलाई निवेदन मागबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैदबापत रकम दाखिला गरी कैदमुक्त हुने सुविधा दिँदा उल्लिखित कानूनको मर्म तथा महामारीमा कैदीबन्दीलाई जोखिमताबाट संरक्षण गर्ने मान्यताअनुरूप हुने हुँदा उल्लिखित विषयहरू विचार नगरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७७।९।२२ मा भएको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७७।१०।२९ मा भएको आदेश कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । यी निवेदकको कैदको हकमा बाँकी रहेको १० महिना ९ दिनमध्ये निज पक्राउ परेको मिति २०७७।९।२१ देखि आजका मितिसम्म ३ महिना ५ दिन थुनामा रहेकोमा निजको बाँकी हुन आउने कैद ७ महिना ४ दिन रहेको देखिन्छ । निवेदकलाई लागेको कैदमध्ये बाँकी कैद अवधिबापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम एक दिनको रू.३००।– रूपैयाँका दरले हुन आउने रकम दाखिला गरे लिई ऐ. को उपदफा (२) बमोजिम कागज गराई थुनाबाट छाडिदिनु भनी काभ्रेपलाञ्चोक जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७७ साल चैत्र २६ गते रोज ५ शुभम्।**

**५७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-RC-००६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. डिलकुमारी भन्ने दिलकुमारी थारू*

धनबहादुर चौधरीले जबरजस्ती करणी गर्न खोज्दाको अवस्थामा यी प्रतिवादी डिलकुमारी भन्ने दिलकुमारी रजस्वला भएको र निजको इच्छा विरूद्ध मुखमा लिङ्ग पसाउन खोज्दा सिरानीमा रहेको टर्चले धनबहादुरको टाउकोमा प्रहार गर्दा पनि नछोडेपछि लिङ्ग टोकेको भन्ने प्रतिवादीको बयानबाट देखिन्छ। लिङ्ग टोक्दा धनबहादुर आफ्नो कोठामा गई खाटमा पल्टेको अवस्थामा यी प्रतिवादीले धनबहादुरको कोठामा गई सलले घाँटी थिचेकोले खाटबाट खसी मृत्यु भएको भन्ने अभियोगदाबी र यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट देखिन आयो ।

सतीत्व रक्षा गर्न निजी रक्षाको अधिकार प्रयोग गरेको भन्ने प्रतिवादीको जिकिरको सन्दर्भमा विचार गर्दा, प्रस्तुत मुद्दामा घटना घटेको दिनसमेत प्रतिवादीका सासू, ससुरा, दुई देवर र दुई छोरीहरू सँगै एउटै घरमा रहेको अवस्था छ। धनबहादुरले जबरजस्ती करणी गर्न खोज्दा प्रतिवादीले हारगुहार माग्ने, कराउने अवस्था रहेको छ सो गरेको छैन। टर्चलाइटको चोट र लिङ्ग टोक्दा घाइते अवस्थामा रन्थनिँदै धनबहादुर आफ्नो कोठामा गई सुतिरहेको अवस्थामा पछिबाट मात्र प्रतिवादीले सलको सहायताले धनबहादुरलाई निजकै कोठामा गई मारेको देखिँदा आत्मरक्षाको अधिकार प्रयोग गर्दा धनबहादुर चौधरीको मृत्यु भएको भन्ने अवस्था रहेको नदेखिँदा सतीत्व रक्षाका लागि निजी अधिकारको प्रयोग गर्दा मृत्यु' भएको भन्ने प्रतिवादीको जिकिर र प्रत्यर्थी झिकाउने गरी यस अदालतबाट मिति २०७७।३।१५ मा भएको आदेशसँग सहमत हुन सकिएन। निश्चय पनि इच्छा विरूद्ध जबरजस्ती करणी गर्न खोज्दा टर्चले हिर्काइ लिङ्ग टोकेपछि मृतक आफ्नो कोठामा गई पल्टिरहेको अवस्थामा रहेको तर निजभित्रको रिसको आवेगले कोठामा गई मार्न भनी सलले घाँटी बानी मारेको देखिने।

तसर्थ घटनास्थललगायत लास जाँच मुचुल्का, जाहेरी दरखास्त, बरामदी मुचुल्का, मौकामा बुझिएका मानिसहरूको कागज साक्षीहरूको बकपत्र र शव परीक्षण प्रतिवेदनसमेतका आधार प्रमाणसमेतबाट प्रतिवादी डिलकुमारी भन्ने दिलकुमारी थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू बाँके जिल्ला अदालतको मिति २०७३।११।११ को फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुल्सीपुर नेपालगन्ज इजलासको मिति २०७४।८।३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने हुने ठहर्छ। प्रतिवादी डिलकुमारी भन्ने दिलकुमारी थारूको हकमा सर्वस्वको सजायसमेत हुने ठहर गरेको बाँके जिल्ला अदालतको सो फैसलालाई सदर गर्ने उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला हाल प्रचलित अपराध संहिता, २०७४ को दफा ४० को उपदफा २ र फौजदारी कसुर (सजाय तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा भएको कानूनी व्यवस्थाबमोजिम कायम हुन नसक्ने भई निज प्रतिवादी डिलकुमारी भन्ने दिलकुमारी थारूको हकमा सर्वस्व हुने गरी ठहरेको लगत कट्टा हुने।

मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. को राय- घटनाको प्रकृति र घटनास्थल आफ्नै घर, घटना रातिको समयमा भएको, सासू, ससुरा, देवर घरमै रहेको र हार गुहार गर्दा अरूले थाहा पाउँछ भनी डरले हल्ला नगरेको लोग्ने विदेशमा रहेको अवस्थामा आफ्नै देवरले इच्छा विपरीत जबरजस्ती करणी गरेको र यसरी जबरजस्ती करणी गर्न खोज्दा रिस थाम्न नसकी आफ्नै कोठामा रहेको टर्चले हिर्काएको अवस्थामा पनि नछोड्दा रिसले लिङ्गमा टोकेको तथा नङले चिथोरेको भन्ने निज प्रतिवादीले अनुसन्धानको क्रममा र यस अदालतमा गरेको साबिती बयान, लास जाँच मुचुल्कासमेतबाट स्थापित भएको देखिन्छ। कोठामा सुतिरहेको धनबहादुरलाई पछि जबरजस्ती करणी गरेको रिस थाम्न नसकी सुतेको अवस्थामा सलले घाँटी थिचेको देखिन्छ। अर्कोतिर जाहेरवाला ससुरा स्वयम् मेरो छोराकै गल्ती हो, बुहारीले सजाय पाउनुपर्ने होइन भनी अदालतमा आई बकपत्रसमेत गरेबाट प्रतिवादी स्वयम् एक हदसम्म पीडितासमेत भएको, अवस्थामा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर भए तापनि जिल्ला अदालत तथा उच्च अदालतले समेत मुलुकी ऐन अ.वं. १८८ नं. बमोजिम ७(सात) वर्षको राय लगाएको र हाल निज प्रतिवादीले ४(चार) वर्ष ११(एघार) महिना र ८(आठ) दिन कैद

भुक्तान गरिसकेको देखिँदा सो ७(सात) वर्षको राय पनि चर्को देखिएकोले सोमा घटाई ५(पाँच) वर्ष कैद हुने।

इजलास अधिकृत: प्रेमप्रकाश थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।**

**५८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CR-१५०२, लिखित गाली बेइज्जती, त्रिलोचन चौधरी वि. मञ्जुकुमारी चौधरी*

पुनरावेदकले सुरू अदालतमा मञ्जुकुमारी चौधरीसमेतका उपरमा दिएको जारी र धनमाल मुद्दामा मञ्जुकुमारी र रामस्वप चौधरीका बिच विवाह गरेको भनी लेखाएको बेहोराले निजको बेइज्जती भयो भएन भन्ने सम्बन्धमा विचार गर्दा, गाली र बेइज्जती ऐन, २०१६ को दफा ३ मा "कसैले अरू कुनै व्यक्तिको इज्जतमा धक्का पुर्‍याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा सङ्केतले वा बुझिने गरी आकार चिह्नद्वारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको बेइज्जती गरेको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ भने सोही ऐनको दफा ४ मा दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको काम कुरा गर्नु बेइज्जती ठहर्दैन भनी दफा ४(९) मा "आफ्नो वा अरूको हितको रक्षाको लागि वा सर्वसाधारणको हितको लागि असल नियतले कसैको चरित्रमा दोष लगाउनु," भन्ने कानूनी व्यवस्था भएको देखिँदा यी पुनरावेदकले आफ्नो हक हितका लागि कानूनले प्रदान गरेको सारवान अधिकारको प्रचलन गराई न्यायिक उपचार प्राप्तिका लागि अदालतमा दायर गरेको उक्त जारी र धनमाल मुद्दामा उठान भएको विषयवस्तुले वादीको इज्जत, मानप्रतिष्ठामा आघात पुर्‍याउने नियतले लिखित गाली बेइज्जती गरेको भनी ठहर गर्न मिल्ने नदेखिने।

रामस्वरूप चौधरी र मञ्जुकुमारी चौधरीका बिच मिति २०६९।०१।०६ मा सामाजिक रूपमा विवाह भएको हो भनी गाउँ विकास समितिको कार्यालय, मलहनमा, सप्तरीबाट मिति २०७१।०४।१६ मा भई आएको सर्जमिन मुचुल्का बदर नभई यथास्थितिमा रहेको देखिन्छ। यस्तो अवस्थामा जारी धनमाल मुद्दाको विषयवस्तुसँग सम्बन्धित प्रमाण स्वरूप पुनरावेदक प्रतिवादीले सुरू अदालतसमक्ष पेस गरेको वादी मञ्जकुमारी र रामस्वरूप चौधरीका बिच मिति २०६९।०१।०६ मा विवाह हुने भनी छापेको निमन्त्रणा कार्ड प्रमाणको रूपमा प्रस्तुत गरेको प्रमाणलाई मात्र आधार मानी लिखित गाली बेइज्जती ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला कानूनसम्मत देखिएन। विवाहको कार्ड प्रतिवादीले छापी बाँडेको भन्ने तथ्य पनि स्थापित नभएको, वादीको विवाह भएको भनी स्थानीय निकायबाट गरिदिएको सर्जमिन मुचुल्कासँगै विवाह कार्ड प्रस्तुत गरेको देखिन्छ। प्रतिवादीले वादीको इज्जतमा धक्का लगाउनका लागि मात्र उक्त कागजातहरू पेस गरेको भन्ने नभई मुद्दामा उठाइएको विषयवस्तु स्थापित गर्नका लागि नै उक्त प्रमाण पेस गरेको देखिन्छ। यसरी मुद्दामा उठाइएको विषयवस्तु नै स्थापित गर्नको निमित्त पेस गरिएको प्रमाणलाई बनावटी वा नक्कली भनी स्थापितसमेत गर्न नसकेको अवस्थामा उक्त प्रमाणहरूलाई आधार मान्न सकिने देखिएन। यस्तो अवस्थामा लिखित गाली बेइज्जती ठहराउने गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला मिल्ने नदेखिने।

तसर्थ, पुनरावेदक प्रतिवादीलाई लिखित गाली बेइज्जती हुने ठहर गरी जरिवाना र क्षतिपूर्तिसमेत भराउने गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०४।२६ मा भएको

फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादीले वादी दाबीबाट फुर्सद पाउने।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम्।**

- यसै लगाउको ०७३-CR-१५०४, लिखित गाली बेइज्जती, त्रिलोचन चौधरी वि. रामस्वरूप चौधरी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WH-०१८२, बन्दीप्रत्यक्षीकरण, नारायण घर्तीमगरको हकमा प्रेमा कुमारी गिरी वि. काठमाडौं जिल्ला अदालत*

प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतसमेतले गरेको सजायको हदलाई दृष्टिगत गर्दा कैदतर्फको उपल्लो हद ९ (नौ) वर्ष कायम गरी मिति २०७३।०२।०२ मा काठमाडौं जिल्ला अदालतबाट कैदी पुर्जी जारी गरेतर्फ निवेदकको कुनै जिकिर नरहेको देखिँदा त्यसतर्फ थप विवेचना गरिरहनुपर्ने देखिएन। काठमाडौं जिल्ला अदालतले सोही कैदी पुर्जीमार्फत जरिवानाको हकमा साबिकमा रहेको कानून मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं. बमोजिम ४(चार) वर्ष कैद कायम गरेको देखिन्छ। जरिवानाको हकमा ४(चार) वर्ष कैद कायम गरी कैदी पुर्जी जारी गरेको हदसम्म मिले नमिलेको सम्बन्धमा उक्त कानूनी व्यवस्थाको रोहबाट हेर्दा, जरिवानातर्फ हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ मा जबरजस्ती चोरी कसुरको प्रावधान हटाइएको हुँदा काठमाडौं जिल्ला अदालतले स. फौ. ल. नं. ११२८ को जबरजस्ती चोरी मुद्दामा ठहर भएको जरिवानालाई बाहेक गर्नुपर्ने देखियो। सो जबरजस्ती चोरी मुद्दालाई बाहेक गरी जरिवाना ठहर भएका अन्य ३ तीन थान मुद्दामा जरिवानाको उपल्लो हदका आधारबाट समेत स.फौ.ल.नं.११२८ को डाँका मुद्दामा रू.१,४०,०००।- स.फौ.ल.नं.१९०९ को डाँका मुद्दामा रू. १,४०,०००।- र मि. नं. १ अवैध हातहतियार तथा खरखजाना मुद्दामा रू. ५०,०००।- समेत गरी जम्मा रू. ३,३०,०००।- हुने देखियो। सो जरिवानालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) बमोजिम प्रतिदिन रू. ३००।- का दरले कैदमा परिणत गर्दा निवेदकले ३ वर्ष ५ दिन कैदमा बस्नुपर्ने देखिन्छ। प्रतिवादीलाई लागेको कैद वर्ष ९ मिति २०६६।९।२० देखि २०७५।९।१९ मा कारागार कार्यालय, भिमफेदीमा बसी कैद भुक्तान भइसकी यी निवेदक निरन्तररूपमा मिति २०७५।९।१९ देखि आज आदेश मिति २०७८।१।५ सम्म २ वर्ष ३ महिना १६ दिन (७४६ दिन) बढी कैद बसेको देखिँदा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निजलाई कायम भएको जरिवाना रू.३,३०,०००।- मध्ये बढी बसेको दिनको प्रतिदिन रू.३००।- का दरले हुने रू. २,२३,८००।- कट्टा भई जरिवाना रू.१,०६,२००।- असुलउपर हुन बाँकी देखिन्छ। निवेदक प्रतिवादीलाई फैसलाले ठहर भएको कैद भुक्तान भइसके पनि बाँकी हुन आउने जरिवाना रकम रू.१,०६,२००।- निजले बुझाएको नदेखिँदा बाँकी जरिवानाबापत कैदमा बसेको अवस्थालाई गैरकानूनी रूपमा थुनामा राखेको भन्न मिल्ने देखिन आएन। त्यसकारण निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन। तथापि माथि विवेचना गरिएबमोजिम निवेदक नारायण घर्तीमगरलाई जरिवाना रू. ३,३०,०००।- बापत ३ वर्ष ५ दिन मात्र कैद ठेक्नुपर्नेमा ४(चार) वर्ष कैद कायम गरी जारी भएको कैदी पुर्जी कानूनसम्मत नदेखिँदा उक्त कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर हुने।

अब, काठमाडौं जिल्ला अदालतबाट जारी

भएको कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर भइसकेको अवस्था हुँदा निवेदक प्रतिवादी नारायण घर्तीमगरले बाँकी रहेको जरिवाना रकम दाखिला गरे कैद मुक्त हुनसक्ने अवस्था देखियो । तसर्थ, प्रतिवादी नारायण घर्तीमगरले बाँकी रहेको जरिवाना रकम दाखिला गरे निजको नाउँमा काठमाडौं जिल्ला अदालतमा रहेको जरिवानाको लगत एवम् लगतबमोजिम सो अदालतबाट जारी भएको कैदी पुर्जी संशोधन गरी कैद मुक्त गरिदिनु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत् २०७८ साल वैशाख ५ गते रोज १ शुभम् ।**

६०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-११३८, ०७४-CR-१४७४, लागु औषध (अफिम), निमबहादुर सिंहसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. कर्णबहादुर शाही ।*

प्रतिवादीहरू निमबहादुर सिंह र कुशबहादुर महतराको प्रस्तुत मुद्दामा संलग्नता रहेको छ, छैन भन्नेतर्फ विचार गर्दा, न्यू सिद्धार्थ गेष्टहाउसको कोठा नं. १०३ भित्रबाट चुक्कुल लगाई बन्द गरेको अवस्थामा उक्त कोठा खोल्न लगाई भित्र प्रवेश गरी हेर्दा प्रतिवादी निमबहादुर सिंह र कुशबहादुर महतरा खाटमाथि बसेका र निमबहादुर सिंहले समातेको कालो झोला चेक जाँच गर्दा उक्त झोलाभित्र ऊनले बुनेको झोलाभित्र लुकाई राखेको बाहिर कार्टुन टेपले लपेटी सेतो पोलिथिन भित्र अवैध लागु औषध (अफिम) १ किलो ४०० ग्राम बरामद भएको मिसिल संलग्न बरामदी मुचुल्कामा दुवै प्रतिवादीहरू रोहबरमा बसी सहीछापसमेत गरेको देखिन्छ । उक्त बरामद वस्तु लागु औषध (अफिम) भएको भनी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट पुष्टि भइरहेको देखियो । न्यू सिद्धार्थ गेष्टहाउसकी सञ्चालक सुनीता श्रेष्ठले यी प्रतिवादीहरू होटलको कोठा नं. १०३ मा चुक्कुल लगाई बसेको अवस्थामा प्रहरीले निजहरूलाई लागु औषध (अफिम) सहित पक्राउ गरेको हो भनी मौकामा कागज गरेको र निजले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरू लागु औषधसहित आफ्नो होटलमा पक्राउ परेका हुन् भनी लेखाइदिएको देखिन्छ । त्यस्तै घटनास्थलका विष्णु बुढाथोकीसमेतका मानिसहरूले प्रतिवादीबाट लागु औषध (अफिम) बरामद भएको हुँदा कानूनबमोजिम कारबाही हुनुपर्दछ भनी कागज गरिदिएको पाइयो । प्रतिवादीमध्येका निमबहादुर सिंहले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ भने प्रतिवादी कुशबहादुर महतराले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा घटनाक्रम सम्बन्धमा निमबहादुर सिंहको मिलानकै साबिती बयान गरेको देखियो । घटना घटाउने सम्बन्धमा प्रतिवादीहरूबिच मोबाइलबाट पटक पटक सम्पर्क भएको कुरा मिसिल संलग्न कल डिटेल्सबाट देखिएकोले प्रतिवादीहरूको उपर्युक्त बयान पुष्टि भइरहेको पाइन्छ । यी प्रतिवादीहरूले अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइए तापनि आफ्नो अदालतको भनाइलाई प्रमाणद्वारा पुष्टि गराउन सकेको भने पाइँदैन । लागु औषध मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्था लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा गरिएको पाइन्छ । दफा १२ को व्यवस्थाले सो ऐनको दफा ४ ले निषेधित गरिएका कार्य गरेको भन्ने देखिन आएमा निषेधित कार्य गरेको आरोपित व्यक्तिले बरामद भएको लागु औषध वा पदार्थ यो यति कारणले ऐनसम्मत तरिकाले राखेको भन्ने कुराको पुष्टि गर्ने कार्य वा प्रमाणको दायित्व त्यसरी निषेधित वस्तु राख्ने व्यक्तिमा नै रहने हुन्छ भन्ने व्यवस्था रहेको छ । सोबमोजिम निषेधित वस्तु कानूनबमोजिम आफूले राखेको भनी यी प्रतिवादीहरूले पुष्टि गर्न सकेको देखिँदैन । त्यसैले प्रतिवादीहरू निमबहादुर सिंह र

कुशबहादुर महतराले आरोपित कसुर गरेका होइनन् भनी मान्न मिल्ने नदेखिँदा यी प्रतिवादीहरूलाई कसुरदार ठहर गरी कैद र जरिवानाको सजाय गर्ने गरी सुरू जाजरकोट जिल्ला अदालतबाट मिति २०७३।८।२० मा भएको फैसलालाई सदर गरेको उच्च अदालत सुर्खेत इजलासबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादी टेकबीर बुढाको हकमा विचार गर्दा, निजलाई लागु औषध (नियन्त्रण) ऐन,२०३३ को दफा १७ अन्तर्गत मतियारको अभियोगमा दुई तहबाट कसुर ठहर भएको देखिन्छ । मतियारलाई सजाय गर्ने सम्बन्धमा रहेको कानूनी व्यवस्था हेर्दा, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा "यस ऐनअन्तर्गत सजाय हुने अपराध गर्ने, षड्यन्त्र गर्ने वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरुत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुने छ" भन्ने उल्लेख गरिएको छ । यी प्रतिवादीले अदालतसमक्ष उक्त अफिम बिक्री वितरण गर्ने तथा खरिद गर्ने परिपञ्च मिलाइदिएबापत खरिद गर्ने व्यक्तिले रू.५,०००।- दिन्छु भनेका थिए भनी अरोपित कसुरमा साबित भई बयान गरेको पाइन्छ । प्रतिवादी निमबहादुर सिंहले आफूसँग अफिम भएको कुरा बताएपछि चिनजानका साथी टेकबीर बुढालाई सोसम्बन्धमा फोनबाट जानकारी गराएको र मिति २०७३।३।३१ गते निजले मोबाइलमा फोन गरी ग्राहक आएको कुरा बताएपछि म र प्रतिवादी निमबहादुर सिंह अफिमको झोला बोकी मिति २०७३।४।१ गते टेकबीर बुढाको घरमा गयौं र नचिनेका ग्राहकले उक्त अफिमको रू.१,००,०००।- दिने सहमति गरेपछि जाजरकोट खलंगाको न्यू सिद्धार्थ गेष्टहाउसको कोठा नं. १०३ मा बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो भनी बरामद लागु औषध (अफिम) प्रतिवादी टेकबीर बुढाले नै बिक्री गर्नको लागि ग्राहकसँग सम्पर्क गराइदिएको हो भनी प्रतिवादी कुशबहादुर महतराले बयान गरेको पाइन्छ भने प्रतिवादी टेकबीर बुढाले प्रयोग गरेको मोवाइल नं. ९८०३०२७६९६ र प्रतिवादी कुशबहादुर महतराले प्रयोग गरेको मोवाइल नं. ९७४८१०५८२९ मा प्रतिवादीहरूबिच बयानमा उल्लेख गरेबमोजिम मिति २०७३।३।१९ गतेदेखि पटकपटक फोन सम्पर्क भएको कुरा मिसिल संलग्न कल डिटेल्सबाट पुष्टि भइरहेको देखिँदा निजबाट भएको लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को मतियारको कसुरको सम्बन्धमा सुरू जिल्ला अदालतबाट भएको ठहर निर्णय सदर गर्ने उच्च अदालत सुर्खेतको फैसला मिलेकै देखियो। सजायको हकमा यी प्रतिवादी टेकबीर बुढाले लागु औषध बिक्री वितरण गर्न आफ्नै घर होटलमा प्रतिवादीहरू निमबहादुर सिंह र कुशबहादुर महतरालाई ग्राहकसँग सम्पर्क गराइदिएको देखिन आएकोले प्रतिवादी टेकबीर बुढाले गरेको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अन्तर्गत मतियारको दाबी लिएबमोजिम सजाय तोकिँदा प्रतिवादी टेकबीर बुढाको हकमा १० वर्ष कैद र ८ लाख जरिवाना गरेको देखिन्छ । यसमा मूल कसुरदारलाई १६ वर्ष कैद र ८ लाख जरिवाना गरेकोसँग समानुपातिक रूपमा आधा सजाय गर्नुपर्नेमा सो नगरी १० वर्ष कैद र ८ लाख जरिवानाको हदसम्म केही उल्टी हुनुपर्ने देखियो । उपर्युक्तानुसार प्रस्तुत मुद्दामा यी प्रतिवादी टेकबीर बुढालाई मतियारको रूपमा सजाग गर्दा ऐ. ऐनको दफा १७ बमोजिम ८ वर्ष कैद र ४ लाख जरिवाना गर्नुपर्नेमा १० वर्ष कैद र ८ लाख जरिवाना गर्ने गरी भएको सुरू जाजरकोट जिल्ला अदालतको मिति २०७३।८।२० को फैसलालाई सदर गरेको उच्च अदालत सुर्खेतबाट मिति २०७४।९।१२ मा भएको फैसला सो हदसम्म केही उल्टी हुने ।

प्रतिवादी कर्णबहादुर शाही अनुसन्धानको क्रममा फरार रहेपनि अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको

देखियो। प्रतिवादीमध्येका निमबहादुर सिंहले बरामद भएको लागु औषध (अफिम) कर्णबहादुर शाहीले दिएको हो भनी अनुसन्धान अधिकारीसमक्ष पोल गरेको आधारमा मात्र यी प्रतिवादीउपर अभियोग लगाइएको पाइन्छ। त्यस्तो पोल अन्य प्रमाणद्वारा पुष्टि भएको देखिँदैन। यस सम्बन्धमा "अदालतसमक्ष इन्कार रहने प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष पोल गरेकै आधारमा कसुरदार ठहर गर्न मिल्दैन" भनी ने.का.प.२०६३, अङ्क ६, नि.नं. ७७१४, पृष्ठ ७५२ को लागु औषध मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। बरामद लागु औषध के कसरी कहाँबाट ल्याई विनापैसा यी प्रतिवादीले सहप्रतिवादीमध्येका निमबहादुर सिंहलाई दिएको हो, सो कुरा वादी पक्षबाट प्रमाणित गर्न सकेको पाइँदैन। यी प्रतिवादी जिल्ला हुलाक कार्यालयअन्तर्गत सर्मी इलाका हुलाक कार्यालयमा हुलाकी पदमा कार्यरत भई मिति २०६७।०२।०१ देखि २०७३।५।५ सम्म डोल्पा सुर्मीमा कार्यरत रहेको भन्ने जिल्ला हुलाक कार्यालयको मिति २०७३।७।३० को च.नं. ६६ को पत्र मिसिल संलग्न रहेको देखिएको। जबकी प्रतिवादी कर्णबहादुर शाहीले अफिमबारे आफूलाई केही थाहा नभएको र अफिम देखेको पनि छैन, साथै आफू घटना हुँदाका अवस्थामा इलाका हुलाक कार्यालय डोल्पामा रहेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिएको छ र निजको भनाइलाई निजका साक्षीहरूले समर्थन गरी बकपत्रसमेत गरेको छ। प्रतिवादी कर्णबहादुर शाहीको साथबाट लागु औषध बरामद भएको नदेखिएको र प्रतिवेदकहरूले यी प्रतिवादीउपर प्रतिवेदन जाहेरी दिन सकेको नदेखिनुका साथै कसुरमा यी प्रतिवादीको पनि संलग्नता थियो भनी प्रतिवेदक प्रहरीहरूले किटानीसाथ बकपत्र गर्न सकेकोसमेत नहुँदा यी प्रतिवादीउपरको अभियोगलाई वादीले प्रमाणित गर्न नसकेको अवस्थामा केवल प्रतिवादीमध्येका निमबहादुर सिंहले अनुसन्धानका क्रममा पोल गरेकै आधारमा लागु औषध अफिमको करोबार तथा बिक्री वितरणजस्तो गम्भीर प्रकृतिको अभियोगमा कसुरदार ठहर गर्नु न्यायोचित नहुने हुँदा यी प्रतिवादीलाई पनि अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र वादीका विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन। अतः प्रतिवादी कर्णबहादुर शाहीलाई आरोपित कसुरबाट सफाइ दिने गरेको सुरूको फैसला सदर गरेको उच्च अदालत सुर्खेतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

उल्लिखित तथ्य, प्रमाण, आधार र कारणहरूबाट समेत प्रतिवादीहरू निमबहादुर सिंह र कुशबहादुर महतरालाई लागु औषध(नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ) र (च) को कसुरमा ऐ. ऐन को दफा १४(१)(छ)(३) बमोजिम जनही १६ वर्ष कैद र रू. ८,००,०००।- (अक्षरूपी आठ लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी तथा प्रतिवादी कर्णबहादुर शाहीलाई सफाइ दिने गरेको सुरू जाजरकोट जिल्ला अदालतबाट मिति २०७३।८।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई उच्च अदालत सुर्खेतबाट मिति २०७४।९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। प्रतिवादी टेकबीर बुढालाई ऐ. ऐनको दफा १७ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १७ बमोजिम मतियारको मागदाबीमा १०(दश) वर्ष कैद र रू. ८,००,०००।- (आठ लाख रूपैयाँ) जरिवाना ठहर गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा ऐ. ऐनको दफा १७ बमोजिम मुख्य कसुरदारलाई ठहरेको सजायको आधी सजायले हुने ८ वर्ष कैद र ४ लाख जरिवाना हुने हुँदा केही उल्टी हुने।

इजलास अधिकृतः नारायणप्रसाद चापागाई
कम्प्युटर: चन्द्राबती तिमल्सेना

**इति संवत् २०७९ साल असार ३ गते रोज ६ शुभम्।**

६१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-CR-०२५६, लागु औषध स्पास्मो, कमलेश प्रसाद वर्मा (कोहार) वि. नेपाल सरकार*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २३ क मा "यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को खण्ड (क) को उपखण्ड (७) बमोजिम तोकिदिएको प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वीपक पदार्थ र तिनका लवणहरूका सम्बन्धमा औषधीसम्बन्धी ग्रन्थ (फर्माकोपिया) हरूमा तोकिएको नाम र परिमाणका टेबलेट, क्याप्सुल, इन्जेक्सन जस्ता फर्मास्युटिकल बनोटका औषधीको उत्पादन, बिक्री वितरण, निकासी पैठारी, सञ्चय र सेवन औषधी ऐन, २०३५ बमोजिम हुने छ । तर त्यस्तो लागु औषध र मनोदीपक पदार्थहरूका कच्चा पदार्थ (कोरा रसायन) हरूको उत्पादन, बिक्री वितरण, निकासी–पैठारी, सञ्चय र सेवनको सम्बन्धमा यसै ऐनबमोजिम हुने छ।" भनी उल्लेख गरिएको छ। प्रस्तुत मुद्दामा बरामदी मुचुल्कामा SPASMO PROXYVON लेखिएको ८३ क्याप्सुल बरामद भएको भन्ने उल्लेख भएको देखिन्छ । तसर्थ क्याप्सुल बिक्री वितरणको हकमा औषधी ऐन, २०३५ आकर्षित हुने।

त्यसैगरी नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय औषधी विभागले मिति २०७१।६।५ मा "औषधी ऐन, २०३५ को दफा ३३ को उपदफा २ बमोजिम लागु तथा विषालु औषधी बिक्रीवितरण गर्ने व्यक्तिले आफूले बिक्री वितरण गरेको लागु र विषालु औषधीको अभिलेख तोकिएको ढाँचामा राख्नुपर्ने छ ... निरीक्षणको क्रममा अब पनि त्यस्ता औषधीहरूको अभिलेख दुरूस्त राखेको नपाइएमा औषधी ऐनबमोजिम कारबाही हुने बेहोरा पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।" भनी प्रकाशित सूचनाबाट पनि प्रस्तुत मुद्दामा विना प्रेस्क्रिप्सन र तोकिएको ढाँचामा अभिलेख नराखेमा औषधी ऐन, २०३५ आकर्षित हुने।

श्री ५ को सरकार, गृह मन्त्रालयद्वारा मिति २०५१।२।२ मा भाग ३ को राजपत्रमा प्रकाशित गरेको सूचनामा "श्री ५ को सरकारले खण्ड ४४ संख्या ५ मिति २०५१।२।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा "प्रयुक्त लागु औषधी र मनोद्वीपक औषधीहरू भन्ने शब्दहरूको सट्टा क्रमशः लागु औषध र मनोद्वीपक पदार्थहरू भन्ने शब्दहरू राखी हेरफेर गरेको" भनी लागु औषधको सूचीमा DEXTROPROPOXYPHENE AND ITS SALTS लाई राखेको र हालसम्म उक्त सूचना यथावत् रहेको भन्ने वादीको जिकिर सम्बन्धमा विचार गर्दा, औषधी ऐन, २०३५ को दफा २३ (क) र नियमावलीको नियम १० अनुसारको अनुसूची ४ को समूह (क) उपसमूह (२) बाट समेत SPASMO PROXYVON लाई औषधीको वर्गीकरणमा समावेश गरेको अवस्थामा कानूनतः बिक्री वितरण गर्न पाउने औषधीलाई सूचनाको आधारमा फार्मेसीमा बेच्न राखिएको औषधीलाई लागु औषध मानी सजाय गर्नु कानूनविपरीत हुने देखिन्छ । SPASMO PROXYVON लागु औषध हो वा होइन र कुन प्रकृतिको लागु पदार्थ हो र कुन मात्राको लागु पदार्थ समातिएको पुष्टि गर्न तथा उक्त लागु पदार्थ प्रतिवादीको POSSESSION मा रहेको र बिक्री वितरण गरेको स्थापित गर्ने जिम्मेवारी अभियोग दाबीकर्ताकै हुने।

कतिपय बिरामीको उपचारको लागि औषधीमा ALCOHOL वा केही मात्रामा गाँजा जस्ता पदार्थसमेत आवश्यक मात्रामा समावेश गरी औषधीको रूपमा प्रयोगमा ल्याइएको परिप्रेक्ष्यमा SPASMO

PROXYVON लाई बेच्ने सूचीमा औषधीको रूपमा २०५१।२।२ को राजपत्रमा समावेश गरिएको तथा डाक्टरको प्रेस्क्रिप्सनबमोजिम बेच्न सकिने भनी उल्लेखसमेत गरिएको देखिन्छ । मात्राको हिसाबमा पनि ८३ क्याप्सुल जसमा अन्य अवयवहरू मिश्रित हुँदा अत्यन्त कम मात्रा नै हुने देखिन्छ । यस्तो अवस्थामा लागु पदार्थको लक्षणहरू देखिने औषधी बेचेको आधारमा औषधी पसल खोली औषधी बिक्री गर्ने व्यक्तिलाई लागु पदार्थ बिक्री वितरणमा कारबाही गर्न मिल्ने नदेखिने ।

उपर्युक्त आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी कमलेशप्रसाद बर्मा (कोहार) लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (झ) बमोजिम ३ वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।०८।०६ को फैसला मिलेको नदेखिँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: मतिना शाक्य, श्रेया संजेल

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ फाल्गुण २३ गते रोज ६ शुभम् ।**

**६२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१३३४, लागु औषध ब्राउन सुगरसमेत, किशोर भुषाल वि. नेपाल सरकार*

बरामदी मुचुल्काका प्रतिवेदक शम्भु कोइरालाले प्रतिवादी किशोर भुषाललाई पक्राउ गर्दा लठ्ठिएको जस्तो अवस्था र आँखा रातो भएको प्रतिवेदन, निजको साथबाट ६ ग्राम ६०० मिलीग्रामको परिमाणमा ब्राउन सुगर बरामद भएको भन्ने बरामदी मुचुल्का तथा मौकामा प्रतिवादी किशोर भुषालले बयान गर्दा सो बरामद लागु औषध भारतमा गई रू.५,६००।- मा खरिद गरी सेवन गर्न तथा बिक्री वितरण गरी मुनाफा आर्जन गर्न धनन्जय जि.सी. समेत भई ल्याएको हो भनी स.ज.१३ मा सेवन तथा बिक्री वितरण गर्ने कसुर स्वीकार गरेको अवस्थासमेत उल्लेख गरिदिएकोबाट प्रतिवादी सेवनकर्ता मात्र नभई बिक्री वितरण गर्ने कारोबारी सञ्चयकर्तासमेत रहेको तथ्य पुष्टि भइरहेको देखिएकोले अभियोग दाबीअनुरूप सजाय ठहर भएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने । तसर्थ पुनरावेदक प्रतिवादीको सञ्चय बिक्री वितरणमा पुनरावेदन जिकिर र मुद्दा दोहोऱ्याई हेर्ने, अनुमति प्रदान गरिदिएको मिति २०७५।०१।०२ मा यस अदालतबाट भएको आदेश तथा पुनरावेदक प्रतिवादीका कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने ।

अतः पुनरावेदक प्रतिवादीलाई लागु औषध कारोबार बिक्री वितरणतर्फ सुरू जिल्ला अदालतबाट मिति २०७३।४।२४ मा भएको फैसला सदर हुने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकुमार आचार्य

कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७७ असोज १५ गते रोज ५ मा शुभम् ।**

**६३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१५८६, कर्तव्य ज्यान, नेपाल सरकार वि. आशिष गुरूङसमेत*

प्रतिवादीहरूको बयान, घटना विवरण कागज गर्ने मानिसहरूको कागज बेहोरासमेतबाट प्रत्यर्थी / प्रतिवादी आशिष गुरूङ वारदातमा संलग्न रहे नरहेको कुरा स्पष्टरूपमा खुल्न आएको नदेखिए तापनि कसुर कायम भई सजाय पाएका प्रतिवादी कुमार पुनको बयान

बेहोरा, प्रत्यक्षदर्शी भनिएका सारा गुरूङ र सुरक्षा राणाले मौकामा गरिदिएको कागज बेहोरासमेतबाट प्रतिवादी आशिष गुरूङ वारदातमा उपस्थित रहेको देखिने।

आशिष गुरूङ र अन्य ४ जनाले मृतकलाई घेरा हालेर राखेको भन्ने प्रतिवादी कुमार पुनको बयान तथा घटनाका प्रत्यक्षदर्शीको भनाइबाट तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुर गरेको नभई ऐ. १७(२) नं. बमोजिमको कसुर गरेको देखिँदा प्रत्यर्थी / प्रतिवादीको उपस्थिति तथा निजले गरेको कार्यबाट तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. आकर्षित नभई ऐ.१७(२) नं. आकर्षित हुने।

प्रतिवादी आशिष गुरूङले मृतक जिवन गुरूङलाई मार्नमा घेरा दिने, बाटो गौंडा छेक्ने कार्य गरी प्रतिवादी कुमार पुनलाई संयोग पारिदिएको कुरा मिसिल संलग्न प्रमाणहरूबाट खुलिरहेको देखिन्छ । यस अवस्थामा निज प्रतिवादी आशिष गुरूङलाई सफाइ दिने गरेको सुरू कास्की जिल्ला अदालतको फैसला उच्च अदालत पोखराले केही उल्टी गरी तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिमको कसुर कायम गरी ५ वर्ष कैद हुनेमा निज कसुर गर्दाका बखत १४ वर्षको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा २ वर्ष ६ महिना कैद हुने ठहर गरेको फैसला मिलेकै देखिन आएकोले निजलाई अभियोग मागदाबीबमोजिम सजाय गरी पाउन प्रत्यर्थी झिकाइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अन्य प्रत्यर्थी/प्रतिवादीहरू संगम गुरूङ, अर्जुन परियार, सुरेन्द्र गुरूङ, राजकुमार गुरूङ र बिराट शेरचनलाई समेत अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, सुरू कास्की जिल्ला अदालतको फैसलाले कसुर कायम गरी सजाय ठहर भएका प्रतिवादी कुमार पुनले अदालतमा बयान गर्दा यी प्रत्यर्थी/ प्रतिवादीहरूलाई पोल नगरी मृतकलाई आफूले नै चक्कु प्रहार गरेको कुरामा साबित रहेका तथा निजले प्रत्यक्षदर्शी भनी उल्लेख गरेका प्रत्यक्षदर्शी सारा गुरूङ र सुरक्षा राणासमेतले अदालतमा बकपत्र गर्दा यी प्रत्यर्थी/प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मार्नमा अभियोग मागदाबीबमोजिमको सहयोग पुऱ्याएको भनी भन्नसकेको स्थिति नदेखिनुका साथै मिसिल संलग्न प्रमाणहरूबाट मृतक जिवन गुरूङलाई यी प्रत्यर्थी/ प्रतिवादीहरूले घेरा दिने, बाटो, गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिने कार्य गरेको पुष्टि हुन नसकेको स्थितिमा सुरू कास्की जिल्ला अदालतले निजहरूलाई सफाइ दिने गरी गरेको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला मिलेकै देखिन आएकोले निजहरूको हकमा समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउन प्रत्यर्थी झिकाइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू कास्की जिल्ला अदालतबाट यी प्रत्यर्थी/प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी मिति २०७२।११।०४ मा भएको कास्की जिल्ला अदालतको फैसला प्रत्यर्थी/प्रतिवादी आशिष गुरूङको हकमा केही उल्टी गरी निजलाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिमको कसुर कायम गरी ५ वर्ष कैद हुनेमा निज कसुर गर्दाका बखत १४ वर्षको नाबालक देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा २ वर्ष ६ महिना कैद हुने ठहर गरेको र अन्य प्रत्यर्थी/प्रतिवादीहरू संगम गुरूङ,

अर्जुन परियार, सुरेन्द्र गुरूङ राजकुमार गुरूङ र बिराट शेरचनका हकमा सफाइ दिने गरेको उच्च अदालत पोखराको मिति २०७४।०२।११ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटर: चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल मंसिर ४ गते रोज ४ शुभम्।**

**६४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RB-०१११, बैंकिङ कसुर, नेपाल सरकार वि. जानकी पन्थी*

प्रतिवादी जानकी पन्थीलाई ऋण प्रदान गर्ने सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.ले वित्तीय कारोबार गर्न स्वीकृति लिएको छ वा छैन भन्ने सन्दर्भमा, यसै मिसिल संलग्न रहेको नेपाल राष्ट्र बैंकको च.नं. १७४ मिति २०७६।१०।६ को पत्रमा सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.ले बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति र इजाजतपत्र प्राप्त गरेको छैन भनी उल्लेख भएको देखिन्छ । उक्त सुमरान इन्भेष्टमेन्ट प्रा.लि.को प्रबन्धपत्रको उद्देश्य खण्ड दफा ५(घ) मा "कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिन सक्ने छ" भनी उल्लेख गरिएको छ। यसबाट पनि उक्त कम्पनीले ऋण कर्जा लिन सक्ने तर ऋण प्रवाह भने गर्न नसक्ने अवस्था देखिन्छ । यसरी व्यावसायिक रूपमा ऋण प्रवाह र वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति वा इजाजत नलिएको उक्त कम्पनीबाट प्रतिवादीले ऋण लिएको अवस्थामा प्रतिवादीको उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको बैंकिङ कसुरको परिभाषाभित्र पर्छ भन्न मिल्ने अवस्थासमेत नदेखिने।

जहाँसम्म कम्पनीको उपाध्यक्षका नाममा चेक भए पनि सो चेकको रकम कम्पनीको भएकोले कम्पनीको तर्फबाट कम्पनीको अध्यक्षले जाहेरी दिएको हो भन्ने पुनरावेदन जिकिर सम्बन्धमा, सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.सँग कर्जा लिएकोमा प्रतिवादी जानकी पन्थीले निजको नामको राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी शाखाको चेक कम्पनीका नाममा नभई कम्पनीका उपाध्यक्ष भेषराज पौडेलको नाममा काटिदिएको र उक्त चेक बाउन्स भई कम्पनीको तर्फबाट कम्पनीका अध्यक्ष हरिबहादुर क्षेत्रीले जाहेरी दिएको देखिन्छ। प्रतिवादीको बयान तथा जाहेरवाला र घटना विवरणका मानिसको बकपत्रसमेतलाई हेर्दा, यी प्रतिवादी जानकी पन्थीले सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.बाट ऋण लिएको प्रस्ट छ । यधपी अभियोग मागदाबीबमोजिम बैकिङ कसुर अन्तर्गतको कारबाही चलाउनका लागि उक्त कम्पनीसँग ऋण प्रवाह गर्ने इजाजतपत्र हुनुपर्नेमा सो नभएको स्थितिमा प्रतिवादीविरूद्ध जसले जाहेरी दिएको भए तापनि बैकिङ कसुरमा कारबाही गर्न मिल्ने नदेखिने।

कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने फौजदारी कानूनको मान्य सिद्धान्त हो। यसरी कानूनभन्दा बाहिर गई इजाजतपत्रबिना जाहेरवाला कम्पनीले कर्जा प्रवाह गरेको अवस्थामा सो कार्यको परिणामको जिम्मेवार पनि स्वयं कम्पनी नै हुन्छ । प्रस्तुत मुद्दामा ऋण कर्जाको तमसुक लिखत कागजका आधारमा नालेस परेको होइन । कम्पनी एक कानूनी व्यक्ति भएकाले बैंकिङ कारोबार गर्न अनुमति प्राप्त भएको अवस्थामा कम्पनीबाट लिएको कर्जा फिर्ता गर्न कम्पनीकै नाममा चेक काट्न सकिने अवस्था रहने नै थियो । प्रस्तुत मुद्दामा जाहेरवाला कम्पनीले प्रतिवादीलाई दिएको कर्जा प्राप्त गर्नका लागि प्रचलित कानूनबमोजिम साधिकार अदालतमा ऐनका म्यादभित्र नालेस गर्न सक्ने नै हुँदा त्यस सम्बन्धमा केही बोलिरहनु नपर्ने।

अत: जाहेरवाला सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. सँग कर्जा लिने अधिकार भए तापनि कर्जा प्रवाह गर्ने इजाजतपत्र नभएको अवस्थामा प्रतिवादी जानकी पन्थीले गरेको कार्यलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अन्तर्गतको कसुर मान्न मिल्ने देखिएन । जाहेरवाला सुमरान इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.ले कानूनबमोजिमको आफ्नो लिनुपर्ने बाँकी रकम साधिकार अदालतमा गई नालेस गरेका बखत ठहरेबमोजिम लिन सक्ने नै हुनाले प्रतिवादी जानकी पन्थीउपर प्रस्तुत मुद्दाको अभियोग दाबी पुग्न नसक्ने हुँदा आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७६।११।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

**इति संवत २०७८ साल असार २२ गते रोज ३ शुभम्।**

**इजलास नं.१०**

**६५**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-०२२७, संरक्षित वन्यजन्तु ध्वाँसे चितुवाको आखेटोपहार ओसार पसार बिक्री वितरण, नेपाल सरकार वि. भिमबहादुर तामाङ*

प्रतिवादी सवारी चालक भिमबहादुर तामाङको आरोपित कसुरमा संलग्नता थियो भनी कसुरदार ठहर भएका प्रतिवादी इतबहादुर घलेले उक्त कसुरमा निजको कुनै संलग्नता नभएको र सबै जिम्मेवारी आफ्नै हो भनी उल्लेख गरेको पाइन्छ । प्रतिवादीले चलाएको सवारी साधन निजको नभई महेन्द्र पौडेलको भएको गाडी धनी महेन्द्र पौडेलकै मौकाको कागजबाट देखिन्छ। यी प्रतिवादी भिमबहादुर तामाङले साहुको गाडी भाडामा चलाएको र यात्रुको रूपमा सहप्रतिवादीहरूसँग रू. ८,०००।- भाडा तय गरी यात्रु लिई काठमाडौंबाट रिजर्भमा मुग्लिनतर्फ गएको देखिन आयो। प्रस्तुत मुद्दामा यी प्रतिवादीले चलाएको जिपबाट अवैध आखेटोपहार बरामद भए तापनि जिप भाडामा चलाएको भन्ने यी प्रतिवादीको कथन, जिपको मालिकको भनाइ र सहप्रतिवादी इतबहादुर घलेको बयानसमेतबाट पुष्टि र समर्थित भएको देखिन आउँछ। यसरी निश्चित भाडा लिने सर्तमा लगेजसहितका इतबहादुर घलेलाई आफ्नो गाडीमा राखी निश्चित गन्तव्यमा पुऱ्याउने कार्यलाई कसुर अपराध ठानी यी प्रतिवादीलाई आपराधिक दायित्व बहन गराउन मिल्ने देखिँदैन । यी प्रतिवादीको इन्कारी बयान बेहोरालाई अन्य स्वतन्त्र विश्वसनीय प्रमाणबाट अन्यथा हो भनी अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा केवल निजले चलाएको भाडाको गाडीमा यात्रा गरेका अन्य प्रतिवादीको सँगसाथ रहेको सुटकेसबाट अवैध आखेटोपहार बरामद भएकै आधारमा उक्त कसुरमा यी प्रतिवादी भिमबहादुर तामाङको पनि संलग्नता थियो भनी केवल शंका, अनुमान र अपुष्ट प्रमाणको भरमा कसुरदार कायम गरी सजाय गर्नु र भाडामा यात्रु बोकी हिँड्ने सवारी साधन जफत गर्नु तर्कसङ्गत र न्यायोचित नहुने।

अपराधको दसीको बारेमा प्रतिवादीबिच कुनै गठजोड, सल्लाह र जानकारी भएको भन्ने तथ्यको अभावमा कसैलाई पनि कसुरदार कायम गर्नु, फौजदारी न्यायको मर्म विपरीत हुन जान्छ । प्रतिवादीले बोकेको सुटकेसभित्र दशीको रूपमा बरामद भएको आखेटोपहार छ भन्ने तथ्य गाडी मालिक र यी प्रतिवादी ड्राइभर भीमबहादुर तामाङलाई समेत अर्को प्रतिवादी इतबहादुर घलेले भनेर र जानकारी दिएर प्रतिवादीले इतबहादुर घलेलाई गाडीमा लगेको

देखिँदैन । प्रतिवादी भीमबहादुर तामाङलाई प्रतिवादी इतबहादुर घलेले साथमा लगेको सुटकेशभित्र अवैध आखेटोपहार छ भन्ने कुराको जानकारी प्रतिवादी इतबहादुर घलेले अगावै दिएको भन्ने तथ्य कतैबाट पुष्टि हुन सकेको छैन । यसरी नै त्यससम्बन्धी तथ्यबारे प्रतिवादी भीमबहादुर तामाङलाई अन्य कसैले भनेको र अन्य स्रोतबाट निजलाई जानकारी भएको अवस्थासमेत देखिँदैन । प्रतिवादी भीमबहादुर तामाङलाई दसीसम्बन्धी तथ्यको बारेमा कुनै पनि जानकारी भएको तथ्य पुष्टि नभएसम्म निजलाई कसुरदार कायम गर्न न्यायोचित हुने नदेखिने ।

फौजदारी मुद्दामा प्रमाणको भार पूर्णतः अभियोजन पक्षमा रहेको हुन्छ । शङ्कारहित तवरले आरोपीले मनसायसहित आपराधिक कार्य गरेको पुष्टि गर्ने दायित्व अभियोजन पक्षमा रहेको हुन्छ । यदि प्रमाणहरू शंकास्पद छन् भने शंकाको सुविधा अभियुक्तमा जान्छ । प्रस्तुत मुद्दामा अभियोजन पक्षले शंकारहित तवरले यी प्रतिवादी सवारी चालक भिमबहादुर तामाङको उक्त कसुरमा संलग्नता थियो भनी स्वतन्त्र वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादी भिमबहादुर तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला मनासिब नै देखिँदा प्रतिवादी भिमबहादुर तामाङलाई अभियोग दाबीबमोजिम नै साजय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र पुनरावेदनलाई समर्थन गर्दै विद्वान उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भिमबहादुर तामाङलाई आरोपित कसुरबाट सफाइ दिई सवारी साधनसमेत जफत नहुने ठहर गरी अर्का प्रतिवादी इतबहादुर घलेलाई अभियोग दाबीबमोजिम कसुरदार कायम गरेको हदसम्म सुरू अदालतको फैसला सदर हुने ठहऱ्याई प्रतिवादी इतबहादुर घलेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम ६(छ) वर्ष कैद र रू. ५,५०,०००।– जरिवानासमेत गर्ने गरी भएको सुरू फैसला आंशिक बदर गरी सोही ऐनको दफा २६(१) बमोजिम प्रतिवादी इतबहादुर घलेलाई तजबीजी ६(छ) वर्ष कैद गरी जरिवाना नलाग्ने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७६।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : माधव भण्डारी र सदिक्षा नेपाल

कम्प्युटर: प्रेमबहादुर थापा

**इति संवत् २०७७ साल पुस १५ गते रोज ४ मा शुभम् ।**

**६६**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CI-१२४७, हक कायम, मु.स. गर्ने क्यामुना शाही वि. राजकुमार बाँडे ।*

दाबीको जग्गामा वादीले घर कम्पाउन्ड बनाएर भोग चलन गर्दै आएको तथ्य प्रतिवादी स्वयंसमेत रोहबरमा बसी भएको नक्सा मुचुल्काबाटसमेत देखिइरहेको साथै प्रतिवादीले आफूले सुरूमा नै दाबी गरेभन्दा धेरै बढी जग्गा पटकपटक दर्ता गरी लगिसकेको देखिँदा दाबीको कि.नं. २७३ र २७५ को जग्गामा पनि यी प्रतिवादीका नाउँमा नै दर्ता हक कायम हुने र वादीको दाबी नपुग्ने गरी साबिकको पुनरावेदन अदालत पाटनबाट मिति २०७०।७।२४ मा भएको फैसला मिलेको देखिन नआउने ।

दाबीको जग्गाको पृष्ठभूमि, प्रकृति अवस्था र क्षेत्रफलको बारेमा हेर्दा फिरादमा कि.नं. २७३ मध्येको क्षेत्रफल १४-८-०-० नदी उकास भएको र कि.नं. २७५ को क्षेत्रफल १-८-०-० को घर जग्गा भनी दाबी लिइएको छ । उक्त जग्गा काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिअन्तर्गत सिनामंगल

जग्गा एकीकरण योजनाभित्र परेको देखिन्छ। उक्त जग्गा हाल काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालयद्वारा सञ्चालित सिनामंगल जग्गा एकीकरण आयोजनाका नाममा जग्गा प्राप्ति (अधिग्रहण) भएको भन्ने रहेको छ । काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौंको पत्रमा मालपोत कार्यालय, डिल्लीबजारको स्रेस्तामा जग्गाधनी महलमा नाम थाहा नभएको तथा मोही महलमा खाली राखी अप्रमाणित एवम् दर्ता बाँकी कैफियत जनिएको भनी उल्लेख गरिएको छ । । उक्त जग्गा साबिकको कि.नं. २५६ र २५० अन्तर्गतको रहेकोमा विवाद रहेन । उक्त कि.नं. जग्गामध्येबाट नै प्रतिवादीका पिता अष्टवीर बाँडे र प्रतिवादी राजकुमार बाँडेले आफ्नो साबिक लगतभित्रको भनी दर्ता गरी लगिसकेको र सोही जग्गालाई वादी शेरबहादुर शाहीले आफूले साबिकमा भक्तपुर जिल्ला अदालतबाट मिति २०००।८।३।५ को फैसलाले जिती पाएको साबिकको काठमाडौंतर्फको मनोहरा रोपनी २५ मध्ये १६।।।९।।३ रैकर जग्गा हो भनी दाबी गरेबाट व्यक्तिको श्रोतभित्रको उक्त जग्गा सिनामङ्गल जग्गा एकीकरण आयोजनाले प्राप्ति (अधिग्रहण) गरे पनि सो प्राप्तिको प्रक्रियाको कुनै पनि कागजातहरू काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौंबाट प्राप्त फायलबाट पेस हुन सकेको देखिँदैन। उक्त साबिक कि.नं. २५६ र २५० र सोबाट कित्ताकाट भएको दाबीको कि.नं. २७३ र २७५ को जग्गा नदी उकासको जग्गा रहेको र सो जग्गा व्यक्तिको स्रोतभित्रको जग्गा रहेको भनी मालपोत कार्यालय, डिल्लीबजार स्वयंले स्वीकार गरी साबिक दर्तावाला व्यक्ति भनी दर्ता गर्दै आएको देखिन्छ । व्यक्तिको स्रोतभित्रको नदी उकासको जग्गा सूचना प्रकाशित नगरी ऐन कानूनले तोकेका जग्गा प्राप्तीसम्बन्धी कुनै पनि कानूनी प्रक्रियाहरू पूरा नगरी कुनै पनि निकायले जग्गा प्राप्ति र अधिग्रहण गरेको कार्यलाई कानूनी रूपमा मान्यता दिन मिल्दैन। उक्त जग्गामध्येको बाँकी जग्गा उक्त आयोजनाले विभिन्न प्लटमा विभाजन गरी राखेको देखिन्छ । काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौंको च.नं. १०५० मिति २०७०।२।३० र च.नं. ९०५ मिति २०७७।१२।२३ को पत्र हेर्दा उक्त आयोजनाबाट साबिक कि.नं. २७३ बापत हाल VI ब्लकको प्लट नं. GI नगर ३५ सिट नं. १०२-११४८-२० को कि.नं. १५० क्षेत्रफल ८५२.१९ वर्गमिटर तथा साबिक कि.नं. २७५ बापत हाल ब्लकको प्लट नं. A४ नगर ३५ सिट नं. १०२-११४८-२५ कि.नं. २० को क्षेत्रफल २२८.३८१ वर्गमिटर भएका विकसित घडेरी (प्लट) हरू आयोजनाका नाममा प्लट रजिस्टर कायम भएको अवस्था रहे पनि त्यस सम्बन्धमा मालपोत कार्यालय र उक्त आयुक्तको कार्यालयबाट कुनै निर्णय भएको स्थिति देखिँदैन । उक्त जग्गा उक्त आयोजनाले प्राप्त (अधिग्रहण) गरी विकासित घडेरी (प्लट) हरूको रूपमा आयोजनाको नाममा प्लट रजिस्टर कायम गरे पनि उक्त जग्गा व्यक्तिको स्रोतसहित दाबीको नदी उकासभित्रको जग्गा रहेको र सोलाई कुनै कानूनी प्रक्रियाहरू पनि पूरा गरेर प्राप्त गरेको नदेखिएबाट आयोजनाले उक्त जग्गाको सम्बन्धमा अहिलेसम्म गरेका काम कारबाहीले कानूनी आधारमा कुनै मान्यता प्राप्त गर्न नसक्ने हुँदा दाबीको साबिकको कि.नं. २७३ को हालको कि.नं. १५० को क्षेत्रफल ८५२.१९ वर्गमिटर र साबिकको कि.नं. २७५ को हालको कि.नं. २० को क्षेत्रफल २२८.३८१ वर्गमिटरको क्षेत्रफलको जग्गामा यी पुनरावेदक/वादी शेरबहादुर शाहीको हक कायम हुने देखिन आएको।

तसर्थ, पुनरावेदन अदालत पाटनबाट मिति २०७०/७/२४ मा भएको फैसला मिलेको नदेखिँदा

उल्टी भई कि.नं.२७३ र कि.नं.२७५ को जग्गामा प्रथमतः पुनरावेदक शेरबहादुर शाहीको हक कायम हुने ठहर्छ । पुनरावेदक शेरबहादुर शाहीको मिति २०७१/९/२१ मा मृत्यु भई निजको पत्नी झानु शाहीले मुद्दा सकार गरेकोमा निजको समेत मिति २०७८/४/२४ मा मृत्यु भएको र झानु शाहीले निजको सम्पूर्ण चल अचल सम्पत्ति आफ्नो शेषपछि छोरी क्यामुना शाहीले एकलौटी रूपमा खान पाउने गरी मिति २०७१/११/१२/३ मा र.नं. २८१९(ख) को पारित शेषपछिको बकसपत्र (अष्टलोहसहित) को लिखतबाट हक छाडिदिएको र सोही लिखतको आधारमा झान शाहीको मृत्युपछि प्रस्तुत मुद्दा क्यामुना शाहीले मिति २०७८।५।१० मा निवेदन दिई सकार गरेको हुँदा उक्त कि.नं. २७३ र कि.नं. २७५ को माथि प्रकरण ३४ मा उल्लिखित परिवर्तित कि.नं. १५० र २० जग्गामा मु.स. गर्ने क्यामुना शाहीको हक कायम हुने ।

इजलास अधिकृत : मनोज बराल

**इति संवत् २०७८ साल असोज १५ गते रोज ६ शुभम् ।**

- यसै लगाउको ०७०-CI-१०३३, हक कायम, मु.स गर्ने क्यामुना शाही वि. राजकुमार बाँडे भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं.१२

६७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०२९४, बन्दीप्रत्यक्षीकरण, नन्दलाल गोपाली वि. केन्द्रीय कारागार व्यवस्थापन विभाग, कालिकास्थानसमेत*

नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको वा अन्य कुनै कानूनी हकको प्रचलनका लागि अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न सक्ने ।

रिट निवेदकले ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बमोजिम सुविधा पाउँ भनी कारागार व्यवस्थापन विभाग र कारागार कार्यालयमा निवेदन दिएकोमा कारागार कार्यालय र प्रमुख जिल्ला अधिकारीबाट कैद कट्टाको लागि सिफारिस गरी पठाएको भन्ने बेहोरा लिखित जवाफबाट उल्लेख भएको अवस्था हुँदा ती सिफारिसहरूमा आवश्यक कारबाही भई प्रचलित कानूनबमोजिम निर्णय हुने नै भएकाले हाल निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

निकायबाट पठाएको सिफारिसका सम्बन्धमा यी रिट निवेदकलाई कैद कट्टाको सुविधा दिने सम्बन्धमा साधिकार निकायबाट कुनै निर्णय भएको भए सो निर्णय र निर्णय नभएको भए आदेश प्राप्त भएको मितिले यस सम्बन्धमा एक महिनाभित्र आवश्यक निर्णय गरी निवेदक तथा यस अदालतलाई जानकारी दिनु भनी विपक्षीहरूका नाममा उपयुक्त आदेश जारी हुने ।

इजलास अधिकृत (उपसचिव): शिवबहादुर थापा

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम् ।**

## इजलास नं.१३

**६८**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-CR-०४२६, कर्तव्य*

*ज्यान, पेमनुरू शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबिच सामान्य झैझगडा र सामान्य कुटपिट हुने गरेकोबाहेक यी प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने मिसिलबाट खुल्न आउँदैन । निजहरूबिच दूष्चरित्रलगायत कुनै गम्भीर आरोप प्रत्यारोप लगाउने गरेको भन्ने प्रतिवादीको बयान, भनाइ एवम् निजहरूकै छोरालगायत बुझिएका मानिसहरूको मौकाको कागज एवम् अदालतमा भएको बकपत्र भनाइसमेतबाट देखिन आउँदैन । लोग्नेस्वास्नीबिच वादविवाद हुँदा यी प्रतिवादीले मृतकलाई सामान्य रूपमा लात्तीले प्रहार गरेको भन्ने देखिएको छ । लात्तीको प्रहार गम्भीर थियो भन्ने मृतकको लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट उजागर हुँदैन । वारदात हुँदाका अवस्थामा मृतक कलेजोको रोगले ग्रसित भई कमजोर अवस्थाकी भएको भन्ने तथ्य मृतकको लास जाँच प्रतिवेदन गर्ने चिकित्सकले मृत्युको कारण (Cause of Death) मा Liver Disease हुनसक्ने र मृतकको कलेजो ठुलो (Enlarged), पहेँलो (Yellowish) र कडा भएको भन्नेसमेत उल्लेख भएको मृतकको शव परीक्षण प्रतिवेदनले उजागर गरेको छ । किनकि निज मृतकको शव परीक्षण प्रतिवेदन (Postmortem Report) मा मृत्युको कारण (Cause of Death) Most probably liver Disease भन्ने उल्लेख भएको छ । मृतकको लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट मृतकको शरीरमा भित्र वा बाहिर कुनै गम्भीर चोट परेको भन्ने उल्लेख भएको नदेखिएबाट प्रतिवादीले प्रहार गरेकै कारण मृतकको मृत्यु भएको रहेछ भनी मान्नु न्यायको दृष्टिले उचित हुने नदेखिने ।

प्रस्तुत मुद्दामा मृतकलाई मार्ने यी प्रतिवादीको मनसाय (Mens Rea) थियो, थिएन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने भई त्यसतर्फ हेर्दा मृतकलाई मार्नेसम्मको मनसाय तत्त्वको अभाव रहेको देखिएको, मृतकको शरीरमा कुटपिटका लक्षण नदेखिएको, मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी रहेको भन्ने मिसिलबाट खुल्न नआएकोसमेतबाट पुनरावेदक प्रतिवादीमा मृतकलाई मार्ने मनसाय (Mens Rea) को अभाव रहेको देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादीलाई कसुरदार कायम गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिमको सजायको मागदाबी कानून एवम् तथ्यसम्मत नदेखिँदा सो अभियोग दाबीको आधारमा पुनरावेदक प्रतिवादी पेमनुरू शेर्पालाई कसुरदार कायम गरी सजाय गर्ने गरेको भोजपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत धनकुटाको फैसला कानूनसम्मत रहेको देखिन नआउने ।

आरोपित कसुरबाट सफाइ पाउँ भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम निजले कसुरबाट पूर्णतः मुक्ति पाउने हुन् होइनन् ? भनी हेर्दा माथि विवेचना भएअनुसार मृतकको मृत्युको जरिया निज प्रतिवादीको कुटपिट रहेको देखिएको छ । माथि नै उल्लेख भएअनुसार यी प्रतिवादी मृतकका लोग्ने नाताका देखिएका छन् । निज प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिएको छैन । यी प्रतिवादीको बयान भनाइअनुसार मृतक रक्सी सेवन गर्ने आदतकी रहेकी भन्ने देखिएको छ । सो कुरा मृतकको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको छ । निज मृतकलाई प्रतिवादीले लात्तीले हान्दा मृतक लड्न पुगेकी भन्ने चश्मदिद गवाह (प्रत्यक्षदर्शी) प्रतिवादी र मृतककै छोरा छिरिङ शेर्पाको भनाइबाट देखिएको र उपचारको लागि ३ दिनपछि अस्पताल लैजाँदै गर्दा निजको मृत्यु भएको देखिन आएको छ । यसरी मृतक कलेजोको रोगले ग्रसित भई कमजोर अवस्थामा देखिन्छन् । मृतकको शरीरमा बाह्य तथा भित्री कुनै

चोटपटक देखिएको छैन । मृतकको मृत्युको कारण कलेजोको रोग भन्ने उल्लेख भएको र चिकित्सकको सो रायमा कुनै टिप्पणी भएको नदेखिएको अवस्था हुँदा कलेजोको रोगको कारण कमजोर शारीरिक अवस्थामा रहेकी मृतकलाई यी प्रतिवादीले लात्तीले प्रहार गरेपछि थला परी निज पुनरावेदक प्रतिवादीको कुटपिटकै जरियाबाट मृतकको मृत्यु भएको देखिने।

प्रतिवादीले छोडेको लात्तीको चोटको जरियाबाट मृतकको मृत्यु भएको देखिए पनि मृतकलाई मार्ने उद्देश्यले प्रहार नगरेको तथ्य मृतकको पोष्टमार्टम रिपोर्ट, मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र तथा चश्मदिद गवाह मृतक तथा प्रतिवादीको छोरा छिरिङ शेर्पाको बकपत्रबाट देखिन आएबाट कलेजोको रोगले ग्रसित भई कमजोर अवस्थाकी मृतकलाई होस नपुऱ्याई रक्सी सेवन गरी मातेको सुरमा मृतकलाई लात्तीले प्रहार गरेको जरियाबाट मृतकको मृत्यु भएको देखिन आउने।

पुनरावेदक प्रतिवादी पेमनुरू शेर्पाले मृतक आफ्नी श्रीमती आङछिमी शेर्पालाई छोराछोरीको ख्याल नगरेकोसमेत भनी लात्तीले हानेको चोटले बिरामी भई प्रतिवादीको सोही चोटको कारण मृतक थला परी उपचारको लागि अस्पताल ल्याउँदै गर्दा मृतकको मृत्यु भएको देखिन आए तापनि मृतकलाई मार्ने मनसायले प्रहार गरेको भन्ने घटना अवस्थाले नदेखिएको, कुनै जोखिमी हतियारले प्रहार गरेको भन्ने नदेखिएको, श्रीमान् श्रीमती नाताका यी प्रतिवादी र मृतकबिच ज्यान मार्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी रहेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट नदेखिएको, प्रतिवादीले प्रहार गरेको कारण मृतकको शरीरको भित्री भागमा यो प्रकारको गम्भीर असर पुगेको भन्ने मृतकको शव परीक्षण प्रतिवेदनबाट नदेखिएको, प्रतिवादीको प्रहारबाट मृतकको शरीरको बाह्य तथा भित्री भागमा चोट पुगेको भन्ने देखिन नआएको, आफूले छोडेको सामान्य चोटबाट मृतकको मृत्यु होला भन्ने परिणामको पूर्वज्ञान (Foresightment of Consequence) कोसमेत ख्याल नगरी गरेको कार्यको दुष्परिणामस्वरूप मृतकको मृत्यु भएको देखिन आएको हुँदा प्रस्तुत वारदातमा उपर्युक्त कानूनी प्रावधान अनुसार भवितव्य परी मृतकको मृत्यु भएको रहेछ भनी मान्नुपर्ने देखिन आउने।

कलेजोको रोगको कारण शारीरिक रूपमा कमजोर रहेकी मृतक आङछिमी शेर्पालाई पुनरावेदक प्रतिवादी पेमनुरू शेर्पाले होस नपुऱ्याई हेलचेक्राइँ गरी प्रहार गरेका कारण भवितव्य परी मृतकको मृत्यु हुनगएको देखिएकोले प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको नदेखिने ।

अतः शारीरिक रूपमा कमजोर रहेकी मृतकलाई होस नपुऱ्याई हेलचेक्र्याइँ गरी प्रहार गरेको कारण भवितव्य परी मृतकको मृत्यु हुन गएको देखिएकोले प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू भोजपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत धनकुटाको मिति २०७३।२।२७ को फैसला मिलेको नदेखिएकोले केही उल्टी भई यी पुनरावेदक प्रतिवादी पेमनुरू शेर्पालाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा सोही महलको ६(२) नं. बमोजिम २ (दुई) वर्ष कैद हुने ठहर्छ। आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी पेमनुरू शेर्पाको पुनरावेदन जिकिर पुग्न

नसक्ने।

इजलास अधिकृत: ध्रुवबहादुर कुँवर

कम्प्युटर: समी नेपाली

**इति संवत् २०७८ साल असार २३ गते रोज ४ शुभम्।**

## ६९

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CR-१८५४, वैदेशिक रोजगार कसुर, आरती गिरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी आरती गिरीले वैदेशिक रोजगारीको लागि छ महिनाभित्र इजरायल पठाइदिने र पठाउन नसके वैदेशिक रोजगार ऐन, २०६४ अनुसार कारबाही गर्नु भनी जाहेरवाला गीता श्रेष्ठबाट रू.१,५५,०००।- (एक लाख पचपन्न हजार रूपैयाँ) र पदमसुन्दरी श्रेष्ठबाट रू.३,३०,०००।- (तीन लाख तीसहजार रूपैयाँ) रकम लिई मिति २०६८।८।२८ मा छुट्टाछुट्टै वैदेशिक रोजगारसम्बन्धी कागज गरिदिएको मिसिलबाट देखिन्छ । लिखतका साक्षीहरू सपना प्रधान र कृष्णलाल श्रेष्ठले जाहेरवालाको बेहोरालाई समर्थित हुने गरी बकपत्र गरिदिएको पाइन्छ। प्रतिवादी आरती गिरीले अनुसन्धान अधिकारी तथा वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दा पूर्वपति कृष्णलाल श्रेष्ठको तर्फबाटकी छोरी बिरामी छन् भनी पूर्व पतिका सहोदर दिदी र भाउजू जाहेरवाला गिता श्रेष्ठ र पदमसुन्दरी श्रेष्ठले आफूलाई बोलाई ट्याक्सीमा लगी लेखेर ल्याएको कागजमा जबरजस्ती सहीछाप गराएको हो, जाहेरवालाहरूबाट वैदेशिक रोजगारमा पठाउनको लागि कुनै रकम लिएको छैन भनी बयान गरेको भए पनि जाहेरवालाहरूले जबरजस्तीका रीतले गराएको भनिएको उक्त लिखतलाई प्रतिवादीले साधिकार निकायबाट बदर गराउन नसकेको र बदर गराउनको लागि कानूनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाएको भन्न सकेको देखिँदैन। साधिकार निकायबाट उक्त लिखत बदर बातिल नभएसम्म सोको अस्तित्व कायमै रहने भएकोले उक्त लिखतलाई अन्यथा भन्न मिलेन । प्रतिवादीको साक्षी फूलमाया बराइलीले प्रतिवादी आरती गिरी छोरीलाई भेट्न जाँदा मानिसहरू लगाई वैदेशिक रोजगारको कागजमा सहीछाप लगाएको भन्ने कुरा सुनी थाहा पाएको भनी बकपत्र गरेको देखिन्छ। प्रत्यक्ष प्रमाणको रूपमा रहेको प्रतिवादीले लिखत गरिदिएको देख्ने लिखतका साक्षीहरूको भनाइबाट यी प्रतिवादीले अभियोग कसुर गरेको कुरा पुष्टि भइरहेको अवस्थामा घटनाको बारेमा सुनी थाहा पाउने प्रतिवादीको साक्षीको भनाइको प्रमाणिक महत्त्व रहने देखिँदैन । दाबीबमोजिमको आरोपित कसुरमा प्रतिवादी इन्कार रहन पाउने कानूनी हक भए पनि सो कसुरबाट उन्मुक्ति पाउन आफ्नो इन्कारी बयानलाई पुष्टि हुने वस्तुनिष्ठ प्रमाण दिन सक्नुपर्छ। प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार कसुरमा इन्कार हुने प्रतिवादीले सो इन्कारीलाई खम्बिर रूपमा पुष्टि गर्ने दायित्व पनि निज प्रतिवादीकै हुन आउँछ। तर प्रस्तुत मुद्दामा प्रतिवादी आरती गिरीले आफ्नो इन्कारी बयान पुष्टि हुने किसिमको वस्तुनिष्ठ र भरपर्दो प्रमाण पेस गर्न सकेको देखिँदैन। विश्वसनीय प्रमाणको अभावमा गरेको इन्कारी बयानकै आधारमा मात्र प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउन सक्ने अवस्था रहँदैन। सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट यी पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीको कसुरमा सजाय गरी जाहेरवालाहरूको बिगो र हर्जानासमेत प्रतिवादीबाट भराइदिने गरी भएको फैसला अन्यथा नदेखिँदा सो फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीउपर परेको किटानी जाहेरी तथा सो जाहेरीलाई समर्थित हुने गरी

भएको जाहेरवालाहरूको बकपत्र, प्रतिवादीले जाहेरवालाहरूबाट रकम लिई गरिदिएको वैदेशिक रोजगारसम्बन्धी लिखत, सो लिखतमा साक्षी बसेका व्यक्तिहरूको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि भएको देखिँदा यी पुनरावेदक प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ.दफा ४३ बमोजिम एक वर्ष ६ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना गरी जाहेरवाला पदमसुन्दरी श्रेष्ठको बिगो रू.३,३०,०००।- (तीन लाख तिस हजार रूपैयाँ) र सो ५०% ले हुने हर्जाना रू.१,६५,०००।- (एक लाख पैंसट्ठी हजार रूपैयाँ) समेत जम्मा रू.४,९५,००० ।- (चार लाख पञ्चानब्बे हजार रूपैयाँ) तथा अर्का जाहेरवाला गीता श्रेष्ठको बिगो रू.१,५५,०००।- (एक लाख पचपन्न हजार रूपैयाँ) र सोको पचास प्रतिशतले हुने हर्जाना रू.७७,५००।- (सतहत्तर हजार पाँच सय रूपैयाँ) समेत जम्मा रू.२,३२,५००।- (दुई लाख बत्तिस हजार पाँच सय रूपैयाँ) प्रतिवादी आरती गिरीबाट भराइपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।३।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक/प्रतिवादी आरती श्रेष्ठको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

**इति संवत् २०७८ साल असोज ६ गते रोज ४ शुभम् ।**